अङ्क १६, मंसिर २०७४ (December 2017)

# ओसारपसार

## एटविनको अर्ध-वार्षिक प्रकाशन







## जिल्लामा मानव बेचबिखनको अवस्था

# एटविन गतिविधिका झलकहरू




"मानव बेचबिखन विरुद्ध एटविनको २० वर्ष" लोकार्पण समारोह




पुस्तक लोकार्पण समारोहमा मानव बेचबिखन विरुद्धको अभियानमा योगदान गरेका सम्मानित व्यक्तित्वहरू



"मानव बेचबिखन विरुद्ध एटविनको २० वर्ष" लोकार्पण समारोह



विभिन्न जिल्लाका संचारकर्मीहरूसँग मानव बेचबिखन विरुद्ध अभिमुखिकरण कार्यक्रम



महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका सचिव विष्णु प्रसाद लम्साललाई ज्ञापन पत्र बुझाउँदै



एटविन सदस्य संस्थाहरूलाई मानव बेचबिखन विरुद्धको प्रशिक्षक प्रशिक्षण (TOT)



मानव बेचबिखन तथा बालबालिकाको व्यवसायिक यौन शोषण विरुद्ध संचारकर्मीसँग अर्न्तक्रिया




मानव बेचबिखन विरुद्धको एघारौं राष्ट्रिय दिवस, २०७४

# ओसारपसार

एटविनको अर्ध-वार्षिक प्रकाशन

अंक १६ मंसिर २०७४ (December 2017)

**सल्लाहकार**
अन्जना शाक्य

**सम्पादक मण्डल**
विमला ज्ञवाली
अनिल अधिकारी
सोम कुमार राई
शान्ता खनाल
बेनु माया गुरूङ

**संयोजक**
करूणा महर्जन
सावित्री जैसी

**व्यवस्थापक**
रूपा शर्मा

**आवरण/ले-आउट**
सचिन महर्जन

**मुद्रण**
द क्रिएशन, ललितपुर
९८५११४२२०९

**यस बुलेटिनमा प्रकाशित लेखहरू लेखकका निजी विचारहरू हुन् ।**

## विषयसूची

- **अध्यक्षको कलमबाट**

**लेख**
- मानव बेचबिखन तथ्याङ्क घट्यो, समस्या घटेन ! - *विदुर आचार्य* ३
- बाँकेको जमुनाह : मानव बेचबिखन र तस्करीको मुख्य नाका - *बसन्त गौतम* ५
- मानव बेचबिखनको बदलिंदो स्वरूप - *ओमप्रकाश गिरी* ८
- बेरोजगारीसँग जोडिएको मानव ओसारपसार - *मोतीराम तिमल्सिना* १३

**कविता**
- बेचबिखनको अन्त्य गरौं ! - *युवराज गिरी* १५
- जागौं सबैजना ! - *सबिना लम्साल* १५

**अन्तर्वार्ता**
- मनोरञ्जन क्षेत्रमा खोइ कहाँ छ मानव अधिकार ! - *तारा भण्डारी* १६

**लेख**
- संरक्षण र चुनौती : महिला तथा बालबालिका - *शान्ता खनाल* १९
- मकवानपुरमा मानव बेचबिखनको अवस्था - *कुमारी वाइवा* २२
- बेचबिखनको जोखिममा धादिङ जिल्ला - *उषा विक* २५

**कविता**
- सचेत बनौं ! २६

**ऐन दस्तावेज**
- "मुलुकी अपराध (संहिता) ऐन, २०७४" २७

**एटविन गतिविधि**
- महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह नेपाल (एटविन) संक्षिप्त प्रगति प्रतिवेदन ३०

**सदस्य संस्था परिचय**
- महिला पुनर्स्थापना केन्द्र (ओरेक) ३७
- महिला आत्म-निर्भरता केन्द्र (मान्क) ३८

**संचारमा एटविन** ३९

**समाचारमा बेचबिखन** ४०

**प्रकाशक:**

AATWIN

**महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह, नेपाल (एटविन)**

पो.ब.नं. : २४९६०
फोन नं. ४२२९७८७, ४२२०४७८, फ्याक्स नं. : ४२२९७८७
इमेल: aatwin@ntc.net.np, वेबसाइट : www.aatwin.org.np

**प्रकाशन सहयोगी:**

THE FREEDOM FUND

GENEVA GLOBAL
PERFORMANCE PHILANTHROPY



# अध्यक्षको कलमबाट

## आन्तरिक र बाह्य बेचबिखनको रोकथाममा सहकार्य गरौं !

नेपालका ग्रामीण भेगबाट जीविकोपार्जन र जीवनस्तर सुधार्ने सपना बोकी, रोजगारीको अवसर र सुन्दर भविष्यको कल्पना मनमा साँची राजधानीलगायत ठूला शहरहरूबाट महिला, बालबालिका तथा पुरुषहरू ठूलो संख्यामा आउने क्रम रोकिएको छैन झन् दिन प्रतिदिन बढ्दै छ। शहर गएर कहाँ बस्ने, के खाने, के गर्ने, कहाँ जाने, कस्तो काम गर्ने टुंगो छैन। सोधखोजै नगरी जो कोहीले भनेकै भर परी शहर पस्ने प्रवृत्तिका कारण बालबालिका, महिला र युवा पुरुषहरू बेचबिखन र ओसारपसारको उच्च जोखिममा रहेको कतिपय अध्ययन् अनुसन्धानले छलङ्ग्र्याएको छ। सहजै विश्वास गर्ने प्रवृत्ति नै बालबालिका, महिला तथा युवा पुरुषहरू आन्तरिक बेचबिखनको जोखिममा पर्ने प्रमुख कारण हो यद्यपी अन्य विभिन्न कारणहरूले त्यसलाई सघाएको भनेछ। त्यस्तो जोखिम अन्तत्वगोत्वा असुरक्षित स्थानागमन वा बाह्य बेचबिखनको प्रमुख कारण बन्न पुग्छ।

मनोरञ्जन क्षेत्र आन्तरिक बेचबिखन र ओसारपसारको एउटा गन्तव्य बन्न थालेको छ र यो बाह्य बेचबिखनको 'ट्रान्जिट' को रुपमा विकास भइरहेको क्षेत्र पनि हो। मनोरञ्जन क्षेत्र आफैमा नराम्रो भने होइन। एटविन र मनोरञ्जन क्षेत्रमा क्रियाशील यसका केही सदस्य संस्थाहरूको उद्देश्य भनेको यस क्षेत्रलाई कसरी मर्यादित र व्यवस्थित बनाउने भन्ने हो। साथै, कार्य क्षेत्रमा हुने बाल श्रम तथा बालबालिकाहरूको यौन शोषण निषेध, श्रमिक महिलाहरूको मर्यादा, स्वाभिमानलाई जीवित राख्दै कसरी उनीहरूको श्रम र मानव अधिकारको संरक्षण गर्ने, उचित पारिश्रमिक, नियुक्तिपत्र, रोजगारीको सुनिश्चितता, क्षतिपूर्तिको व्यवस्था कसरी गर्ने भन्ने चासो पनि एटविनको हो।

हाल भएको एउटै मात्र सरकारी दस्तावेज 'श्रमजीवि महिलाहरूप्रति डान्स रेस्टुरेण्ट, डान्सबार जस्ता कार्यस्थलमा हुने यौन उत्पिडन नियन्त्रण गर्न जारी गरिएको निर्देशिका, २०६५' ले मनोरञ्जन क्षेत्रलाई व्यवस्थित गर्न व्यवसाय दर्ता, सञ्चालन, गर्न हुने र नहुने कार्य, दण्ड जरिवानाको व्यवस्था गरेको भएता पनि यस क्षेत्रको मुद्दा हेर्ने एउटा छुट्टै कानुनको निर्माण नभए सम्म न्यायिक हक प्राप्ति फितलो नै हुने निश्चित छ। विद्यमान मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा आन्तरिक बेचबिखन विरुद्धको विषयवस्तु र राज्यको सङ्घीय संरचना अनुसारको परिमार्जन आवश्यक रहेको छ। अतः सरोकारवाला श्रमिक, मानव अधिकारवादी संघसंस्थाहरू, एटविन र सदस्य संस्थाहरू सम्बद्ध ऐनको अविलम्ब निर्माण होस् भनने अपिल गर्दछु।

अन्त्यमा, यो पुस्तक तयार गर्ने कममा लेख, रचनाहरु उपलब्ध गराई सहयोग गरीदिनुहुने लेखकहरुलाई हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु। यसैगरी आर्थिक सहयोग गर्नुहुने विकास साझेदार संस्था फ्रीडम फण्ड, प्रकाशन समितिका सदस्य साथीहरुलाई पनि धन्यवाद प्रकट गर्न चाहन्छु। एटविनका कर्मचारीहरूले पुर्याउनु भएको सहयोगको उच्च मूल्याङ्कन गर्दै हार्दिक धन्यवाद ज्ञापन गर्दछु। मानव बेचबिखन जस्तो जघन्य अपराधको न्युनिकरणका लागि एटविन निरन्तर लागि पर्नेछ र यसले गरेका अभियानहरुमा सधै झै सबै सरोकारवालाहरूको निरन्तर सहयोग र समन्वय रहिरहने छ भन्ने पुर्ण विश्वास गर्दछु।

*अन्जना शाक्य*
*अध्यक्ष*
*एटविन*

# मानव बेचबिखन
# तथ्याङ्क घट्यो, समस्या घटेन !



विदुर आचार्य

सिन्धुपाल्चोक जिल्ला महिला हिंसा र मानव बेचबिखनको सवाल अत्यन्तै बढी भएको जिल्ला भनेर चिनिन्छ। यद्यपि पछिल्ला तीन वर्षमा विभिन्न सरोकारवाला निकायहरूको सक्रियतामा यस्ता घटनाहरुमा उल्लेख्य कमी आएको तथ्याङ्कले देखाँउदछ। कतिपय महिला अधिकारकर्मीहरूले घटना दर्तामा मात्र कमी आएको तर तथ्याङ्क अनुरुप बेचबिखन र हिंसाका घटनामा कमी नआएको पनि आवाज उठाउदै आएका छन् । महिलाका सवालमा महिला तथा बालबालिका कार्यालय, केही महिला अधिकारकर्मी, दर्जन हाराहारीमा रहेका गैह्र सरकारी निकायहरूले आवाज उठाउने गरेको पाइन्छ । यो सँगै नेपाल प्रहरीको 'प्रहरी मेरो साथी' अभियानले पीडितहरूलाई प्रहरीसम्म पुग्न समेत सहज बनाइदिएको छ ।

जिल्लामा महिला माथि हुने हिंसाका घटना प्रहरी कार्यालयमा घटना दर्ता भएपछि मात्र बाहिर आउने गर्दछ । यसर्थ प्रहरीमा घटना आएपछि मात्र संचारकर्मीहरुलाई जानकारी हुन्छ। महिलाहरूले गरेका कतिपय उदाहरणीय कामहरूलाई संञ्चारकर्मीहरूले खोज्ने, लेख्ने तथा प्रशारण गर्ने गरेका अभ्यास तर महिला हिंसा र मानव बेचबिखनका घटनाहरू भने उजुरी दर्ता भएपछि मात्र समाचारका विषय बन्छन् । तसर्थ तथ्याङ्कमा बेचबिखनमा कमी आएको हो ।

बितेको दुई दशकमा बेचबिखनको घटनाहरू जिल्लामा उलेख्य रह्यो । एक दशकको तथ्याङ्कले २८ वटा बेचबिखनका घटनाहरू जिल्लामा घटेको देखिन्छ । दर्ता भएका सबै मुद्दाहरू फैसला समेत भयो । जिल्लाका तत्कालिन न्यायधीस अनन्तराज डुम्रेको इजलासले चेलीबेटी बेचबिखनमा दोषी ठहरिएका बजिरसिंह तामाङलाई १ सय ७० वर्ष जेल सजाय र ९ लाख रुपैयाँ क्षतिपुर्ति फैसला सुनाएपछि बेचबिखनको घटनामा निकै कमी आएको पाइएको छ ।

जिल्लामा बेचबिखनका घटना बिक्रम सम्बत २००० देखि नै दर्ता भएको अभिलेख छ । मुद्दाको मिसिल अनुसार प्रतिवादी कुसुम कुमारीलाई 'आइमाई' बेचेको अभियोग लगाइएको थियो । सो मुद्दा वि. सं २००० कै भदौ महिनामा फैसला भएको उल्लेख छ । तर सजायँ के भयो भन्ने उल्लेख गरिएको मिसिल भने बुझिने छैन । बेचबिखनको इतिहाँस लामो भए पनि ५० र ६० को दशकमा वढी मुद्दाहरू दर्ता भएका छन् र ६० को दशकमा फैसला बढी भएको छ । तर २०३० साल यता हरेक वर्ष बेचबिखनको मुद्दा दर्ता हुँदै आएकोमा ०७२ मा मुद्दा दर्ता शून्यमा रहेको छ । यो अवस्था जिल्लाको लागि गौरबको विषय हो । दश वर्षको जिल्ला अदालतको तथ्याङ्क हेर्दा आर्थिक वर्ष ०६४/०६५ मा १ मुद्दा दाखिला गरिएको छ । यसको दुई वर्षमा थप ५ मुद्दाहरू थपिएका छन् । आर्थिक वर्ष ०७०/०७१ मा ७ वटा मुद्दाहरू फैसला भयो भने बाँकि २ मुद्दाहरू ०७१/०७२ मा फैसला भएको छ । यसपछि बेचबिखनको कुनैपनि मुद्दा दर्ता भएको छैन ।

तथ्याङ्कले बेचबिखन शून्य वताए तापनि जिल्लामा यसको अवशेष बाँकि रहेको केही महिला अधिकारकर्मीको भनाई छ । तथ्याङ्कमा मानव बेचबिखनको घटना शून्य नभई स्वरूप र शैलीमा मात्र परिवर्तन आएको कतिपयको बुझाई छ । पहिले भारतका विभिन्न स्थानमा नेपाली महिलाहरूको बेचबिखन हुन्थ्यो भने अहिले वैदेशिक रोजगारीको नाममा बेचिने गरेको अधिकारकर्मीहरूको तर्क छ । नेपालका सीमा नाकाहरूबाट सिन्धुपाल्चोकका चेलीहरु फर्काइएका थुप्रै समाचारहरू आउने गरेका छन् तर ती चेलीहरू सीमाबाट फर्किएपछि कहाँ र कसरी बस्छन् त्यसको जानकारी कमै मात्र हुन्छ भने ललाई फकाई सीमा पार गराउन खोज्नेहरूको पहिचान समेत भएको पाइदैन । वैदेशिक रोजगारीका क्रममा हुने ठगी, एउटा काम भनी अर्को काममा पठाउने, तेस्रो मुलुक पुऱ्याउने लगायतका समस्याले भने जिल्लालाई थप गाँजेको छ। पहिले नेपाली चेलीहरू भारतमा बेचिन्थे भने अहिने विभिन्न खाडी मुलुकहरूमा विभिन्न समस्याहरू भोग्न वाध्य बनाइएका छन् । जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक रविद्र के.सी. का अनुसार कतिपय पीडितहरूले स्वदेश फिर्ता भै सकेपछि उजुरी गर्छन् भने कतिपय पीडितहरुको विदेश पठाउने एजेन्ट आफन्त भएकै कारण न उजुरी गर्छन् न त क्षतिपूर्तिको दाबी नै गर्छन् ।

गरिबी, अशिक्षा, चेतना स्तर कम हुनु नै बेचबिखनको प्रमुख कारणहरू मानिन्छ । यो सँगै सामाजिक विभेद, कुरिती, बेरोजगारी पनि यसका कारण हुन् । वैदेशिक रोजगारीको नाममा नेपाली महिलाहरू यौन व्यवसाय, यौन शोषण, जोखिमपूर्ण घरेलु श्रम, कम ज्यालामा काम गर्नुपर्ने अवस्थामा रहेको तथ्याङ्क सुरक्षित आप्रवासन परियोजनाको छ । यो सँगै कम ज्यालामा होटल तथा रेस्टुराहरूमा श्रमिक बनाइएका, क्याबिन, डान्सबार र लागु औषध ओसार प्रसारमा समेत संलग्न गराइएको छ। यस्ता अनेकन समस्यामा रहेका महिलाहरूको यकिन तथ्याङ्कहरू पाउन मुस्किल छ ।

बेचबिखनको घटनाहरूमा उल्लेख्य कमी आएको भने पक्कै मान्न सकिन्छ । तर समस्या निराकरण भएको भने छैन । यसरी जरो गाडेर बसेको हाम्रो समाजको विकृतीलाई उखेलेर फाल्नु हामी सबैको जिम्मेवारी हो। बेचबिखनको समस्या निराकरणमा नेपाल सरकारका सबै सुरक्षा निकाय, संञ्चारकर्मी, मानव अधिकारकर्मी, सामाजिक संघसंस्थाहरूको ठूलो भूमिका छ । पहिलो त समाजमा रहेका कुरीति र कुसंगतिहरूलाई अन्त्य गर्नु जरुरी छ । समाजमा व्याप्त कुप्रथाहरू र छुवाछुत पनि समाज विकासका वाधक तत्वहरू हुन् । लैङ्गिक विभेद, महिलालाई शिक्षाको अवसरमा बञ्चित गराइनु र देखासिकी गर्नुले पनि समस्या बढाउन मद्दत पुऱ्याइरहेको छ । कानुनको कार्यान्वयन, सहज र समान शिक्षाको पहुँच वृद्धि, रोजगारीको वृद्धि र ग्रामिण समुदायका विपन्न महिलाहरुको न्यायमा पहुँच अभिवृद्धिले पनि महिलाहरूको वर्तमान अवस्थामा ब्यापक सुधार आउने निश्चित छ ।

**प्रयासः**

चेलीबेटी बेचबिखन विरुद्धको अभियान लिएर जिल्लामा दुई दशक अगाडि महिला आत्मनिर्भता केन्द्रको जन्म भएको पाइन्छ। सुरुको दशकमा यो संस्थासँगै अन्य गैह्र सरकारी संस्थाहरुको भूमिका निकै प्रभावकारी रह्यो । महिला विकास कार्यालयको अगुवाइमा 'हामी सक्छौं' अभियान अन्तर्गत महिला हिंसा न्यूनीकरण, भूमिमा महिलाको स्वामित्व र विशेष गरी चेलीबेटी बेचबिखन रोक्न विशेष भूमिका निभाएको प्रशस्त उदाहरणहरू समेत छन् । सचेतना अभियानमा निकै ठूलो सफलता मानिएको यो अभियानका अभियन्ता यी दुई संस्थासँगै जिल्लामा शक्ति समूह, निशुल्क कानुनी सहायता केन्द्र, पौरखी नेपाल, संञ्चारिका समूह लगायतले सञ्चालन गर्दै आइरहेको सचेतना तथा कानुनी सहायता कार्यक्रमले पनि जिल्लामा बेचबिखनका घटनाहरूलाई न्यूनीकरणमा ठूलो सहयोग मिलेको देखिन्छ । पछिल्लो समय सुरक्षित आप्रवासन परियोजनाले सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा केही मत्वपूर्ण कामको सुरुवात गरेको छ। न्यायमा पहुँच वृद्धि गर्न जुरी नेपाल, मानव अधिकार संञ्चार प्रतिष्ठान र संञ्चारिका समूहको पछिल्लो कार्यक्रमले पीडितहरूलाई थप राहर्त मिलेको छ। महिला तथा बालबालिका कार्यालय र प्रहरी यूनिटले बेचबिखनको बदलिंदो रुप अनुसार फरक फरक कार्यक्रमहरू अनुरुप योजना बनाई काम गर्दै आएको छ। यसबाट पीडितहरूलाई सहज न्यायिक पहुँच र पीडकलाई उम्कन नदिन थप टेवा पुगेको छ।

**अबको बाटो**....

बेचबिखनको चपेटामा परेका सबै घटनाको कारक भनेको अशिक्षा र गरिबी नै हो । गरिबीको कारण अशिक्षा भन्ने गरिएता पनि अशिक्षाकै कारण गरिबी हो। विशेषत हिमाली तथा विकट क्षेत्रमा बेचबिखनको घटना बढी थियो, छ पनि। हिमाली, विकट र जनजातिको बाहुल्यता रहेको क्षेत्र यो समस्याबाट बढी प्रताडित छन् । सुविधायुक्त र अरु जातजाति पनि यो समस्यावाट मुक्त भने छैनन्। तर कम छन्। लहैलहै र देखासिखीमा परी सहर बजारका कतिपय मानिसहरू बेचबिखनमा फसेका छन् भने अन्जानमा बे चबिखानको चपेटामा पर्ने माथिल्लो भेगका नागरिक बढी छन् । उच्च जनसङ्ख्या बृद्धि पनि गरिबीको कारण हो र यसबाट पनि समस्या थपिएको छ ।

शिक्षाको सरल र सहज पहुँच वृद्धि अबको प्रमुख आवश्यकता हो । सहज जीविकोपार्जन र रोजगारी तथा व्यावसायिक वातावरण निर्माणले पनि बेचबिखनबाट जोगाउँदछ । देखासिखी, उच्च महत्वाकांक्षा र उच्च जन्मदर नियन्त्रणका योजनाले पनि समस्या निराकरणमा टेवा पुग्छ । यसका लागि नियमित सचेतना र परामर्श जरुरी छ । हामीसँग ऐन, नियम, कानुन प्रर्याप्त छन् । यसको पूर्ण जानकारी र सहज न्यायिक प्रणाली व्यवस्था भई न्यायिक पहुँच वृद्धि पनि पीडितलाई राहत दिने अर्को विकल्प हो ।

बेचबिखन रोक्न अबको प्रणाली अझ सहज हुन सक्छ। अब स्थानीय निकायमा सबै प्रणालीहरू शुरु हुने हुँदा समस्या र अवस्था पहिचान गर्न झनै सहज हुनेछ । स्थानीय तहको उप-प्रमुखले न्यायिक निकाय हेर्ने हुँदा पीडितलाई सहज वातावरण बन्ने पक्का छ। तर सरोकारवाला अझ बढी चनाखो रहनु भने जरुरी छ । नेपाल सरकारका विभिन्न निकाय तथा सामाजिक संस्थाहरूको कार्यक्रममा एकद्वार नीति अवलम्बन गरेमा अझ बढी उपलब्धि भन्ने मा दुइमत नहोला ।

*(लेखक पत्रकार हुन्, सिन्धुपाल्चोक)*

# बाँकेको जमुनाह : मानव बेचबिखन र तस्करीको मुख्य नाका



बसन्त गौतम

केही दिन पहिले १४ बर्षिया एक बालिका रिक्सामा एक्लै भारत तर्फ जादै थिइन । मानव बेचबिखन विरुद्ध कार्यरत एक सस्थाका प्रतिनिधिले शंका लागी सोधपुछ गर्दा थाहा हुन आयो कि उनी त कुनै दलालको अनुचित प्रभावमा परी भारत तर्फ जान लागेकी रहिछन्। दलालले आफू पक्राउ पर्नबाट जोगिन बालिकालाई एक्लै रिक्सामा बसाई भारतीय सीमावर्ती क्षेत्र रुपैडियामा भेट्ने योजना बनाएको रहेछ ।

यो त एउटा प्रतिनिधिमूलक घटना मात्रै भयो । ती बालिका त संयोगले बेचबिखन हुनबाट बचिन्। तर बाँकेको जमुनाह नाकाको प्रयोग गरी कैयौ नेपाली चेलीहरू मानव बेचबिखन र तस्करीको शिकार भैरहेका छन् ।

बाँकेको नेपालगंज शहर मध्ये र सुदुर पश्चिमकै द्वारको रुपमा रहेको छ। नेपाली उपभोक्ताको व्यापारिक केन्द्रको रुपमा पहिचान बनाएको भारतको रुपैडिया बजार नेपालगंज शहर देखि झण्डै ५ किलोमिटरको दुरीमा अवस्थित छ । रुपैडिया नेपाल भारतको खुल्ला सीमा भएका कारण निर्वाध रुपमा यताका नागरिक उता र उताका नेपाल तर्फ सहजै आवतजावत गर्ने गर्दछन् । सुरक्षाकर्मीको चेकजाँच अनि मानव बेचबिखन विरुद्धमा क्रियाशिल विभिन्न संघ संस्थाहरूको निगरानीलाई छल्दै विभिन्न रुपमा यो नाकाबाट मानव तस्करीका घटनाहरू घट्ने क्रम रोकिएको छैन । अन्य नाकाको तुलनामा यो नाकाबाट सहजै पार गराउन सकिने आँकलनका साथ तस्करहरूले यो नाकाको प्रयोग गर्ने गरेको पाइएको छ।

बाँकेको जमुनाहको प्रयोग गरी दलालहरूले यति नै संख्यामा मानव बेचबिखन र तस्करी गरेको यकिन तथ्याङ्क नभएता पनि प्रहरी प्रशासन अनि मानव बेचबिखन विरुद्ध सक्रिय संघ सस्थाहरूको सक्रियतामा सयौं युवतीहरूलाई बेचबिखन हुनबाट रोकिएको छ । जिल्ला प्रहरी कार्यालय बाँकेमा एक बर्षको अवधिमा जम्मा १८ वटा मानव बेचबिखन सम्बन्धी मुद्दा दर्ता गरी कानुनी कारवाही अगाडि बढाइएको जनाइएको छ । मुद्दा फाँटका प्रहरी निरिक्षक बिर बहादुर थापाका अनुसार मानव बेचबिखन तथा ओसारपसारका १८ वटा मुद्दा चलाए पनि जोखिमपूर्ण यात्रामा विदेश जान लागेका सयौ युवतीहरूलाई नाकाबाट परामर्श गरी फिर्ता गराइएको छ ।

बाँके जिल्ला अदालतमा पनि आ.ब. २०७३/०७४ को जेष्ठ मसान्तसम्ममा जम्मा १८ वटा मुद्दाहरू मात्र दर्ता भएको मुद्दा फाँटका नासु बल बहादुर बिष्टले जानकारी दिए । मानव बेचबिखनका १८ वटा मुद्दाहरू भए पनि पीडित महिलाहरूको सख्या भने झण्डै ५० रहेको बिष्ट बताउँछन् ।

उल्लेखित तथ्याङ्कले मानव बेचबिखनको अपराधमा सीमित पीडकहरू कानुनी दायरामा आए पनि अझै ठूलो सख्यामा अपराधीहरू कानुनी दायरामा आउन सकेका छैनन्। मानव बेचबिखन विरुद्ध कार्यरत माइती नेपालको नेपालगंज शाखाले सन् २०१६ मा मात्रै एक हजार दुई जना र यस बर्षको साढे पाँच महिनाको अवधिमा ४४८ जनालाई जोखिमपूर्ण विदेश यात्रामा जानबाट रोकिएको जनाएको छ। माइती नेपाल नेपालगंजका प्रमुख केशव कोइरालाले सन् २०१६ मा २३ जना र यो बर्ष ४० जना बेचबिखनमा परेका युवतीहरूलाई भारतबाट उद्धार गरी ल्याइएको जानकारी दिए ।

कतिलाई वैदेशिक रोजगारीको प्रलोभनमा त कतिलाई विवाहबारीको आश देखाएर मायाजालमा पारेर मानव बेचबिखन र तस्करी गर्ने गरेको पीडित युवतीहरूको भनाईबाट खुल्ने गरेको छ। ठूलो संख्यामा यो नाकाको प्रयोग गरी मानव बेचबिखन र तस्करी भैरहे पनि सबै पीडकहरू कानुनको दायरामा आउन सकेका छैनन् ।

मानव तस्करीमा खेतालाका रुपमा प्रयोग भएका केही व्यक्तिहरू पक्राउ परे पनि मुख्य अभियुक्त र तस्करहरू भने कानुनी कारवाहीबाट उम्कने गरेका छन् ।

असमान विकास, गरिबी, भौगोलिक विकटता, बेचबिखनका नयाँ आयामहरू थपिदै जानु, बाढी, पैरो, भूकम्प लगायतका विभिन्न प्राकृतिक प्रकोपहरू लगायत व्यवहारिक शिक्षाको व्यवस्था नहुनु, नेपालमै उपयुक्त रोजगारी तथा अवसरको अभाव, मोबाईल, फेसबुक जस्ता प्रविधिको दुरुपयोग लगायतका कारणहरूले पछिल्लो समय मानव बेचबिखन तीव्र गतिमा बढिरहेको पाइन्छ ।

बिनासकारी भूकम्प पश्चात नेपालमा अझै मानव बेचबिखनको उच्च जोखिमता बढाएको छ । मानव बेचबिखनको उच्च जोखिमतालाई मध्यनजर गर्दै नेपाल सरकारले घोषणा गरेको भूकम्पबाट प्रत्यक्ष प्रभावित जिल्लाहरूमा सरकारी र गैरसरकारी प्रयासबाट मानव बेचबिखन विरुद्ध विभिन्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिएको भएतापनि बेचबिखनको रोकथाम हुन सकेको भने छैन ।

पछिल्लो समय बिहेको नाममा नेपाली युवतीहरूको बिक्री गर्ने मानव तस्करीको नयाँ रुप देखिन थालेको छ । काठमाडौंमा रहेका म्यारिज ब्युरोहरूमा खासगरी चिनियाँ र कोरियन अधबैंसे पुरुषहरू आउने र कलिला नेपाली युवतीहरूलाई बिहे गरेर आफ्नो देश लगी बेचबिखन गर्ने गरेको पाइएको छ । एउटै युवतीलाई विवाह गराए बापत उनीहरूले २५ लाखसम्म लिने गरेको बताइन्छ । धैरै नेपाली युवतीहरूलाई 'पेपर म्यारिज' गरेर कोरिया र चीनमा बेची मानव तस्करीको नयाँ तरिका अपनाउन थालिएको छ । कमजोर आर्थिक अवस्था भएका युवतीहरूलाई आर्थिक प्रलोभनमा पारी विवाहको नाममा बिक्री गरिँदै आएको पाइएको छ । युवतीहरूलाई त्यसरी बिहे गरेर लगेपछि श्रीमती होइन, नोकरजस्तो ब्यवहार गर्ने गरेको फर्केर आउने पीडित हरूले बताउने गरेका छन् । त्यस मध्ये कतिपयलाई कष्टपूर्ण श्रम शोषण र यौनशोषण गर्ने, बन्धक बनाएर राख्ने र कतिपयलाई बच्चा जन्माउने मेसिनका रूपमा समेत प्रयोग गर्ने गरेको दर्दनाक पीडा पीडितहरूबाट सुनिने गरेको छ ।

केही वर्षयता नेपालबाट हुने मानव तस्करीको स्वरूप फेरिँदै गएको छ । मध्यपूर्वदेखि अफ्रिकी मुलुकहरूसम्म नेपाली युवतीहरूको बिक्री हुन थालेको छ । रोजगारीका नाममा विभिन्न देशहरूमा पुर्‍याएर युवतीहरूको तस्करी डरलाग्दो रूपमा बढ्दै गएको छ । वैदेशिक रोजगारीका नाममा खाडी तथा इजरायल लगायत देशमा वृद्धवृद्धा तथा बालबालिकाहरूको हेरचाह तथा घरेलु कामदारका लागि भनेर त्यहाँ पुर्‍याएर बिक्री हुने गरेको घटनाक्रमले देखाएको छ । नाइजेरिया, तान्जानियाजस्ता अफ्रिकी देश र पूर्वी एसियाका केही देशहरूमा भारत हुँदै पर्यटक भिसामा नेपाली युवतीहरूलाई लैजाने गरिएको पनि पाइएको छ ।

विशेष गरेर भूकम्पबाट अति प्रभावित सिन्धुपाल्चोक, नुवाकोट, धादिङ, रसुवा, गोरखा, काभ्रेजस्ता जिल्लाहरूका महिला र बालबालिकाहरू अनाथ र घरबार विहीन भएको अवस्थाको फाइदा उठाएर राहत र संरक्षण तथा रोजगारीको प्रलोभनमा पारी कैयौंलाई एक स्थानबाट अर्को स्थानमा ओसारपसार गरिनुका साथै कतिलाई बाँकेको जमुनाह नाकाको प्रयोग गरी विदेशमा समेत बेचबिखनको लागि लगिएको खुल्न आएको छ । संकटको अवस्थालाई आधार बनाएर संगठित अपराधी गिरोहहरूले महिला र बालिकाहरूको बेचबिखन ओसारपसार गरि रहेका पाइन्छ । आफ्नो प्रमुख निसाना बनाएर अपराधिक कार्य गर्ने गरेका छन् ।

नेपालमा गएको बिनाशकारी भूकम्प पश्चात मानव बेचबिखन तथा ओसारपसारको अपराधमा वृद्धि भएको भन्दै यसको नियन्त्रणका लागि प्रभावकारी कदम चाल्न राष्ट्रिय मानव अधिकार आयोगको मानव बेचबिखन सम्बन्धी राष्ट्रिय प्रतिवेदनद्वारा गरिएका सिफारिशहरू कार्यान्वयन गराउन नेपाल सरकारलाई पत्राचार गरेको थियो । मानव अधिकार आयोगद्वारा गरिएका मुख्य सिफारिशहरूमा अन्तर्राष्ट्रिय विमानस्थलका साथै सीमा नाकाहरूमा प्रभावकारी रुपमा निगरानीको व्यवस्था मिलाउने, बेचबिखनको जोखिमबाट जोगाउनका लागि आवश्यक संरक्षणात्मक कार्यहरु गर्नुपर्ने, अध्यागमन लगायतका ऐनमा आवश्यक संशोधन गर्ने, सूचना अध्ययन र अभिलेख राख्ने कार्यलाई प्रभावकारी बनाउने, भूकम्प पश्चातको मानव बेचबिखनको अवस्था बारेमा बिस्तृत अध्ययन तथा अनुसन्धान गरी अपराधको

नियन्त्रण, रोकथाम र पीडितको न्यायका सवालहरू रहेका छन् ।

नेपाल सरकारले मानव बेचबिखन नियन्त्रणका लागि संस्थागत संरचनाको विकाससँगै संघ–संस्थाहरूसँग समन्वयमा काम गरिरहेको बताए पनि देशमा झ्याङ्गिदै गएको मानव बेचबिखनको जालोलाई तोड्न सकिएको छैन । एकातिर मानव तस्करीमा नयाँ नयाँ आयामहरूको प्रयोग भएको अवस्था छ भने अर्कोतिर मानव तस्करीको जालोलाई तोड्नका लागि उचित र प्रभावकारी नियन्त्रणका उपायहरु कार्यान्वयनमा आउन नसक्दा मानव बेचबिखनका घटनाहरूमा बढोत्तरी भैरहेको छ । मानव बेचबिखनको रोकथामको लागि समय सापेक्ष कानुनको परिमार्जन, रोकथामका प्रभावकारी संयन्त्रको व्यवस्था र पीडितको न्यायको सुनिश्चितताका साथै स्थानीय स्तरबाटै व्यापक रूपमा मानव बेचबिखन विरुद्ध जनचेतना जगाउन जरुरी छ ।

नेपालमा मानव बेचबिखनको जालो फैलदै जानुमा राज्यको कानुन भन्दा मानव तस्करीको जालो बलियो हुदै जानु पनि एक कारणको रुपमा रहेको छ । कतिपय अवस्थामा ती संगठित गिरोहहरू कानुनको दायरामा नआउने र भरिया र सामान्य सहयोगीहरू मात्र पक्राउ पर्नुले अपराध नियन्त्रणमा चुनौती देखिएको छ । बिगत लामो समय देखि मानव बेचबिखन विरुद्धको अभियानमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू समेत सक्रिय हुँदाहुँदै पनि यो समस्याको निदान सोचे जति हुन नसकेकोले बदलिँदो परिवेशमा यसको निराकरणका लागि अझ नयाँ रणनीति अपनाउन आवश्यक छ ।

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि मुख्य अपराधीलाई कानुनी दायरामा ल्याउन, पीडित र साक्षीको उचित सुरक्षाको प्रबन्ध गरी पीडितलाई न्याय र क्षतिपूर्ति दिलाउन जरुरी छ । यसै गरी अझै पनि पीडक पक्षबाट अपराध अनुसन्धानको क्रममा पीडितलाई धाकधम्की दिई बयान फेर्न लगाई अपराधिक दायित्वबाट उन्मुक्ति भै रहेकाले पीडित होसटाईल भएको अवस्थामा पनि अन्य प्रमाणले पुष्टि गरेको अवस्थामा पीडकलाई कारवाही हुन जरुरी छ । त्यसैगरी ग्रामिण स्तरसम्म मानव बेचबिखन विरुद्धमा जनचेतना फैलाउने, सीमा निगरानी बढाउने, जोखिमपूर्ण यात्रामा रहेका महिला तथा बालबालिकाहरूलाई उद्धार गर्ने, आवश्यक परामर्श दिने, बेचबिखनमा परेका महिला तथा बालबालिकाहरूको उद्धार गर्ने, पुनर्स्थापना गर्ने, विभिन्न खाले हिसांमा परेका महिला तथा बालबालिकाहरूको उद्धार र पुनर्स्थापना गर्ने, हराएकाहरूको खोजतलास सम्बन्धी कार्य गर्ने लगायतका कार्यहरू तदारुकताका साथ गर्न सकिएमा मानव बेचबिखन तथा अवैध ओसारपसारको नियन्त्रण, रोकथाम गर्न र पीडितको न्यायमा सघाउ पुग्न सक्दछ ।

*(लेखक अधिवक्ता हुन्, बांके)*




## बधाई ज्ञापन !

एटविनका पूर्व अध्यक्ष (सन २००१-२००२) मा सफल नेतृत्व समेत प्रदान गर्नुभएको समाज सेवाको अभियानमा दत्तचित्त व्यक्तित्व तपाईँ **भगवती नेपाल**ज्यूलाई स्थानीय तहको निर्वाचनबाट सिन्धुपाल्चोक जिल्लाको मेलम्ची नगरपालिकाको **उपप्रमुख** पदमा निर्वाचित हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।

**अन्जना शाक्य**
अध्यक्ष तथा एटविन परिवार

# मानव बेचबिखनको बदलिंदो स्वरुप



ओमप्रकाश गिरी

प्रत्येक मानिसले आत्मसम्मानपूर्वक बाँच्न पाउनु पर्दछ। मानव सम्भयताको विकासको लागि पनि मानिसको आत्मसम्मानपूर्वक बाँच्न पाउने अधिकार सुरक्षित रहनु पर्दछ । एउटा मानिसलाई सम्मानपूर्वक बाँच्नलाई जे जस्ता अधिकारहरू आवश्यक पर्दछन्, ती अधिकारहरू नै मानव अधिकारहरू हुन् । सुनौलो विहानीले उज्यालोको कल्पना गर्दछ भनेजस्तै देश निर्माणमा पनि महिला तथा बालिकाहरूको भूमिका हुन्छ । विगतका सशस्त्र द्वन्द्व, महाभूकम्प, बाढी लगायतका विपदहरूमा पनि अधिकांश रुपमा महिला तथा बालिकाहरू नै पीडित भएका थिए । ती विपद पश्चात त्यसले निमत्याएको लामो संक्रमणकाल, गरिबी, बिचली, पारिवारिक बिछोड जस्ता प्रक्रियाले महिला तथा बालबालिकाहरू माथि हुने हिंसालाई बल पुग्न गएको देखिन्छ । वि.सं. २०७२ वैशाखमा गएको महाभूकम्पका कारण चेलीबेटीहरू बेचबिखनको जोखिममा परेको विभिन्न अध्ययन् तथा अनुसन्धानहरूले समेत देखाएको छ । महिला तथा बालबालिकाहरूको बेचबिखन गर्नु, यौन दुर्व्यवहार जस्ता हिंसा गर्नु, कानुनी र सामाजिक रूपमा जघन्य अपराध हो। विश्वव्यापीकरण, आधुनिकीकरण, नयाँ प्रविधिको विकास, परम्परागत सोंच, कानुनको अनभिज्ञता, दण्डहिनता, जनचेतनाको अभाव, अशिक्षा, कानुनको फितलो कार्यान्वयन, राजनैतिक अस्थिरता र हस्तक्षेप आदिले यस समस्याहरूलाई बढावा दिइरहेको छ ।

शोषण गर्ने उद्देश्य राखी कुनै पनि मानिसलाई उसको इच्छा विपरित एक ठाउँबाट अर्को ठाउँमा लाने काम नै मानव बेचबिखन/ओसारपसार हो ।

महिला र बालबालिकाहरूसित आर्थिक अवसर र पहुँच सीमित भएको हुनाले नै मानव बेचबिखन/ओसारपसारको बढी जोखिममा हुन्छन् । किशोरकिशोरीहरू (प्रायः ग्रामीण क्षेत्रका) लाई दलालहरूले राम्रो काम, मोजमस्ती र धेरै आम्दानीको लोभ लालचमा फसाउँछन् । आमा बाबुले नै परिवारको गुजारा चलाउनका लागि कतिपय बालबालिका, विशेषतः छोरीहरू, बेचेको पनि पाइएको छ । दुःख कष्टमय जीवन बिताइरहेका जोखिममा रहेकाहरूका लागि सहरमा बसी रमाइलो गर्दै काम गरी पैसा कमाउने ठूलो आकर्षण हुन्छ । जसले गर्दा धेरै बेरोजगारहरू सहजै बेचबिखन/ओसारपसार गर्ने दलालहरूको जालमा फस्छन् । ग्रामीण क्षेत्रमा बेचबिखन/ओसारपसार ठूलो समस्या बनेको छ । सीमान्तकृत परिवारका किशोरीहरूलाई बिवाह गरेर पनि कोठीमा पुऱ्याइएका छन् । नेपाली बालबालिकाहरू सर्कस, घरेलु नोकर, चुरी कारखाना, कढाई वा जरि भर्ने, भीख माग्ने, बिहे गर्ने, कम ज्यालामा काममा लगाउने, यौन शोषण वा यौन व्यवसायमा लगाउनका लागि बेचबिखन/ओसारपसार हुने गरेको पाइएको छ । भूकम्प, बाढी, पहिरो, बेरोजगारी, हिंसा र सामाजिक तथा लैंगिक भेदभावका कारणले मानव (खासगरी महिला र बालबालिकाहरूको) बेचबिखन/ओसारपसार दिनहुँ बढिरहेको छ । मानव बेचबिखनको एउटा सुलभ माध्यमको रुपमा वैदेशिक रोजगारीको आकर्षण बढ्दै गइरहेको छ । रोजगारीका लागि विदेश पठाई दिने, राम्रो काम दिलाई दिने, राम्रो तलब दिलाई दिने, निःशुल्क भिसामा पठाई दिने, कम पैसामा विदेश पठाई दिने जस्ता विभिन्न बहानामा भारतको बाटो भएर गैरकानुनी तरिकाले महिला र बालबालिकाहरूलाई विदेश पठाउने क्रम बढ्दो छ । गत २०७२ सालको महाभूकम्पका कारण पनि बेचबिखनको जोखिम बढेको पाइन्छ । अर्कोतिर, विश्वव्यापीकरणले गर्दा पूँजी, सामग्री, सूचना तथा मानिसहरूको गतिशिलता तीव्र रूपमा बढेर संसारलाई साँगुरो तुल्याइदिएको छ । अर्कोतिर यौन बजार झन् जटिल र सुसंगठित सञ्जालको माध्यमबाट विश्वव्यापी बनेको छ । विकासशिल देशका लाखौं लाख मानिसहरू, विशेषतः महिला, किशोरी तथा बालबालिकाहरू अन्ततः यस बजारमा पुऱ्याइने गरिएका छन् । अतः मानव,

विशेषतः महिला, किशोरी तथा बालबालिकाहरूको बेचबिखन/ओसारपसार स्थानीय घटना मात्र होइन, यौन शोषणले त आज उद्योगको रूप लिइसकेको छ ।

विवाह गरी वा विवाहको नाटक रचेर, धन जागिरको लोभमा फसाई, फकाई फुल्याई वा झुक्याई, उपचार गराइदिन्छु भनी, आफन्तको घरमा पुऱ्याइदिन्छु भनी, रमाइलो मनोरञ्जन वा घुमफिरको प्रलोभनमा पारी, शहर वा नयाँ ठाउँमा घुमाइदिन्छु भनी, दुःख, विपदमा सहयोगी बनेर, लागू/नसालु औषधी प्रयोग गरेर, जागिर लगाइदिन्छु तथा अन्य षडयन्त्र रचेर मानव बेचबिखन/ओसारपसार गर्ने दलालले विभिन्न तौर तरिकाहरू अपनाएर मानव बेचबिखन गर्ने गर्दछन् ।

नेपालमा बेचबिखनका प्रभावितहरूको पूर्ण तथ्यांक हालसम्म आउन सकेको छैन । भौगोलिक अवस्था अनुसार नेपालमा बेचबिखनको अवस्था र स्वरूप फरक पाइन्छ । पहाडी क्षेत्रतिर चेलीबेटी बेचबिखनको मात्रा बढी छ भने तराईतिर बालकहरूको बेचबिखन र ओसारपसार बढी छ । विगतका दिनहरूमा गरिबी, अशिक्षा, प्रलोभन, बेरोजगारी, देखासिकी, बिहेको बहानामा बेचिन्थ्यो भने हाल बेचबिखनको प्रकृति बदलिदो क्रममा छ । विगत भारत तर्फ मात्र जाने प्रचलन हाल वैदेशिक रोजगारीको बहानामा तेस्रो मुलुक अर्थात खाडी तर्फ बढेको छ ।

तराईमा बस्ने पहाडी समुदायका महिलाहरू वैदेशिक रोजगारीको नाममा पनि बेचिने गरेका छन् । तराईबाट वैदेशिक रोजगारीमा जाने महिलाहरूको संख्या एकदमै न्यून रहेको वैदेशिक रोजगार विभाग लगायत विभिन्न सरोकारवाला निकायहरूको तथ्यांकले देखाएको छ । तराईका बालकहरूलाई भारतमा झोला बनाउने, होटेलको काममा, भिख माग्ने, शरीरको अङ्ग निकाल्न, कम ज्यालामा बढी काम गराउनका लागि बेचविखन गरिन्छ ।

त्यति मात्रै होइन, नेपालमा मानव बेचबिखनका स्वरूपहरू यस्ता परिवर्तन भएका छन्, जुन हामी विश्वासै गर्न सक्दैनौ । अहिले नेपाली सन्दर्भमा धर्मको नाममा पनि बालबालिकाहरूको बेचबिखन शुरू भएका छन् । भिक्षु बनाइदिने, राम्रो शिक्षा दिक्षा दिने जस्ता कुराहरूको प्रलोभनमा पारी गरिब, अशिक्षित तथा विभिन्न पीडामा परेका परिवारका बच्चाहरूलाई परिवारकै खुसीराजीमा लगिने गरिएको कतिपय घटनाहरूमा मैले आफै पहल र पैरवी गरेको अनुभवहरू छन । ती घटनाहरूको सन्दर्भमा अनुसन्धान प्रक्रिया अगाडि बढाई अदालतहरूमा मुद्दा पनि चलिरहेको छ ।

वि.सं. २०७२ साल बैशाख १२ गते नेपालमा आएको महाभूकम्पका कारण धेरै परिवार घरबार विहिन भए, धेरैले आफ्नो परिवार गुमाए, कसैले बाबु वा आमा गुमाए त कसैले छोराछोरीहरू गुमाए । भूकम्पले नेपाली समाजको रूपरेखामा निकै प्रभाव पाऱ्यो र धेरै सामाजिक समस्याहरूको सिर्जना गऱ्यो । गरिबी, पारिवारिक विखण्डन, टुहुरोपन, ओसारपसार जस्ता समस्याहरू भूकम्पका परिणामहरू हुन् । यसै अवस्थाको फाइदा उठाइरहेका छन्, मानव बेचबिखनका गिरोहमा काम गर्नेहरू । अहिले अवस्था उनीहरूको लागि एकदमै सहज भएको छ । जागिर लगाई दिने, पढाई दिने, पालनपोषण गर्ने, सीप सिकाई दिने, परिवारलाई आर्थिक सहयोग गर्ने, बौद्ध धर्म अनुसार भिक्षु बनाइदिने जस्ता विभिन्न बहानामा महिला तथा बालबालिकाहरूको तस्करी हुने गरेको छ विभिन्न प्रभावित थलोहरूबाट ।

केही दिन अगाडि मकवानपुरको एक गाउँका ७ जना भूकम्प पीडित परिवारका ९ जना बालकहरू लाई काठमाडौंको गुम्बामा राम्रो शिक्षादिक्षा दिने र भिक्षु बनाइदिने भनेर घरबाट र काठमाडौंबाट काकडभिट्टा हुदै भारतको बैंगलोर लगिरहेको अवस्थामा विशेष सूचनाको आधारमा बारा जिल्लाको पथलैयामा प्रहरीले चेकजाँच गर्ने क्रममा समातिएको थियो । ती बालकहरू सहित २ जना आनी र २ जना बिचौलीयालाई पनि नियन्त्रणमा लिएको थियो । हिमराइट्स र नेपाल प्रहरीको सक्रियतामा घटनाबारे बुझ्दै जाँदा बच्चाहरूको घरपरिवारका अभिभावकहरूलाई बोलाएर सोधपुछ गर्दा बच्चाहरू काठमाडौंमा रहेका भनेर बच्चाहरूले बताए र बच्चाहरूसँग कहाँ र के का लागि जान लागेको भनी सोध्दा “इन्डीया जान लागेको मात्र थाहा छ, अरू थाहाँ छैन, उनीहरूले तिनीहरूलाई बाबुआमाको मञ्जुरी लिएर भारत लान लागेको बताइन् । बच्चाहरूलाई काकडभिट्टासम्म मात्र पुऱ्याउने हो, त्यसपछि वैगलोरको अर्को टिमले बच्चाहरूलाई लैजाने कुरा बताएका थिए । हाल बारा जिल्ला अदालतमा यो मुद्दा दर्ता भइ प्रक्रिया अगाडि बढेको छ भने बच्चाहरू अभिभावकको जिम्मामा

पठाइएको छ ।

यस्तै भारतको बाटो हुँदै निःशुल्क कतार पठाइदिने भन्दै काभ्रे, बनेपा र सिन्धुपाल्चोक घर भएका २१ देखि २४ वर्ष उमेरका ४ जना किशोरीहरूलाई बिचौलियाले (दलाल) आफ्नै पैसामा काठमाडौंबाट रात्री बस चढाई कलैया पुगेर टाटा सुमो रिजर्भ गरी बाराको जिल्लाको मटिअर्वा हुदै भारत तर्फ जान लागेको अवस्थामा विशेष सूचनाको आधारमा नेपाल प्रहरी र हिमराइट्सको संयुक्त पहलमा बिहारको बोर्डरमा समातिएको थियो । पछि सोधपुछ गर्दै जाँदा नेपाली किशोरीहरूबाट राहदानी र नागरिकता केही भेटिएन । यस घटनामा बसको टिकट काट्ने एक जना व्यक्तिले ती किशोरीहरूलाई भारतको मोतीहारीसम्म पुऱ्याउने जिम्मेवारी पाएका थिए । मोतीहारी पुगेर रेल चढाई दिनेसम्म जिम्मा पाएको बिचौलीयाले त्यति काम गरे वापत आफूले प्रति व्यक्ति १० हजार रुपैयाँ पाउने बताए । बिरगंजको बाटो हुदै रक्सौल रेलवे स्टेशनसम्म पुग्न विभिन्न स्थानहरूमा चेकजाँच गर्ने गरेकोले बारा जिल्लाको मटिअर्वाको बाटो हुदै जान लागेको रहस्य पनि खुलेको थियो र सो मुद्दा अदालतमा चल्दै छ ।

त्यस्तै रौतहट, बारा र पर्सा घर भएका १० देखि १३ वर्ष उमेर समुहका ५ जना बालकहरूलाई भारतको मुज्जफरपुर हुदै मुम्बई लगिरहेको अवस्थामा भारतीय प्रहरीले रेलवे स्टेशनबाट ३ जना दलाल सहित बच्चाहरूको उद्धार गरी भारतको एक बालगृहमा बुझाएको थियो । हिमराइट्स र जिल्ला बाल कल्याण समितिको विशेष पहलमा ती बच्चाहरूलाई नेपाल फर्काइएको थियो । समातिएका ३ जना दलालहरू मध्ये १ जना नेपाली र २ जना भारतीय थिए । त्यस मध्येकै एक जना दलालले बच्चाहरूको घरमा गई अभिभावकहरूलाई जनही २५ हजार रूपैयाँ दिएको बताए । बच्चाहरूलाई बैंगलोरमा लगी राम्रो काम लगाई दिने भने पनि ती बालकहरूलाई मुम्वई लग्ने क्रममा समातिएकोले उनीहरू माथि मानव बेचबिखन सम्बन्धी मुद्दा भारतमा चलिरहेको छ ।

यसको अर्थ यो होइन रेलवे स्टेशनमा पुगी रेल चढेर जाने सबै बच्चाहरू बेचबिखनमा पर्न लागेका हुन् । तर सत्य त्यो पनि हो, रेल चढेर भारतको विभिन्न शहर (बैंगलोर, मुम्बई, दिल्ली, मुज्जफरपुर, बनारस लगायत) पुगेका बच्चाहरूलाई बालश्रममा लगाइने गरिएको छ । त्यसैमध्येका बच्चाहरू बेचविखनमा पर्ने गरेका छन् । आफू काम गर्ने ठाँउमा धेरै दिन बितेपछि जब आफूले काम गरेको ज्याला मागिन्छ वा घर फर्किन्छु भनिन्छ त्यस बेला थाहा हुन्छ, आफू बेचिएको कुरा ।

भारतको विभिन्न रेलवे स्टेशनहरू, लुकाइ छिपाई काम गराई राखेको विभिन्न उद्योग कलकारखानाहरू, होटेल र भिख मागी रहेको अवस्थामा दिनहु नेपाली बच्चाहरु भेटिन्छन् । भारतमा हरेक दिन करिब ४० देखि १५० जना बच्चाहरूलाई भारतीय प्रहरीले छापामारी उद्धार गरिरहेको छ तर ती बच्चाहरू नेपाल फर्काउन नेपालले सरकारले कुनै पहल गरेको छैन । गैससहरूले गर्न खोजेपनि उनीहरूसंग आर्थिक अवस्था कमजोर भएका कारण गर्न सकिएको छैन ।

नेपालबाट भारत विहारको रक्सौल नाका हुदै भारतको विभिन्न ठाउँहरूमा लगिरहेको अवस्थामा भारतीय प्रहरी र प्रयास नामक संस्थाले रक्सौलको रेलवे जक्सन, बस पार्क लगायतका स्थानहरूबाट संयुक्त रुपमा उद्धार गरेका नेपाली बालबालिकाहरूको विवरण निम्न रहेको छ :

| वर्ष (सन्) | बालक | बालिका | जम्मा |
|---|---|---|---|
| २०१० | १० | ० | १० |
| २०११ | ७९ | ५ | ८४ |
| २०१२ | १२३ | २ | १२५ |
| २०१३ | ११४ | २ | ११६ |
| २०१४ | २९ | ३ | ३२ |
| २०१५ | ४० | ० | ४० |
| २०१६ | २३ | ३ | २६ |
| २०१७ (सेप्टेम्बर सम्म) | २१ | २ | २३ |
| **जम्मा** | **४३९** | **१७** | **४५६** |

यो तथ्यांक नेपालको भारतसंग जोडिएका नाकाहरू मध्ये एउटा मात्र नाकामा रहेको रेलवे स्टेशनबाट उद्धार गरिएका बालबालिकाहरूको हो । पूर्वीदेखि सुदुर पश्चिम नेपलमा यस्ता थुप्रै नाकाहरू भारतसँग जोडिएका छन् । एउटा अनुमान गरेर सोचौ कि कति बालबालिकाहरू नेपालबाट भारतमा बालश्रम देखि बेचबिखनमा पर्ने गरेका छन ? यी तथ्यांकमा देखाइए झै संख्या धेरै भएपनि नेपालबाट भारत तर्फ जाने मध्ये सबै घर फर्किन्छन त ? उनीहरूको भविष्य के सुनिश्चत छ त ? के उनीहरू सकुशल फर्किन्छन त ? यसै क्रममा

म आफै प्रत्यक्ष रूपमा संलग्न भई विभिन्न चरणमा भारतको विभिन्न ठाउँहरूबाट उद्धार गरिएका ७ जना बालिकाहरू र ५६ जना बालकहरू गरी ६३ जना मध्ये ५ जना बेचिएको, ७ जना बालिकाहरू बेच्न लगिरहेको अवस्थामा र त्यस बाहेकका बालकहरू बालश्रममा परेका बालबालिकाहरू थिए ।

नेपालमा अहिले मानव बेचबिखनको ठूलो र सजिलो माध्यमको रुपमा बैदेशिक रोजगारी विकसित हुदै गएको छ जसको कुनै निश्चित तथ्यांक छैन । रोजगारी तथा घरेलु कामदारको रुपमा महिलाहरूलाई निशुल्क भिसा (प्रवेशाज्ञा) मा विदेश पठाइदिने र पासपोर्ट तथा स्वास्थ्य चेकजाच समेत एजेन्टहरूले आफ्नै पैसाबाट गराइदिने गरेका छन् । जसको प्रलोभनमा महिलाहरू फस्ने गरेका छन । विशेष गरी पहाडी क्षेत्रका महिलाहरू बेचिने गरेका छन् । शहर बजारभन्दा भारतसँग सीमा जोडिएका नेपालका तराईका कतिपय गाउँहरू ओसारपसारका लागि प्रयोग गर्ने बाटो (ट्रान्जिट रुट) को रूपमा बढी प्रयोग हुने गरेको विभिन्न अध्ययन् अनुसन्धान र समाचारहरूको स्रोतबाट देखिन्छन् । सिमासँग जोडिएका केही गाउँहरूमा यसलाई एउटा व्यवसायको रूपमा लिइएको पनि पाइन्छ। पहाडतिरबाट भारत जानका लागि आउने महिला तथा किशारीहरूलाई एक रात आफ्नो घरमा खान, बस्न दिई भोलीपल्ट बिहानै उज्यालो नहुदै भारतीय सीमा कटाए वापत प्रति व्यक्ति ५ हजार लिने गरेको कतिपय समाचारबाट समेत पुष्टी हुन्छ । सिमानाकाका गाउँहरूमा हाट बजार लागेको बेला सामान किनमेल गर्ने बहानामा सिमापारी सम्म पुऱ्याउने गरिएको केही घटनाहरू हुने गरेका छन् । यस्तो अवस्थामा कसैले पनि शंका गर्दैनन् र चेकजाँच पनि हुँदैन ।

अहिले पनि नेपाली बालबालिकाहरू भारतको विभिन्न गैरसरकारी संघसंस्थाहरूको बालगृहहरूमा आश्रय लिएर बस्न बाध्य छन्। उनीहरूलाई घर फर्काउने कोही छैन। यस अवस्थामा पहिलो जिम्मेवार सरकार हुनु पर्ने हो तर छैन । बेचबिखनमा परेका बालबालिकाहरूको उद्धारको लागि सरकारी निकायहरूसँग भन्दा यो शिर्षकमा पैसा नरहेको भन्ने जवाफ आउँछ । परिवार आफै त्यसको लागि सक्षम हुदैन। यसको लागि पहिलो जिम्मेवार को ? बेचिएकाहरूको सुरक्षित भविष्यको सुनिश्चितता छ ? उनीहरूको पुनर्स्थापना कसले गर्ने ? प्रभावितहरूको पारिवारिक मिलन कसले गराउने ? के हामीले बालबालिका सम्बन्धी ऐन् २०४८ को मर्मलाई बुझेका छौ र पूरा गर्न सकेका छौ ? के मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन हाम्रो लागि पर्याप्त छ ? हामीले यसलाई कार्यान्वयन गर्न सकेका छौ ? यस्ता धेरै प्रश्नहरू सामु छ, द्रुत गतिमा अगाडि बढिरहेको महिला तथा बालबालिकाहरूको बेचबिखनलाई रोक्न र भारतमा बेचिएका नेपाली महिला तथा बालबालिकाहरूलाई उद्धार गरी नेपाल फर्काउन राज्य, समुदाय, राजनितिक दल, संचार क्षेत्र, परिवार, गैरसरकारी संघसंस्था लगायतले निम्न कार्यहरू गर्नु पर्दछ ।

**राज्य :**

- भएका कानुनहरूलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने ।
- आवश्यक कानुन निर्माण तथा संशोधन गर्ने ।
- भारतको विभिन्न स्थानहरूमा बेचबिखनमा परेका महिला तथा बालबालिकाहरूलाई नेपाल फर्काइ पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापन गर्ने ।
- खुल्ला सीमाहरूमा चेकजाँच पोष्टहरू राखी निगरानी बढाउने ।
- सचेतनामूलक गतिविधीहरू संचालन गर्ने ।
- सम्बन्धित सरोकारवाला संघसंस्थाहरूसँग समन्वय र सहकार्य गरी विभिन्न योजनाहरू तर्जुमा गर्ने ।
- बेचबिखन तथा अलपत्र रहेका महिला तथा बालबालिकाहरूको उद्धार, पुनर्स्थापनको निम्ती नीति बनाई लागु गर्ने र कार्यान्वयनको लागि विशेष भूमिका निर्वाह गर्ने ।
- बेचबिखन प्रभावित महिला तथा बालबालिकाहरूको उद्धारको लागि कोष स्थापना गर्ने ।
- रोजगारीको अवसरहरू सिर्जना गर्ने गराउने ।
- मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका र बाटोको रूपमा प्रयोग हुन सक्ने जिल्ला, गाउँ, टोल, स्थानहरूको नक्साङ्कन गर्ने र उक्त क्षेत्रहरूमा सचेतनामूलक गतिवधीहरू संचालन गर्ने तथा निगरानी बढाउने ।

**समुदाय :**

- मानव बेचबिखनको विषयमा सँधै सजग रहने ।
- समुदायमा यसका बारेमा छलफल चलाउने ।

- कुनै शंकास्पद व्यक्ति देखेमा वा शंका लागेमा प्रहरीमा खबर गर्ने ।
- आफ्नो समुदायको आफै निगरानी गर्ने ।
- समुदायलाई सचेत राख्ने र कानुनको कार्यान्वयनमा सहयोग गर्ने ।

**परिवार :**

- मावन बेचबिखनको विषयमा घरपरिवारका सबैलाई सचेत गराउने ।
- आफ्ना बालबालिकाहरूलाई मानव बेचबिखन कसरी हुन्छ ? त्यसबाट कसरी उम्कने ? जस्ता कुराहरूका बारेमा नियमित जानकरी दिई राख्ने ।
- छोरा र छोरीलाई समान शिक्षा तथा अवसर प्रदान गर्ने, विभेद नगर्ने ।
- समस्यामा परेका समुदायका अगुवा तथा छिमेकीहरूलाई जानकारी गराउने तथा सल्लाह लिने दिने ।

**संचार क्षेत्र :**

- मानव बेचबिखनबाट बच्ने जस्ता कुराहरूको व्यापक प्रचार प्रसार गर्ने ।
- कानुनी सचेतना फैलाउने ।
- कानुन कार्यान्यिन गर्न गराउन सहयोग गर्ने ।
- समुदायको घटनालाई उजागर गर्ने ।
- स्वतन्त्र भई सक्षम समाज निर्माणको लागि कार्य गर्ने ।

**गैरसरकारी संघसंस्थाहरू :**

- जनचेतनामुलक कार्यक्रमहरू संचालन गर्ने ।
- न्यायको लागि कार्य गर्ने, कानुन कार्यान्वियनका लागि पैरवी गर्ने ।
- उद्धार, पारिवारिक पुनमिलन तथा पुर्नस्थापनका लागि कार्य गर्ने ।
- समुदायमा निगरानी बढाउन कार्य गर्ने ।
- राज्यको सम्बन्धित सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गरी कार्य गर्ने ।
- मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका र बाटोको रूपमा प्रयोग हुन सक्ने जिल्ला, गाउँ, टोल, स्थानहरू को नक्साङ्कन गर्ने र उक्त क्षेत्रहरूमा सचेतनामुलक गतिविधिहरू संचालन गर्ने तथा निगरानी बढाउने ।

*(लेखक हिमराइट्स, बारामा कार्यरत् हुनुहुन्छ ।)*


## बधाई ज्ञापन !

एटविनका पूर्व कार्यसमिति सदस्य एवं शक्ति मिलन समाजका संस्थापक अध्यक्ष तथा कार्यकारी निर्देशक श्री **नातीसरा राई**ज्यूलाई मानव बेचबिखन विरूद्धको ११ औं राष्ट्रिय दिवस, २०७४ को उपलक्ष्यमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको तर्फबाट प्रमुख अतिथि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको मन्त्री आसा कोइरालाज्यूबाट **सम्मान-पत्र** प्राप्त गर्नुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।



**अन्जना शाक्य**
अध्यक्ष तथा एटविन परिवार

# बेरोजगारीसँग जोडिएको मानव ओसारपसार



मोतीराम तिमल्सिना

२०७२ साल बैशाख १२, १३ र २९ गते गएको भुकम्प पछि काभ्रेपलाञ्चोक लगायत विशेषगरी सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सिन्धुली, गोर्खा जिल्लाका सर्वसाधारणहरू प्रभावित भए । पूर्वी जिल्लाहरूमा धनजनको निकै क्षति भयो । घरबार विहीन बनेकाहरूले कसैको साहारा पाउन सकेनन् । तत्कालका अस्थायी राहतबाट बर्षौ देखि मन, मुटु र भावनात्मक सम्बन्ध जोडिएका आवासहरू निर्माण सम्भव भएन । कसैले आफन्त गुमाए । कसैले श्रीमान, त कसैले श्रीमती गुमाए । कतिपयले आफ्ना बालबालिकाहरू गुमाए । कति बालबालिकाहरू टुहुरा भए । बेसहारा बने । पीडितहरूले मन बुझाउने अर्को उपाय पनि भएन । राज्यले उपलब्ध गराएका केही आंशिक र क्षणिक राहत र अनुदानले भुकम्प पीडितहरूको मन बुझ्न सकेन । वैकल्पिक उपायको खोजीमा परिवारका सदस्यहरू कुनै न कुनै प्रकारले विदेशिन थाले । मानव बेचबिखनको एउटा पाटो शुरूमा उसको आवश्यकता देखाइयो । अभाव देखाइयो । त्यसको पूर्तिका लागि फरक ढंगबाट वैदेशिक रोजगारीमा लैजाने क्रम त अझै रोकिएको छैन नै, बालिका वा विवाहित महिलाहरूको शारिरिक श्रम शोषणमा पनि उल्लेख्य वृद्धि भएको छ । पहिले मान्छेको सिङ्गो शरिर नै बेचबिखनमा पर्थ्यो भने अहिले मान्छेका शरिरका अङ्गहरू बिक्री हुन थालेको छ ।

साविक ढुङ्गर्खम गाविस वडा नम्वर २ हालको बेथाञ्चोक गाँउपालिका वडा नम्बर ३ मा केही तामाङ परिवार हरूको बसोबास छ । तामाङ समुदायमा पनि अध्ययन गरेका बालबालिकाहरूको संख्या वृद्धि भइसकेको छ । ती मध्ये एउटा तामाङ परिवारको घटनाक्रम यहाँ चर्चा गर्नु सान्दर्भिक हुनेछ ।

भूकम्पले घर ध्वस्त भएपछि एउटा तामाङ परिवार केही समय गाउँमै बस्यो । कामको सिलसिलामा केही समयपछि सो परिवार पनौती बसाईंसराई गऱ्यो । उनीहरूको दुइटी छोरीहरू थिए । जेठी छोरीको बिहे भएर एउटा बच्चा समेत थियो । माइतीमा बस्दै गरेकी जेठी छोरी र १२ कक्षा पढ्दै गरेकी कान्छी छोरी घरका सदस्यहरू कसैलाई जानकारी नै नदिई बेपत्ता भएको खबरले परिवार पीडामा पऱ्यो । उनीहरूको खोजबिनका लागि परिवारले प्रहरी चौकी, माईती नेपाल र अन्य संघ संस्थाहरूलाई गुहाऱ्यो । तर पनि उनीहरूको पत्तो लागेन । अन्तिम पटक उनीहरूले हामी विदेश जान लाग्या भन्दै भारतको नम्बरबाट फोन गरेका थिए । तत्काल उक्त फोनमा कल गर्दा समेत उनीहरूको जानकारी हुन सकेन । झण्डै ७ महिना पछि पत्ता लाग्यो उनीहरू दलाल मार्फत कुबेतमा पुऱ्याइएका रहेछन् ।

भूकम्प पछि दलालहरूले आफन्तको सहयोगमा सोझासाझा युवतीहरूको राहदानी आफै बनाउन रकम लगानी गरिदिने र युवतीहरूलाई ललाई फकाई नेपालको विपी राजमार्ग हुँदै भारतका खुल्ला सिमानाहरू पुऱ्याई त्यहाँबाट विभिन्न देशहरूमा तल्लो श्रेणीको कामका लागि चेलिबेटीहरू पुऱ्याइदै छ । विदेशमा पुऱ्याउने चेलिबेटीहरूको संख्या हिजोको तुलनामा आज धेरै बढेको पाइन्छ ।

१४ वर्ष पुगेका चेलीहरूलाई १८ वर्ष पुगेको भन्दै नागरिकता बनाइदिने र एकै दिनमा राहदानी बनाउने क्रम पनि बढेको छ । भूकम्प पछि छोरीहरूलाई काममा पठाउँदा शारिरिक श्रम शोषणमा परेका घटनाहरू पनि प्रहरीकोमा दर्ता भएका छन् । केही युवतीहरूलाई प्रहरीले पक्राउ गरी सार्वजनिक अपराधमा मुद्दा दर्ता गरेको छ । बुबा आमा वृद्धवृद्धा भएको, आम्दानीको बाटो नभएको, सरकारले उपलब्ध गराएको अनुदानले घर निर्माणमा समस्या भएकाले बाध्य भएर यौन व्यवसायमा लागेको बयान दिएका युवतीहरूलाई प्रहरीले आइन्दा त्यस्तो पेशामा संलग्न नहुने कागजमा सहि गराएर रिहा त गरेको छ तर बाध्यतावस् यौन पेशा अंगाल्न पुगेका

युवतीहरूको एउटै प्रश्नको जवाफ न प्रहरीले दिन सक्यो, न त राज्यका कुनै निकायले । यस्ता थुप्रै समस्याहरूका बाबजुत महिलाहरू र विशेषगरी पुरूषहरू पनि वैदेशिक रोजगारीका नाममा वा अन्य कुनै न कुनै नाममा ललाई फकाई गलत बाटो प्रयोग गरी खाडी मुलुक पुऱ्याउने गरिएको छ ।

यस्तो अवस्थामा रहेका नेपालीहरूको उद्धार गर्ने घोषणा नेपाल सरकारले गरे पनि थुप्रै देशहरूमा नेपालीहरू अलपत्र अवस्थामा रहेको तथ्याङ्क प्रहरीसँग छ । काभ्रे जिल्लाको विपी राजमार्ग, साविकको साल्मेचाकल गाविस हालको खानीखोला गाउँपालिका हुँदै मकवानपुर, सिन्धुली, रामेछाप, दोलखा जिल्ला हुँदै सीमा कटाउने दलालहरूको रूटलाई रोक्न सकिएको छैन ।

काभ्रे घर भएकी माया तामाङ लामो समय देखि कुबेतमा छिन् । माया भएको स्थानमा मात्रै ३२ जना नेपाली चेलीहरू दलालहरूले विभिन्न प्रलोभन र बहना बनाउँदै कुवेत पुऱ्याएर बिचल्ली बनाइएका छन् । मायालाई रामेछाप जिल्ला गुप्तेश्वर घर भएका राजकुमार थापा उर्फ राजु थापाले घरेलु कामदारको रूपमा कुवेत पुऱ्याएका थिए । मायाले घरेलु कामदारका रूपमा भोगेको पीडा बयान गरी साध्य छैन । राहदानी नम्वर ०९८७३६७४ भएकी माया सेप्टेम्बर ३० मा नेपाल फर्किएकी छिन् । केही वर्ष अघि देखि उनलाई उनै दलालले घरेलु कामदारका रूपमा कुबेत पुऱ्याएका थिए । परराष्ट्र मन्त्रालयले माया जस्तै ३२ जना महिलाहरूको उद्धारका लागि सम्वन्धित देशमा रहेको दुतावासमा पत्राचार गरेको छ । परराष्ट्रले दलालहरूको सूची सहित गृह मन्त्रालयमा पठाएको पत्र अनुसार ३२ जना महिलाहरूको उद्धार र दलाल पक्राउका लागि गृह मन्त्रालयले प्रहरी प्रधान कार्यालय मार्फत देशभरका प्रहरी कार्यालयहरूलाई पत्राचार समेत गरेको छ । प्रहरी गैह्र कानुनी रूपमा महिलाहरूलाई ललाई फकाई घरेलु कामका नाममा कुबेत लगायत अन्य देश पठाउने र बिचल्ली पार्ने दलालहरूको खोजीमा सक्रिय भए पनि निर्वाचन लगायतका राष्ट्रिय कार्यक्रमहरूले प्रहरी त्यस तर्फ सक्रिय हुन सकेको छैन ।

अर्को तर्फ महिला तथा बालबालिकाहरू आफूखुशी घरबाट हराउने क्रम तीव्र भएको छ । १७ वर्षको उमेर देखि ३५ वर्षसम्मका महिलाहरू हराएको उजुरी प्रहरीकोमा परेको छ । तर महिलाहरूको अत्तोपत्तो भने छैन । ८० वर्षको उमेर समूहका वृद्धाहरू समेत हराएको उजुरी प्रहरीकोमा परेको थियो । हराएका मध्ये अधिकांश महिलाहरू बनेपा र धुलिखेल तथा शहरी क्षेत्रहरूका छन् । बनेपा नगरपालिका वडा नम्वर ६ घर भएकी २० बर्षिया सीता राय आफ्नै घरबाट कार्तिक २४ गते देखि हराएकी छिन् । सोही दिन कार्तिक २४ गते नै धुलिखेल नगरपालिका वडा नम्बर ८ बस्ने २६ बर्षिया सरिता तामाङ पनि घरबाट काठमाडौ जान्छु भन्दै निस्किएकी तर हालसम्म घर फर्किएकी छैनन् । उनका श्रीमान् पासाङ दावा तामाङले सरिता हराएको उजुरी २६ गते गराएका थिए । अघिल्लो दिन अर्थात कार्तिक २३ गते बनेपा नगरपालिका वडा नम्वर ८ तीनधारा बस्ने ३५ बर्षिय पिंकी लामा पनि बेपत्ता भइन् । बनेपा बजारमा किनमेलका लागि घरबाट निस्किएकी पिंकी पुनः फर्केर नआएको श्रीमान् मदन लामाले प्रहरीलाई निवेदन दिएका छन् । सीता, सरिता र पिंकी हराएको पाँच दिन नबित्दै बनेपा नगरपालिका वडा नम्वर ४ बस्ने १७ बर्षिया मेनुका बडाल बनेपा नगरपालिका १० गोदामचोकबाट हराएकी छिन् । गोदामचोकमा रहेको काभ्रे हेल्थ ट्रेनिङ इन्ष्टिच्युट जान्छु भन्दै घरबाट निस्केकी बडालको सम्पर्कै छैन । उनी नयाँ बस्तिमा अर्केको घरमा बस्दै आएकी थिइन् ।

त्यस्तै, रविओपी गाविस वडा नम्वर २ छापाटोल घर भएकी १८ बर्षिय सुमिता विक घरमा सामान्य विवाद हुँदा घर छाडेर वेपत्ता भएको बाबु पुर्णबहादुर विकले प्रहरीमा गरेको उजुरीबाट थाहा हुन आएको छ । हराएका महिलाहरू आखिर कहाँ पुग्छन् ? वा कस्तो अवस्थामा हुन्छन् ? भेटिन्छन वा भेटिदैनन् ? त्यसको कुनै जानकारी हुँदैन । केही महिलाहरूलाई विदेशसम्म पुऱ्याउने गरेको रहस्य खुलेको छ भने केही महिलाहरू विवाह गरी घरजम गरेको अवस्थामा फेला पर्ने गरेका छन् । एक सातामा हराएका यी महिलाहरूका बारेमा प्रहरीलाई आएको सूचनाका आधारमा खोजतलास शुरू गरिएको भएता पनि अधिकांश महिलाहरू फेला नपर्ने गरेका छन् । यसलाई कसरी लिने ?

महिलाहरू हराउने क्रम बढेपछि माईती नेपाल र जिल्ला प्रहरी कार्यालय काभ्रेको संयुक्त टोलीले विपी राजमार्गको धुलिखेल नगरपालिका अन्तर्गत काभ्रे भञ्ज्याङमा

चेकिङ शुरू गरिएको छ । केही महिलाहरूलाई पक्राउ गरी घर फर्काउन लाग्दा नमानेको अवस्था पनि छ । केहीलाई प्रहरीले भारतबाटै फर्काएको छ । घर फर्किएका महिलाहरूले काम गरेर बसेको अवस्थामा किन फकाईएको भन्दै उल्टै उद्धारकर्ताहरू माथि जाई लागेको उदाहरणहरू पनि छन् । जागरण नेपाल लगायतका संघ संस्थाहरूले बेचबिखनको अवस्था, बेचबिखन हुने आधारहरू र त्यसको रोकथामका लागि विभिन्न गाउँपालिका र नगरपालिकाका वडाहरूमा जनचेतनामूलक कार्यक्रमहरू संचालन गरिरहेका छन् । जनचेतनामूलक कार्यक्रम संचालन भइरहँदा पनि महिलाहरू लोभ र आर्थिक समस्याकै कारण ललाई फकाइमा पर्ने गरेको उदाहरणहरू प्रशस्त छन् । बेचबिखन विरूद्ध भए गरेका प्रयासहरू सकारात्मक छन् । त्यही कारण हिजो जस्तो दलालहरूले प्रत्यक्ष रूपमा महिलाहरूलाई खरिद गरेर बिक्री गर्न सक्ने अवस्था छैन । नयाँ रूपबाट भइरहेको बेचबिखनको समस्यालाई समाधान गर्न राज्यले रोजगारीका पाटाहरू बढाउनु आवश्यक छ । हरेक नेपालीहरूले श्रम गरेर नेपालमै खान पाउने वातावरण नबन्दासम्म कुनै न कुनै रूपबाट मानव बेचखिनको समस्या जिउँका त्यूँ रहन्छ नै । स्वरूप फेरिन्छ तर बेचबिखन रोकिदैन । हिजो अशिक्षित बेचबिखनमा पर्दथे । शिक्षा रहेछ समस्या भनियो । आज शिक्षित आफै बेचबिखनका लागि तयार हुन्छन् । उनीहरूसँग बाध्यता छ । समय अनुसारको आवश्यकता पूर्ति गर्न उनीहरू बेचबिखन शब्द प्रयोग नगरी बेचबिखनमा सहभागि भइरहेका छन् । यसलाई रोक्ने एउटै उपाय जोखिममा परेका परिवारलाई आर्थिक सम्वृद्धिका लागि दिर्घकालिन रूपको कार्यक्रम सरकार र सरोकारवाला निकायहरूले ल्याउनु जरूरी छ ।

*(लेखक नेपाल पत्रकार महासंघ काभ्रे शाखाका अध्यक्ष हुनुहुन्छ ।)*

**कविता**

## बेचबिखनको अन्त्य गरौं !

महिला अनी बालबालिका बेची
सप्रेका छन् दलालहरू
सोझासाझा मानिसहरूलाई लोभमा फसाएर
कमाएका छन् नोटका बिट्टाहरू

बेचबिखनले गर्दा मानिसको
बिग्रेको छ जीवन
सबै मिली रोक्नुपर्छ
मानब बेचबिखन

मानव अङ्ग बेची बेची
दलालहरू रमाए
दलालहरूलाई दिऊँ अब
सबै मिली कडा सजायँ

✍ युवराज गिरी
सिन्धुपाल्चोक

## जागौं सबैजना !

झमलिङ, दार्खा, सतिदेवी, गजुरी र मैदी
जोगीमारा, धुना देखि सबै गुम्दी
३ जना आउटरिच वर्कर परियोजना संयोजक
२७ जना वाइ एम सँगै जमाएका छौं हामीले हक

मानव बेचबिखन रोकी सुरक्षित स्थानागमन
वैदेशिक रोजगारमा आफ्नै देशको बाटो जाम
जनचेतना जगाएर विपत जोखिम न्यूनीकरण
बाल क्लब, आमा समूह प्रतिरोधी कुरा गरम

आउनोस् सुनौं अब क्रियाकलाप भएको
सामुदायिक विकास योजना, बैठक आमा समूहको
कचहरी नाटक, सामूदायिक मेला अनी
रेकर्ड सर्वेक्षण सँगै रेडियो प्याकेज पनि

प्रतिरोधी कुरा गर्न थाल्यौं गत वर्ष
दुख पीर हरण गरी बर्साउन हर्ष
जागौं उठौं सबैजना निदाउने हैन
१६ लाइन कवितामा सबैं सकिँदैन

✍ सबिना लम्साल, सिविस, धादिङ

# मनोरञ्जन क्षेत्रमा खोइ कहाँ छ मानव अधिकार !

तारा भण्डारी विश्वास नेपालको अध्यक्ष हुनुहुन्छ । विश्वास नेपालले विभिन्न ७ जिल्लाहरूमा मनोरन्जन तथा सत्कार सेवामा कार्यरत श्रमिक महिला तथा बालबालिकाहरूको हक अधिकार र पेशागत सुरक्षा, संरक्षण प्रदान गरी स्वतन्त्र तथा सम्मानजनक जीवन यापनको लागि वकालत र पैरवी गर्दै आइरहेको छ । हाल एटविनको कार्य समिति सदस्य रहनु भएको तारा भण्डारीसँग एटविनका लागि अनिल अधिकारीले मनोरञ्जन क्षेत्र र बेचबिखनको अवस्थाका बारेमा गर्नुभएको कुराकानीको सम्पादित अंश यहाँ प्रस्तुत गरिएको छ ।



*तारा भण्डारी*

**मनोरञ्जन क्षेत्रमा तपाईँले काम गर्नु भएको कति भयो ?**
मैले यस क्षेत्रमा काम गरेको ५ बर्ष भयो ।

**मनोरञ्जन क्षेत्रमै आउनुको खास कारण के थियो?**
उच्च शिक्षा पूरा गर्न काठमाडौं आएँ । कामको खोजीमा खुब भौतारिएँ तर रोजगारी कहिं पाइएन । पढ्न कै लागि नि यो काम रोज्न बाध्य भएँ ।

**तपाईँले कति पढ्नु भयो ?**
बि.ए. पढ्दै छु ।

**के तपाईं अहिले कुनै मनोरञ्जन प्रदायक संस्था डान्सबार, दोहरीमा काम गर्दै हुनुहुन्छ ?**
सन् २०६४ मै मैले काम गर्न छाडें ।

**तपाईँ मनोरञ्जन क्षेत्रमा काम गर्दा परिवारको प्रतिक्रिया कस्तो हुन्थ्यो ?**
शुरुमा त मैले परिवारको कसैलाई भन्ने आँट गरेकी थिइन तर मेरो भाई म सगै बस्ने भएकोले उसलाई चाहिँ थाहा थियो । उ मेरो कामप्रति धेरै सकारात्मक थियो ऊ, अहिले नि सपोर्ट गर्छ । परिवारको बुझाईमा यो काम नराम्रो भन्ने थियो । म यो क्षेत्रको श्रमिकको हक अधिकारको लागि आवाज उठाउन थाले देखि मेरो परिवारको केही सदस्यले थाहा पाउनुभयो ।

**तपाईँको अनुभवमा मनोरञ्जन क्षेत्रका महिलाहरूको मानव अधिकारको अवस्था कस्तो छ ?**
यो क्षेत्रमा कार्यरत श्रमिकको संख्या ६० हजारको हाराहारीमा रहेको बताइन्छ । श्रमिक दिदी बहिनीहरूको मलिन अनुहार, पीडाले भरिएको आवाजले सँधै पिरोलिरहेको हुन्छ । कतिपय महिलाहरू आफ्नो दुधे बालकलाई रातिको समयमा ढोका थुनेर, बाधेर मनोरञ्जनको क्षेत्रमा संलग्न हुन बाध्य छन् जहाँ उनीहरू मानसिक, शारिरीक श्रमशोषण, दुर्व्यवहार, यौनशोषण एवं विभिन्न स्वास्थगत समस्याहरूबाट प्रभावित हुन्छन् । महिनामा तीसै दिन पाँच छ हजारमा काम गर्नुपर्छ उनीहरूले । बिरामी भएर थला पर्दा नि बिदा पाइन्न । सुरक्षाको चुनौति छँदैछ, ज्यानको बाजी थापेर काम गर्नुपर्ने बाध्यता छ । अब तपाइँ नै भन्नुस् खोई कहाँ छ मानव अधिकार ।

**मनोरञ्जन क्षेत्रका समस्याहरूलाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ?**

- यो क्षेत्रमा बढी भन्दा बढी बालबलिकाहरूको प्रयोग भएको छ ।
- श्रम शोषण, यौन दुर्व्यवहार आदि दैनिक रुपमा भोग्नु पर्छ ।
- मनोरञ्जन क्षेत्रलाई सामाजिक दृष्टिकोणबाट नकारात्मक रुपले तरिकाले हेरिन्छ र नानाथरिका टिका टिप्पणीहरू गरिन्छ ।
- यो क्षेत्रको लागि छुट्टै नियम कानुन छैन ।
- रेष्टुरेन्टहरू दर्ता नगरी संचालन हुनका साथै धेरै रेष्टुरेन्टहरू राजनैतिक संरक्षण प्राप्त, पहुँचवाला व्यक्तिहरूबाट संचालित छ र राज्यको नजर पुग्न सकेको छैन ।
- यो क्षेत्रका श्रमिकहरूलाई हेयको नजरले हेरिने

गरिएको छ ।

- उमेर नपुगेका किशोरीहरू बलात्कारको जोखिमा रहेको, अशुरक्षित गर्भधारण, लागु प्रदार्थ, धुम्रपान मध्यपानको कुलतमा पर्ने गरेका छन् जसले शारिरिक, मानसिक समस्या भोग्नु परिरहेको छ ।
- परिवारमा समस्या आई सम्बन्ध बिच्छेदको अवस्था देखिन्छ ।
- वैदेशिक रोजगारीमा आकर्षित हुँदै जाँदा बेचबिखनको उच्च जोखिममा रहेका छन् ।
- श्रमिक महिला कामदारहरू नागरिकता विहिन रहेकाले विभिन्न समस्याहरू झेल्नु परिरहेको छ ।
- डिप्रेसनको मारमा पर्ने गरेकाले आत्महत्याका प्रयासहरू समेत बढ्दै गइरहेको पाइन्छ ।

**मनोरञ्जन क्षेत्र सम्बन्धी कानुनी कार्यवाहीहरूको अवस्था कस्तो छ ?**

पहिलो कुरा त यो क्षेत्रको लागि भनेर कुनै पनि कानुन बनेको छैन । अतः हाम्रो पहिलो उदेश्य भनेको नै यो क्षेत्रको लागि छुटै कानुन चाहिन्छ भनेर पैरवी र वकालत गर्ने हो जुन हामी गर्दै आइरहेका छौ । श्रमजीवि महिलाहरूप्रति डान्स, रेष्टुरेन्ट, डान्सबार जस्ता कार्यक्षेत्रमा हुने यौन उत्पीडन नियन्त्रण गर्न सर्वोच्च अदालतले जारी गरिएको निर्देशिका २०६५ त छ तर यो कार्यान्वयन भएको छैन । यसै निर्देशिकालाई आधारमा मानी २०७४ मा कार्यविधि पनि नबनेको होइन तर यसलाई पनि लागू गर्न हाम्रो सामु चुनौती छ । पछिल्लो समयमा अनुगमन तथा कार्यवाही समिति (म्याक) निर्माण भई यो क्षेत्रको मुद्दाप्रति निकै नै सचेत भएर काम गरेको कारणले रेष्टुरेन्टहरू दर्ता गरी संचालन गर्नको लागि संचालकहरूलाई सचेत गरिएको छ । स्थानीय जनप्रतिनिधीहरूले पनि आफ्नो कार्ययोजनामा र ऐन कानुन र नीति निर्माणमा मनोरञ्जन क्षेत्रको मुद्दालाई समावेश गर्न सक्नु पर्छ । संविधानमा तोकेरै नजोडिए पनि महिला र बालबालिकाहरूको श्रम सम्बन्धी हकलाई मौलिक हकको रुपमा उल्लेख मात्र गरिएको छ, तर त्यो पनि कत्तिको प्रर्याप्त छ, कार्यन्नयन भएको छ कि छैन भन्ने कुरा फितलो नै छ ।

**यस क्षेत्रमा महिलाहरूको बढी सहभागिताको खास कारण के लाई मान्नुहुन्छ ?**

कारणहरू मिश्रित छन् । कोही घर परिवार चलाउन कै लागि आउनु भएको छ भने कोही पढाई लेखाइको खर्च जुटाउन । तर कोही भने सजिलो तरिकाले पैसा कमाउने उद्देश्यले नि आउनु भएको छ । कुनै पनि योग्यता, दक्षता, सीप, अनुभव र कागजी प्रमाण पेश नगरी सजिलै रोजगारीको अवसर पाउनुको अलावा आर्थिक अवस्था कमजोर, पारिवारिक बिचलन, वा विगठन, पारिवारिक जिम्वेबारी, वैवाहिक सम्बन्ध बिग्रिएको वा परिवारमा कोही नभएका, पढ्न नपाएका, साथै द्वन्द्व, सामाजिक भेदभाव, राजनैतिक कारण, प्राकृतिक प्रकोपबाट सबै थोक गुमाएकाहरूले सजिलै रोजगारी पाउँछन् ।

**यस क्षेत्रको नकारात्मक पक्षहरूलाई चाहिँ कसरी मूल्याङ्कन गर्नुहुन्छ नि !**

साथी सङ्गीको लहलहैमा लागि फकिएर आउने गरेका छन् । वैदेशिक रोजगारीको सजिलो माध्यम बन्न पुगेको छ मनोरञ्जन क्षेत्र । आधुनिक जीवनशैलीका कारण मनोरन्जन क्षेत्र प्रतिको आर्कषण बढेको छ । साथै, छिट्टै पैसा कमाउन सकिने वा सजिलो कारणले यौन हिंसा र बेचबिखनमा पर्न सक्ने खतरा बढी छ ।

**मनोरञ्जन क्षेत्रका समस्या न्यूनीकरणका लागि कामदार, नीजि क्षेत्र संघसंस्था तथा राज्यबाट कस्तो अपेक्षा गर्नु भएको छ ?**

पहिलो कुरा त यस क्षेत्रलाई व्यवस्थित र मर्यादित रुपमा स्थापित गर्न राज्यले यथोचित कानुन र नीति निर्माण गर्नैपर्ने हुन्छ । राज्य पक्षबाट पनि अनुगमन एवं मूल्याङ्कनलाई तीब्र रुपले बढाउनु पर्दछ । यस क्षेत्रमा काम गर्ने जतिपनि संघसंस्था छन् सबैको एउटै आवाज र एउटै मुद्दा हुनुपर्छ । समन्वय र सहकार्यमा पैरवी र वकालतलाई विशेष ध्यान दिनु जरुरी छ । कामदारहरूका समस्याहरूलाई सरल तरिकाले बुझ्ने, गुनासो सुनुवाई हुने ठाउँ र स्थानको व्यवस्था वा वातावरण हुनुपर्छ । यो क्षेत्रमा बालिकाहरूको बढ्दो प्रयोग हुने भएकोले त्यस तर्फ सबैको ध्यान जान जरुरी छ । कामदार स्वयं पनि संगठित भएर आफ्ना आवाजहरूलाई बाहिर ल्याउन आवश्यक छ । श्रमिकका अधिकारमा लड्ने श्रम संगठनहरू पनि अगाडि आएर काम गर्नु पर्छ । यो क्षेत्रलाई मयार्दित गर्न निजी क्षेत्रहरूले पनि सकारात्मक भूमिका खेल्नु पर्ने देखिन्छ न कि पीडितहरूलाई पीडित नै बनाउने ।

**विश्वास नेपालको संस्थागत उद्देश्यहरुमा मनोरञ्जन क्षेत्रका महिलाहरूको शैक्षिक र आर्थिक सुधारका लागि शिक्षा, सीप र वैकल्पिक पेशाका उपायहरू अवलम्बन गर्ने भनिएको छ । यस उद्देश्य प्राप्तिमा तपाईँहरू कत्तिको सफल भएको ठान्नुहुन्छ ?**

पक्कै पनि यो क्षेत्रमा काम गर्ने श्रमिकहरूका लागि हामीले उल्लिखित कार्यहरू स्थापनाकाल देखि नै गर्दै आइरहेका छौं । तर पनि हामी कत्ति सफल भयौं भन्ने कुरा मापन गर्ने विषय भने हो । तर यसलाई दिगो रुपमा गर्न सकेका छैनौं किनकी सबै कार्यक्रमहरू छोटो र परियोजना अवधिभर गर्नु पर्ने अवस्था छ । तर केही बर्ष अगाडि देखि भने यो क्षेत्रका श्रमिक महिलाहरूलाई वैकल्पिक पेशाका साथै आत्म-निर्भर बनाउने उद्देश्यले र जुनसुकै उमेर समूहका महिलाहरूलाई समेट्ने हेतुले संस्थाले नै ब्युटीपार्लर, सिलाई सेन्टरका साथै २ वटा बचत समूहहरू संचालन गरी त्यहींबाट ऋण परिचालन गर्दै आइरहेका छौं ।

मनोरञ्जनको पेशालाई मर्यादित र सम्मानजनक तरिकाले श्रमिकले खुलेर इज्जतका साथ हिड्ने वातावरण जुन दिन हुनेछ त्यो दिन मात्र पूर्ण रुपमा हाम्रो उद्देश्य प्राप्ति भएको हुनेछ र सफल हुनेछौं ।

**मनोरञ्जन क्षेत्रलाई स्वच्छ, यौन हिंसा रहित र व्यवसायिक बनाउन संस्थाले के कस्ता कार्यक्रमहरू गर्दै आइरहेको छ ?**

यसका लागि विश्वास नेपालले निम्न कामहरू गर्दै आइरहेको छ :

- यो क्षेत्रलाई मर्यादित एवं व्यवस्थित गर्न छुटै कानुन एवं नीति निमार्णको लागि निरन्तर पैरवी र वकालत गरिरहेका छौ ।
- आत्म निर्भर बनाउदै सकारात्मक तरिकाले प्रतिकार गर्न सक्ने सीप, जीवन उपयोगी सीप, तालिम, कानुनी परामर्श, कानुनी अभिमुखिकरण, मनो-सामाजिक परामर्श, सिलाई, पार्लर, व्यवसाय तालिम दिइरहेका छौं ।
- मजदुर संगठन, रेष्टुरेण्ट मालिक र कामदार लक्षित औपचारिक तथा अनौपचारिक शिक्षा, ट्रेड यूनियन शिक्षा र सुरक्षित आप्रवासन विषयक अभिमुखिकरण कक्षाहरू संचालन गर्दै सीपहरू प्रदान गर्दै आएका छौं ।
- यस क्षेत्रमा कार्यरत श्रमिकलाई टेड्र युनियनमा आवद्ध गराई आफ्नो मुद्दा आफ्नो बहस भन्ने हेतुले परिचालन गरिरहेका छौ ।
- विभिन्न संजालहरूमा आवद्ध भई मनोरञ्जन क्षेत्रको मुद्दालाई उठान गर्न पहल गरिरहेका छौ ।
- प्रहरी, स्कुल, समुदाय, सरकारी निकाय, ट्रेड युनियन, व्यवसायिक संघसंस्थाहरू र सरोकारवाला निकायहरूसँगको सहकार्यमा काम गरिरहेका छौ ।
- संचार माध्यमबाट आम जनमानसमा सकारात्मक सन्देश पुऱ्याउन मिडिया सचेतीकरण कार्यक्रमहरू निरन्तर सञ्चालन गरिरहेका छौ ।

**मनोरञ्जन क्षेत्र बालिका र महिलाहरुको बेचबिखन र ओसारपसारको ट्रान्जिटको रुपमा रहेको भनिन्छ नि, यसलाई कसरी हेर्नुहुन्छ ? के त्यस्ता घटनाहरू यहाँहरुको अनुगमनमा भेटिएका छन् ?**

पक्कै पनि अहिले आएर यो क्षेत्र मानव बेचबिखनको ट्रान्जिटकै रुपमा विकास हुँदै छ । आन्तरिक रुपमा पनि दैनिकजसो बेचिएर यो क्षेत्रमा किशोरीहरू प्रवेश गरिरहेका छन् । हामीले काम गर्दै जाने क्रममा यस्ता धेरै घटनाहरू भोगेका छौं जुन हाम्रो अगाडि चुनौति बनेको छ । घटनाहरू फरक फरक हुने हुँदा कुन समस्यामा कसरी काम गर्ने भन्नेमा कहिले काहिँ त अल्मलिने अवस्था पनि छ । भूकम्प पछि गोर्खा, दोलखा, धादिङ्ग र सिन्धुपाल्चोकका दिदी बहिनीहरू र बालिकाहरू यो क्षेत्रमा प्रवेश गर्ने र बेचबिखनमा पर्ने दर उच्च छ ।

**यस क्षेत्रमा आउन चाहनेहरुलाई के सन्देश दिन चाहनु हुन्छ ?**

काठमाडौलाई सपनाको शहरको रुपमा लिइन्छ । आफूमा भएको कला, गला र सीपलाई प्रस्तुत गर्ने थलो हो मनोरञ्जन क्षेत्र जसले आन्तरिक र बाह्य पर्यटनलाई नि टेवा दिइरहेको छ । नेपालको सर्न्दभमा राज्यको नजरबाट पछाडि र सामाजिक रुपमा अपहेलित यो क्षेत्रले लाखौको संख्यामा रोजगार र राम्रो कलाकार जन्माउन योगदान पुऱ्याउदै आएको छ । अतः यस क्षेत्रमा प्रवेश गर्दा जानेर, बुझेर र सचेत भएर जानुपर्दछ भन्न चाहन्छु ।

# संरक्षण र चुनौती : महिला तथा बालबालिका



शान्ता खनाल

मानव बेचबिखन तथा ओसारपसार एक विश्वव्यापी साझा समस्याको रुपमा रहिआएको छ। विश्वका संगठित अपराधहरूको सूचीलाई हेर्ने हो भने लागू औषध तस्करी तथा हात हतियारको अवैध व्यापार पछिको सर्वाधिक लाभयुक्त व्यवसायको रुपमा मानव तस्करीलाई लिइन्छ। विश्व मै मानव बेचबिखनको लामो इतिहास रहिआएको छ। प्राचीन युगको दासदासी किनबेच, गोरा जातिले काला जातिहरूलाई दास बनाउने आदि यसका नमुनाहरु हुन्। मानवता विरुद्धको यो जघन्य अपराधको मुद्दा विश्वकै चासो र चिन्ताको विषय भए पनि नियन्त्रणमा आउनुको सट्टा झन् झन् विस्तृत र बिकराल बन्दै गइरहेको छ। मानवता विरुद्धको यो निकृष्ट अपराध मानव अधिकार उल्लंघनको पराकाष्टा हो।

नेपालमा मानव ओसारपसार तथा बेचबिखन बिकराल रुपमा रहिआएको सर्वविदितै छ। आन्तरिक एवं अन्तर्देशीय दुवै रुपमा यो समस्या दिनानुदिन बढ्दो छ। आन्तरिक बेचबिखन अन्तर्गत डान्सबार, होटल, क्याबिन रेष्टुरेण्ट, खाजाघर, ब्युटीपार्लर, मसाज पार्लर, स्पा आदि ठाउँहरूमा किशोरी, महिला तथा बालबालिकाहरू बेचबिखनमा पर्ने गरेका छन्। गलैंचा उद्योग, जरी कारखाना, तयारी पोशाक तथा ईटाभट्टा जस्ता ठाउँहरूमा पनि महिला तथा बालबालिकाहरू बेचबिखनमा पर्ने गरेका छन्। त्यसैगरी पर्यटन-भ्रमणमा बालकहरू समेत बेचबिखनमा परेका तथ्यहरू सार्वजनिक हुँदै आइरेको छ। बाह्य अर्थात अन्तर्देशीय बेचबिखन अन्तर्गत भारत लगायत खाडी मुलुकहरू, मध्य-पूर्वी मुलुकहरू, अमेरिका, एशिया तथा अफ्रिकी मुलुकहरूमा सस्तो श्रम बजार तथा घरेलु कामदार र मनोरञ्जन व्यवसाय तथा यौन व्यवसायको रुपमा मानव बेचबिखन हुने गरेको छ। मानव अङ्ग तस्करी तथा बाध्यात्मक श्रममा भने आन्तरिक तथा बाह्य दुवै रुपमा मानव बेचबिखन हुने गरेको छ। चीन, जापान तथा कोरिया जस्ता देशमा बिहाको नाममा नेपाली महिलाहरू बेचबिखनमा पर्ने गरेका छन्। म्यारिज ब्युरो खोलेर संगठित रुपमै नेपाली महिलाहरूको बेचबिखनमा गिरोह सक्रिय रहेको पाइएको छ।

एक अध्ययन अनुसार नेपालमा प्रतिदिन ५४ जना महिला तथा बालबालिकाहरू ओसार पसारमा पर्ने गरेका छन्। प्रति वर्ष झण्डै २० हजार महिला, बालबालिका तथा किशोरीहरू भारतमा सञ्चालित विभिन्न कोठीहरूमा पुऱ्याइन्छन्। हाल त्यहाँ २ लाख नेपाली महिलाहरू देह-व्यापार गर्न बाध्य पारिएको अनुमान गरिएको भएता पनि आधिकारिक तथ्यांक भने कसैसँग पनि छैन् र कति जनाको उद्धार गरियो भन्ने यकिन तथ्यांक पनि उल्लेख गरिएको छैन। त्यसैगरि भारतका विभिन्न कारखाना र सर्कसहरूमा जोखिमपूर्ण काम गर्ने बाल-बालिकाहरूको संख्या पनि उल्लेख्य रहने गरेको छ जुन अनुसन्धानकै विषय हो।

यसरी हेर्दा नेपाल मानव बेचबिखनको श्रोत मुलुकको रुपमा रहेको देखिए तापनि हालका दिनहरूमा गन्तव्य मुलुकको रुपमा विकसित हुँदै गइरहेको छ। भारत तथा बंगलादेशबाट यहाँ सस्तो श्रमको लागि बालबालिकाहरूको बेचबिखन एवं ओसारपसार हुने गरेको पाइएको छ। तयारी पोशाक तथा जरी कारखानाहरुमा प्रसस्त भारतीय बाल मजदुरहरु अति जोखिमपूर्ण अवस्थामा निकै कम पारिश्रमिकमा काम गरिरहेका छन्।

देशमा रोजगारीको पर्याप्त अवसरहरू सिर्जना हुन नसक्दा लाखौं युवा शक्ति विदेश पलायन भैरहेको छ। २०५१/५२ देखि २०७१/७२ सम्मको २० वर्षको अवधिमा वैदेशिक रोजगारीमा जाने युवाको संख्या ४४ लाख ५३ हजार ४ सय छयालीस (झण्डै ४५ लाख) रहेको तथ्याङ्क छ वैदेशिक रोजगार विभागमा। यो जनसंख्या नेपालको कूल जनसंख्याको १७ प्रतिशत हो भने काम गर्न सक्ने जनशक्तिको ३४ प्रतिशत हो। अधिकांश युवाहरू अदक्ष कामदारको रुपमा ठूलो मात्रामा खाडी मुलुकहरूमा र नगन्य मात्रामा इजरायल, जापान तथा दक्षिण कोरिया जाने गरेका छन्। विदेशीनेहरू ९३.५७ प्रतिशत पुरुष

छन् भने महिलाको संख्या ३.४३ प्रतिशत रहेको छ । वैदेशिक रोजगारीको बीस बर्षे अवधिको तथ्याङ्कको समीक्षा गरिरहँदा पनि दैनिक एक हजार पाँच सय हाराहारीमा युवा शक्ति विदेशिने गरेको अनुमान छ (सन २०१५/१६ मा यो संख्या ४,१८,७१३ तथा २०१६/१७ मा ३,७८,४६२) । यो त भयो वैधानिक रुपमा श्रम स्वीकृति लिएर जानेको संख्या । यो अवधिमा दलाल मार्फत झण्डै पाँच लाख युवा शक्ति अवैध तरिकाले विदेशिएको अनुमान गरिएको छ । यसरी जानेहरू बेचबिखनमा पर्ने गरेका तथा पर्न सक्ने खतरामा रहेका छन् । यसरी जानेहरूमा महिलाहरू घरेलु हिंसा तथा यौन दुर्व्यवहारमा परेका घटना पनि प्रशस्तै छन् । वैदेशिक रोजगारीको क्रममा पीडित भई उद्धार गरी नेपाल फर्काइएका ४८६ महिलाहरू मध्ये ६४ जना गर्भवती अवस्थामा रहेको तथ्याङ्क हालैमात्र सार्वजनिक भएको थियो ।

नेपाल प्रहरीमा २०६६/६७ मा मानव तस्करीका १६१ वटा मुद्दाहरू दर्ता भएका थिए । त्यसैगरि ६७/६८ मा १८३, ६८/६९ मा ११८, ६९/७० मा ११४, ७०/७१ मा १८५, ७१/७२ मा १८४ र ७२/७३ मा २१२ मुद्दाहरू दर्ता भएका छन् । दर्ता भएका घटनाहरू मध्ये १८ वर्ष भन्दा कम उमेरका पीडितहरूको संख्या ८१ प्रतिशत रहेको छ ।

सूचना प्रविधिको विकास, पहुँच तथा बढ्दो प्रयोग सँगै यसका सकारात्मक तथा नकारात्मक पक्षहरू पनि बढिरहेको पाइन्छ । इन्टरनेटको पहुँचको कारण आज विश्व नै साँघुरिएको अवस्थामा छ । निश्चय नै यो राम्रो कुरा पनि हो कि कोठा भित्रै बसेर संसार नियाल्ने मौका मिलेको छ । विश्वमा भइरहेका विभिन्न घटना तथा नयाँ कुराहरूको ज्ञान घरभित्रैबाट आर्जन हुन थालेको छ । दुरदराजका गाउँहरूमा समेत हात-हातमा सम्पूर्ण सुविधायुक्त मोबाइलफोन र स्मार्टफोनहरू पुगेका छन् । यसले संचारमा सहजता थपेको छ । विदेशमा रहेका आफन्तजनहरूसँग अनुहार हेरेरै कुराकानी गर्न पाउँदा परिवारका सदस्यहरू खुसी छन् । वैदेशिक रोजगारीले ल्याएको यो एउटा निकै नै सुखद पाटो पनि हो । तर आज कतिपय युवावर्गमा यसको लत बसिसकेको छ । परिणाम स्वरुप सञ्चारको विकाससँगै विभिन्न साइबर अपराधहरूपनि क्रमिक रुपले बढिरहेका छन् र यसका माध्यमबाट मानव बेचबिखनका घटनाहरूमा पनि वृद्धि भइरहेको छ । विभिन्न साइटहरूमा सजिलै उपलब्ध हुने अश्लिल सामाग्रीहरूबाट किशोर-किशोरी तथा युवा वर्गको मनस्थितिमा असर परिरहेको छ । इन्टरनेटकै माध्यमबाट हुने कुराकानीको आधारमा किशोर-किशोरीहरू विपरित लिङ्गीहरूप्रति आकर्षित हुदै गएको र सात-आठ कक्षामा पढ्ने १२-१३ वर्षका बालबालिकाहरू प्रेम गर्ने र भागी बिहा गर्ने गरेको घटनाहरू पनि देखिन थालेका छन् । सानै उमेरमा बिहा गर्दा र कलिलै उमेरमा आमा बन्नु पर्दा बालिकाहरूमा विभिन्न शारिरिक तथा मानसिक मानसिक समस्याहरू आइपर्ने र घरेलु तथा यौन हिंसामा पनि पर्ने गरेको पाइन्छ ।

फेसबुक जस्तो सामाजिक संजालको माध्यमबाट विकृतिहरु बढिरहेको छ । फेसबुक फ्रेण्डको माध्यमबाट युवा, युवती तथा महिलाहरू अपरिचित व्यक्तिहरूसँग पनि चाँडै नजिकिने, झुटो प्रेमजालमा पर्ने गरेका, ठगिएका, यौन हिँसामा परेका तथा बेचबिखनकै शिकार भएका घटनाहरू समेत सार्वजनिक भैसकेका छन् । बालबालिका तथा किशोर-किशोरीहरू पनि घण्टौंसम्म इन्टरनेटमा झुम्मिने गरेका छन् । कतिपय बालबालिकाहरू साइबर अपराधको शिकार समेत भएका छन् । पक्कै पनि बालबालिकाहरूलाई आधुनिक सूचना प्रविधिबाट टाढा राख्न सकिदैन तर हामीले आफ्ना बालबालिकाहरूले इन्टरनेटमा के कस्ता साइटहरू हेर्छन् अभिभावकले जानकारी राख्नुको साथै निगरानी गर्नु पनि अत्यन्तै जरुरी छ । फेसबुक तथा युट्युबमा राखिएका अश्लिल भिडियोहरूले बालबालिकाहरूको मनमा नकारत्मक असर पर्नसक्ने र बाल यौनशोषणका घटनाहरु हुनसक्ने तथा यस्ता घटनाहरूमा बाल बालिकाहरूको प्रयोग हुनसक्ने कुरालाई नकार्न सकिन्न ।

वर्तमान समयमा आन्तरिक रुपमा पनि मानव बेचबिखनको समस्यामा अत्यधिक बृद्धि भइरहेको छ । गरिबी, अशिक्षा तथा बेरोजगारीलाई बेचबिखनको कारक तत्वको रुपमा मानिदै आएको भएता पनि यसमा अन्य पाटाहरू पनि जोडिएर आउने गरेका छन् । महा-भूकम्प गएको यति लामो समय बितिसक्दा पनि भूकम्प पीडितहरू अझै टहरोमै गुजारा गर्न बाध्य छन् । पुनःनिर्माणले गति लिन नसक्दा भूकम्प पीडितको घर बनाएर सुरक्षित बसोबास गर्ने सपना एकादेशको कथा झैं बन्न पुगेको अवस्था छ । बाढी पहिरो तथा अन्य प्राकृतिक प्रकोपहरूबाट पीडितहरूको अवस्था पनि ज्यूँ का त्यूँ छँदैछ । देशको राजनीतिक अवस्थाले स्थायित्व लिन सकेको छैन । यस्तो स्थितिमा पीडित प्रभावितहरू सुरक्षित बसोबास

र अवसरको खोजीमा असुरक्षित स्थानागमन हुँदै ओसार पसार तथा बेचबिखनको उच्च जोखिममा रहेका छन् ।

देशमा रेमिट्यान्सको उज्यालो बढ्दै जाँदा सुगममा मात्र होइन दुर्गमका गाउँहरू समेत सम्पन्न र समुन्नत बन्दै गइरहेका छन् । पक्कै पनि यो सुखद् अवस्था हो । तर अब त्यस भित्र लुकेका अनगिन्ती अँध्यारा पाटाहरूको पनि लेखाजोखा हुनु अत्यन्तै जरुरी भैसकेको छ । वैदेशिक रोजगारीको कारण आन्तरिक बेचबिखनमा पनि बढोत्तरी भएको देखिएको छ । पारिवारिक कलह, झैं-झगडा, हिंसा हुँदै विखण्डनका कारणले परिवारहरू एक्लिई रहेका छन् । लामो समयसम्म घर परिवारबाट टाढा र अलग रहँदा दम्पतीहरूमा मानसिक बिचलन, शंका-उपशंका, नैराश्यता, दोषारोपणको प्रवृत्ति, यसबाट सिर्जित घरेलु हिँसा र अन्तत : सम्बन्ध बिच्छेदका घटनाहरू बढ्नुमा वैदेशिक रोजगारीको सवाल कहीँ न कहीँ जोडिएकै हुन्छ । अभिभावक बीच सम्बन्ध बिच्छेद हुँदा बालबालिकाहरूको संरक्षण थप चुनौतीपूर्ण बनेको छ । सन्तानको गुणस्तरीय शिक्षा, स्वास्थ्य, तथा अवसरको खोजीमा परिवारहरू एकल र शहर केन्द्रित हुँदै गएका छन् । शहरी जीवन सोचे जस्तो सहज नभैदिंदा रोजगारका अन्य विकल्प खोज्ने क्रममा महिला तथा किशोरीहरू होटल, डान्स रेष्टुरेण्ट तथा मसाज पार्लरहरूमा कम सुविधा भए पनि सजिलै काम पाइने मनोरञ्जन प्रदायक संस्थाहरूमा काम गर्न पुग्छन् । जहाँ अत्यधिक मात्रामा श्रम शोषण तथा यौनजन्य हिंसा सहन वाध्य हुनुपर्ने र बेचबिखनमा पर्न सक्ने सम्भावना रहन्छ । परिवारमा पुरुष नहुँदा अन्य व्यक्तिको आड भरोसामा पर्नुपर्ने जसका कारण महिलाहरू यौन हिंसामा पर्ने, ठगिने र बेचबिखनमा पनि पर्ने गरका छन् ।

वैदेशिक रोजगारीको क्रममा यौन हिंसामा परेका तथा रोजगारदाताहरूबाट बलात्कारको शिकार भएका महिला तथा उनीहरूबाट जन्मेका सन्तानहरूको संरक्षणको सवाल पनि निकै नै चुनौतीपूर्ण रहेको छ । जन्म दर्ता तथा नागरिकता सम्बन्धी कठिन कानुनका कारण धेरै बालबालिकाहरू राज्य विहीन हुनुपर्ने अवस्था छ । जसका कारण महिलाहरूले पारिवारिक तथा सामाजिक अपहेलनाको शिकार हुनु परिरहेको छ भने बालबालिकाहरूको पनि पारिवारिक माया, ममता उचित स्याहार-सुसार, संरक्षण तथा मायालु वातावरणमा हुर्कन पाउने अधिकार कुण्ठित हुन पुगेको छ । यिनै बाल-बालिकाहरू भविष्यमा पुनः पीडित र प्रताडित बन्नु पर्ने अवस्था छ ।

पीडित तथा प्रभावित महिलाहलाई परिवार तथा समाजले स्वीकारेको अवस्था छैन । पारिवारिक वातावरण, माया, ममता तथा सामाजिक सद्भाव र सहानुभूतिको अभावमा मानसिक समस्याहरूबाट समेत पिरोलिएका छन्, उपेक्षित र अवहेलित हुने गरेका छन् । पारिवारिक पुनर्मिलन सहज हुन सकेको छैन भने सामाजिक पुनर्स्थापना पनि निकै चुनौतीपूर्ण रहेको छ । अतः उनीहरू जीवन निर्वाह तथा सहज जीवन यापनको बाटो खोज्दै जाँदा पुनः यौनहिंसा तथा बेचबिखनमा पर्न सक्ने सम्भावना पनि रहिरहन्छ ।

देशमा रेमिट्यान्स भित्र्याउन सहायक उनीहरूको संरक्षणको लागि सरकारले सामूहिक आवास गृहको व्यवस्था गरी आय आर्जनको उचित विकल्प दिनु जरुरी छ । रेमिट्यान्समा त्यति ठूलो योगदान दिने उनीहरूको स्वदेश फिर्ती पछि सुरक्षित र सम्मानित जीवन यापनको सुनिश्चितता कानुनमै उल्लेख हुनु जरुरी छ । उनीहरूबाट जन्मेका सन्तानलाई राज्यको नागरिकता सम्बन्धी कानुनले समेट्न सकेको छैन । उनीहरु नागरिक आमाका अनागरिक सन्तान बनिरहेका छन् । राज्यको सेवा सुविधाहरूबाट बञ्चित उनीहरूको बाल्यकालको साथै भविष्य पनि सुनिश्चित देखिदैन । अवसरको खोजीमा भौतारिदै जाँदा उनीहरू श्रम शोषणमा पर्न सक्ने, यौन हिंसाबाट प्रताडित हुने तथा बेचबिखनको सम्भावनमा पर्नुको साथै आपराधिक गतिविधिहरू समेत संलग्न हुनसक्ने खतरा रहिरहन्छ । अतः यस्ता बाल-बालिकाहरूको संरक्षणको जिम्मा राज्यले नै लिनु पर्छ ।

देशमा भित्रिने रेमिट्यान्सको अनुपात बढ्दो रुपमा छ भनेर गर्व गर्ने ठाउँ देखिँदैन । यो रेमिट्यान्सले पारिवारिक जग जति नै बलियो बनाए पनि राष्ट्रिय अर्थतन्त्रमा खासै फरक पारेको देखिदैन । देशमा भित्रिएको रेमिट्यान्सको बाढीलाई समेटेर एकत्रित गरी विकास निर्माण तथा उत्पादनशील क्षेत्रमा लगाउन सके ठूलो युवाशक्तिलाई विदेश पलायन हुनबाट रोक्न सक्ने निश्चित छ । देशमा बढेको सामाजिक विचलनसँग रेमिट्यान्सको तुलना कसरी हुन सक्छ ? सामाजिक अमनचैन र व्यक्तिगत आत्मसन्तुष्टि भएन भने आर्थिक सम्पन्नताको के नै अर्थ रहन्छ र ?

*(लेखक एटविनका कोषाध्यक्ष हुनुहुन्छ ।)*

# मकवानपुरमा मानव बेचबिखनको अवस्था



कुमारी वाइबा

**जिल्ला परिचय**

मकवानपुर जिल्ला नेपालको मध्यभागमा अवस्थित छ। उत्तरतर्फ करिब ६६ किलोमिटर लामो महाभारत श्रृङ्खला र दक्षिण तर्फ करिब ९२ किलोमिटर लामो चुरे पर्वतको काखमा मकवानपुर जिल्ला रहेको छ। राजधानी प्रवेशको मुख्य मार्गको रूपमा रहेको यस जिल्ला देश संघियतामा गए पश्चात् प्रदेश नं ३ मा पर्दछ। नारायणी अञ्चलको उत्तरी भागमा अवस्थित मकवानपुर जिल्ला पूर्वमा ललितपूर, काभ्रे, सिन्धुली, पश्चिम तर्फ चितवन, उत्तर तर्फ धादिङ र काठमाडौ र दक्षिण तर्फ बारा, पर्सा र रौतहट गरी नौ जिल्लासँग सिमाना जोडिएको छ। २,४२६ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यो जिल्लामा आठ वटा गाउँपालिकाहरू, एउटा नगरपालिका र एउटा उप-महानगरपालिका रहेको छ। निर्वाचनको आधारमा ४ वटा निर्वाचन क्षेत्रहरू यस जिल्लामा रहेको छ। २०६८ सालको जनगणना अनुसार यस जिल्लाको कूल जनसंख्या ४,२०,४७७ मध्ये पुरूष ४९.१५% छ भने महिला ५०.८५% रहेको छ । यहाँ तामाङ जातिको बाहुल्यता रहेको छ । जसअनुसार ४७.८२% तामाङ, १४.०९% ब्राम्हण, १०.७१% क्षेत्री, ६.२०% नेवार र बाँकि विभिन्न जातजातिहरूको बसोबास रहेको छ । यहाँ ६६.०% जनसंख्या कृषि तथा वनमा आश्रित रहेका छन् भने साक्षरता दर ६७.८५% रहेको छ । महिला साक्षरता दर ६०.५९% छ भने पुरूषको ७५.४१% रहेको छ।

**मानव बेचबिखनको अवस्था**

मकवानपुर जिल्लालाई पहिले देखि नै मानव बेचबिखनको दृष्टिकोणले कहिले दोस्रो त कहिले तेस्रो स्थानमा रहेको जिल्लाको रूपमा हेरिदै आएको छ र मानव बेचबिखनको समस्याबाट मकवानपुर जिल्ला पनि अछुतो छैन । मकवानपुर मानव बेचबिखनको जोखिममा परेको जिल्लामा पर्दछ। केही वर्ष अगाडिसम्म मकवानपुरमा बालबालिकाहरूलाई सर्कसमा काम गर्न पठाउंने जस्तो गम्भीर समस्या टड्कारो थियो । नेपालमा भएको ११ वर्ष लामो सशस्त्र द्वन्द्व पछि मानव बेचबिखनमा एउटा नयां प्रवृत्ति देखा परेको छ । त्यो हो महिला तथा बालबालिकाहरूलाई यौन तथा अन्य शोषणयुक्त कामहरूका लागि अरब राष्ट्र तथा अन्य राष्ट्रहरूतिर बेचबिखन गरिनु ।

बेचबिखनमा पर्नेहरू अधिकांश गरिब, उपेक्षित तथा ग्रामिण बालिकाहरूलाई राम्रो काम र आकर्षक तलब दिने, विवाह गर्ने तथा सुन्दर जीवनको लोभमा फसाइएको पाइएको छ। कतिपय बालिकाहरूलाई दलालहरूले घर, विद्यालय तथा कारखानाहरूबाटै जबरजस्ती लगेको पाइन्छ। अझ केही बालिकाहरूलाइ त उनीहरू भारतका कोठी वा अरब तथा अन्य देशहरूमा पुगी यौन तथा शोषणयुक्त श्रममा लाग्न बाध्य भएपछि मात्र आफूहरू बेचबिखनमा परेको कुरा थाहा हुन्छ। बेचबिखनमा परेका कूल बालिका तथा महिलाहरू मध्ये ३५ प्रतिशतलाई अपहरण गरी बेचबिखन गरेको अनुमान गरिएको छ । ती मध्ये केही भने आफ्नै अभिभावकबाट समेत बेचिएका छन् । त्यसै गरी केही बालबालिकाहरूलाई उनीहरूकै आमाबाबुले दलालहरू मार्फत सर्कसमा बेचेका घटनाहरू छन्। पछिल्लो चरणमा यस जिल्लामा आन्तरिक बेचबिखनको सवाल जल्दोबल्दो रूपमा देखा परेको छ । होटलहरूमा व्यवसायिक रूपमा नै यौन धन्दामा लागेका पनि भेटिन्छन् भने कतिपय त आफ्नै श्रीमानले होटलमा कोठा लिई सँगै बस्ने तथा दिनभरि अन्य होटलमा ग्राहकका साथमा पठाउंने गरेको तथ्य पनि होटलहरूबाट विभिन्न मुद्दाहरू जिल्ला प्रहरी कार्यालयसम्म आइपुग्दा सार्वजनिक हुन आएको देखिन्छ । मानव बेचबिखनसँग सम्बन्धित उल्लिखित घटनाक्रमहरू नै मकवानपुरका प्रमुख समस्याहरू हुन्। यस जिल्लामा घरेलु हिंसा, बालबिवाह, बलात्कार,

असुरक्षित वैदेशिक रोजगार, बालश्रम, महिला विरूद्ध हिंसा, लैगिक विभेद, जातीय विभेद, सामाजिक संजालमा साइबर अपराध लगायत अन्य सवालहरू पनि व्याप्त रहेका छन् जुन सवालहरूले गर्दा मानव बेचबिखनलाई प्रश्रय दिइरहेको पाइन्छ । कतिपय घटनाहरूलाई गोपनीयताको दृष्टिकोणले यसमा समेट्न सकिएको छैन । यस्ता घटनाहरूको घटना अध्ययन् यस मकवानपुर जिल्लाको यस क्षेत्रमा कार्य गर्ने सम्बन्धी संघसंस्थाहरूसँग अभिलेखका रूपमा रहेका छन् ।

बेचबिखनका प्रभावितहरू मध्ये सीमान्तकृत समूह र दलित समुदायको संख्या धेरै छ। यी समूह तथा समुदायका बालबालिका तथा महिलाहरू बेचबिखनमा पर्ने प्रमुख कारणहरू उपेक्षा, सचेतनाको अभाव गरिबी तथा न्यून साक्षरता दर हुन् । राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनले सन् २००४-०७ को बीचमा मकवानपुरका १४९ बालबालिकाहरूलाई भारतीय सर्कस कम्पनीबाट उद्धार गरेको कुरा देखाइएको छ । मानव बेचबिखनकै कारणले नेपालमा एचआइभी एड्सको प्रकोप फैलिनका लागि उपयुक्त वातावरण सिर्जना भइरहेको छ। वैदेशिक रोजगारीका लागि गरिने गैरकानुनी आप्रवासनले मानव बेचबिखनलाई प्रश्रय दिइरहेको छ । वैदेशिक रोजगारी सम्बन्धी अथवा सुरक्षित ढंगबाट प्रवासमा जाने ज्ञानको अभावले मानव बेचबिखनलाई मलजल गरिरहेको छ । बालबालिकाहरू सर्कस, उंट दौड, घरेलु श्रम, इम्ब्रोइडरी कारखाना, जडी भर्ने, माग्ने काम तथा यौन शोषणका लागि बेचबिखनमा पर्ने गरेका छन् ।

प्रतिवर्ष नेपालमा बालिका तथा महिलाहरू ठूलो संख्यामा आन्तरिक वा वाह्य बेचबिखनमा पर्ने गरेका छन् । मानव बेचबिखनको प्रकृया, उद्देश्यमा आएको परिवर्तन तथा पीडकहरूले अपनाउंने बाटो आदिका कारणले मानव बेचबिखनको जोखिममा पर्न सक्ने मानिसहरूको संख्या अझ वृद्धि भैरहेको छ । वर्तमान परिप्रेक्ष्यमा नियाल्ने हो भने विश्वको बदलिंदो परिवेश, विश्वव्यापीकरण तथा खुल्ला र उदार आर्थिक अर्थनीति, द्वन्द्व हिंसा, बेरोजगारी आदिका कारण मानिसहरूको बसाइँसराई विश्व भरि नै तीव्र गतिले बढिरहेको छ । विश्व बजारमा हातहतियार र लागू पदार्थ पछिको तेस्रो ठूलो व्यापारको रूपमा मानव बेचबिखनलाई लिइएको छ । पहिले चेलीबेटी बेचबिखन भनिने यस मुद्दालाई हाल मानव बेचबिखन भन्ने गरिएको छ । मकवानपुर जिल्लामा बसाइँसराई तथा बैदेशिक रोजगारीमा जानेको संख्या पनि दिनानुदिन बढ्दै गइरहेको छ । मकवानपुर जिल्लामा मानव अधिकार संरक्षण तथा मानव बेचबिखन विरूद्धको संजालमा आबद्ध २९ वटा संघ संस्थाहरूले प्रत्यक्ष वा कुनै ले अप्रत्यक्ष रूपमा मानव बेचबिखन विरूद्धको क्रियाकलापहरू संचालन गर्दै आइरहेका छन्। यस संजालले जिल्ला प्रशासन कार्यालयको हाता भित्र बैदेशिक रोजगारीमा जान राहदानी बनाउंन आउने महिला दिदीबहिनीहरूलाई सुसूचित परामर्श प्रदान गर्दै आइरहेको छ । सो परामर्श कक्षको अभिलेखमा सन् २०१४ मा २,१८१ जना, सन् २०१५ मा २,४६७ जना, सन् २०१६ को अक्टोबर सम्ममा १,५६० जना र सन् २०१७ को अक्टोबर सम्ममा २,२४० जना महिलाहरूलाई सुरक्षित बैदेशिक रोजगारी बारेमा सूचना दिइएको छ । यसरी परामर्श दिई सूचना दिइंदा महिलाहरूले सुरक्षित महशुस गर्नुका साथै विभिन्न प्रकारका एजेन्टहरूको षडयन्त्रबाट बच्न सफल पनि भएका छन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरको मुद्दा फाँटको तथ्यांक अनुसार आर्थिक वर्ष ०७१/०७२ मा मानव बेचबिखनको ३ वटा मुद्दा दर्ता भएको थियो भने ०७२/०७३ मा ३, ०७३/०७४ मा ८ र ०७४/०७५ मा २ गरी जम्मा १६ वटा मुद्दाहरू दर्ता भएको छ ।

अन्धविश्वास, कुसंस्कार र पितृसत्तात्मक समाजका कारण र कानुन हुँदा हुँदै पनि प्रभावकारी कार्यान्वयनको अभावमा अपराधिक क्रियाकलापहरू अझै वृद्धि भइरहेको छ र समाजमा अपराध व्याप्त छ । यस्ता अपराधिक गतिविधिहरूका कारणले पनि मानव बेचबिखन हुने गरेको छ । समय समयमा आइरहने प्राकृतिक प्रकोप, जातीय विभेदका कारण, स्रोत साधनको असमान वितरण, गरिबी र बेरोजगारी, अशिक्षाको कारणले पनि देशमा द्वन्द्व बढ्दै गइरहेको छ । त्यसैगरी रेष्टुरेण्ट, होटल, गलैंचा कारखाना र घरेलु कामदारको बहानामा समेत यस जिल्लाका किशोर किशोरीहरू र बालबालिकाहरू समेत बेचिएका छन् । यसरी विभिन्न प्रयोजनका कारण बेचबिखनमा परेका महिला एवं बालबालिकाहरूको मानव र बाल अधिकार हनन् भएको छ ।

**मानव बेचबिखन न्यूनीकरणका लागि अपनाउनु पर्ने उपायहरू**

रोजगारी पाउने आसामा बेचबिखनमा परेका र पर्नसक्ने व्यक्तिहरूका लागि सामुदायिक सचेतना, सँगसँगै आयआर्जन र जीविकोपार्जनका लागि विभिन्न सीपमूलक कार्यक्रम संचालन गरिनु पर्छ । मानवबेचबिखनबाट प्रभावितहरूका लागि आफ्ना अधिकार सुनिश्चितताका लागि र समुदायमा सचेतना गराउनुका साथै सरकार समेत संवेदनशील हुनुपर्छ। मानव बेचबिखन विरूद्ध बाल कल्याण केन्द्रिय समिति, जिल्ला समिति तथा गाउँ समितिहरू सक्रिय गराउनु पनि उत्तिकै जरूरी छ । सेवा प्रदायक संस्थाहरूका प्रतिनिधीहरूलाई पनि मानव बेचबिखन विरूद्ध तथा सुरक्षित बैदेशिक रोजगारीका विषयमा नीति नियम सम्बन्धी अभिमुखिकरण गराउनु जरुरी छ । मानव बेचबिखन विरूद्धको राष्ट्रिय नीति प्रभावकारी कार्यान्वयन गराउन सरकार र सरोकारवाला संघ संस्थाहरू लाग्नु पर्दछ। मकवानपुर जिल्लाको हकमा मानव बेचबिखनका तथ्यांक संकलन गरी तथ्यमा आधारित भएर कार्य गर्न जरूरी छ । हालसम्म पनि सबै क्षेत्रले पहिले कै तथ्यांकलाई लिएर काम गरिरहेका छन् । तथ्यांक संकलन गरी कार्य सम्पादन गर्दा मानव बेचबिखन जस्ता जघन्य अपराधलाई न्यूनीकरण गर्ने नयां नयाँ तरिकाहरूको अवलम्बन गर्न सकिन्छ साथै राज्यलाइ पनि एक किसिमको आधार तयार हुन्छ र बेचबिखनलाई निमिटयान्न पार्न सहयोग पुग्दछ। त्यसैले मानव बेचबिखन जस्तो अपराध न्यूनीकरण तथा अन्त्य गर्नका लागि कुनै एक पक्षले प्रयास गर्दैमा सम्भव छैन, यसका लागि राज्य, संचार क्षेत्र, नागरिक समाज र सबै सेवा प्रदायक संघ संस्थाहरू एकजुट भई अभियानमा लागि परेमा जस्तोसुकै कठिनाई र चुनौतिका वाबजुद पनि मानव बेचबिखनको सवाललाइ अन्त्य गर्न सक्छौ भन्ने मेरो निष्कर्ष छ ।

*(लेखक मकवानपुरस्थित हिमालयन हयूमनराइट्स मनिटर्स (हिमराइट्स) को जिल्ला कार्यक्रम संयोजक हुनुहुन्छ ।)*




**बधाई ज्ञापन !**

एटविनका पूर्व सल्लाहकार श्री **शान्ता सेढाई सापकोटा**ज्यू **बुटवल उच्च अदालतका न्यायाधीश**मा नियुक्त हुनु भएकोमा वहाँको कार्यकालको सफलताको शुभकामना सहित **हार्दिक बधाई ज्ञापन** गर्दछौं ।

**अन्जना शाक्य**
अध्यक्ष तथा एटविन परिवार

# बेचबिखनको जोखिममा धादिङ जिल्ला



✍ उषा विक

**जिल्ला परिचय**

नेपालको ७७ जिल्लाहरू मध्ये धादिङ जिल्ला पनि एक हो जुन प्रदेश नं ३ मा पर्दछ । यसमा २ वटा नगरपालिकाहरू र ११ वटा गाउपालिकाहरू रहेका छन् । यसभित्र जनजातिहरूको बाहुल्यता बढी रहेको छ। जनजातिमा पनि मुख्यतः तामाङ जातिको बाहुल्यता रहेको छ। त्यसैगरी सिमान्तकृत समुदाय चेपाङका साथै कुमाल जातिको पनि बसोबास यसै जिल्लामा रहेको छ । यसदेखि बाहेक ब्राह्मण, क्षेत्री, दलित लगायत अन्य जातजातिहरूको बसोबास यस जिल्लामा रहेको छ । दक्षिणमा महाभारत पर्वतदेखि उत्तरमा चीनको तिब्बतसम्म फैलिएको धादिङ नेपालको एक मात्र जिल्ला हो। यसको पूर्वतर्फ नुवाकोट र रसुवा पर्दछ भने दक्षिणमा मकवानपुर र चितवन र पश्चिममा गोरखा जिल्ला रहेको छ। यस अन्तर्गत पृथ्वी राजमार्गको ८६ कि.मी. भाग पर्दछ। यस राजमार्ग भएर नेपालको ६२ वटा जिल्लाहरूका साथै छिमेकी राष्ट्र भारतसम्म पुगिन्छ । धादिङ जिल्लामा हिन्दु, इसाई, बौद्ध धर्मका साथै केही मात्रामा मुस्लिम धर्मालम्बीहरूको बसोबास रहको छ । यस जिल्लाको मुख्य पेशा कृषि तथा पशुपालन हो भने वैदेशिक रोजगार, व्यापार व्यवसाय र ज्याला मजदुरी पनि पेशाको रुपमा अपनाउदै आएको पाइन्छ । यस जिल्लामा आत्मनिर्भरता कम नै रहेको छ । शिक्षाको अवस्था हेर्ने हो भने सन्तोषजनक नै मान्न सकिन्छ । यहाँ एउटा स्नातकोत्तरसम्म पढाइ हुने क्याम्पस रहेको छ ।

**मानव बेचबिखनको अवस्था**

धादिङ सहित यसका छिमेकी जिल्लाहरू सिन्धुपाल्चोक, रसुवा, नुवाकोट मानव तस्करी तथा चेलीबेटी बेचबिखनको उच्च जोखिममा रहेको छ । अझ विशेष गरी महिला तथा बालबालिकाहरू उच्च जोखिममा छन् । उत्तरी धादिङका साविकका ९ गाविसहरू हाल रुबीभ्याली गाउँपालिका, खनियाँबास गाउँपालिका, र नेत्रावती गाउँपालिकामा धर्मका नाममा ओसारपसार तथा बेचबिखन भइरहेको छ । उज्जवल भविष्यको सपना देखाउँदै पढाउने र बालगृहहरूमा आवासीय सुविधा दिने नाममा बालबालिकाहरूको बेचबिखन भइरहेको छ । महिला तथा बालबलिकाहरूलाई धार्मिक कार्यमा लगाउने भन्दै दिनानुदिन ओसारपसार भइरहेको छ । त्यसैगरी धादिङकै दक्षिणी क्षेत्रमा पनि महिला तथा बालबालिकाहरू जोखिममा रहेका छन् । पृथ्वी राजमार्ग क्षेत्रको ठूलो भू-भाग पर्ने भएकोले नि ओसार पसार र बेचबिखनको जोखिम रहेको मान्न सकिन्छ । ६२ जिल्लाहरू यही बाटो भएर जाने तथा पूर्वी देखि सुदुर पश्चिम नेपाल र भारतको सीमा यही बाटो भएर पार गर्ने हुँदा नि जोखिम उच्च हुन गएको हो । राजमार्ग आसपासमा किशोरकिशोरी तथा महिलाहरूको यौन व्यवसाय फस्टाएकोबाट पनि त्यस ठाउँमा बेचबिखन भइरहेको छ भन्न सकिन्छ। यसरी आन्तरिक तथा बाह्य मानव बेचबिखन भइरहेको छ ।

त्यसैगरी धादिङको सिंगो अवस्थालाई हेर्ने हो भने किशोर तथा पुरूषहरू पनि जोखिममा रहेका छन् । महिला तथा बालबालिकाहरूको तुलनामा पुरूष कम जोखिममा रहेतापनि खतरा भने रहेको छ । पुरूषहरू गैरकानुनी आप्रवासनका (सरकारले निषेध गरेका मुलुकहरूमा रोजगारीमा जानेर वा नजानेर जाने) माध्यम श्रम शोषणमा पर्ने, कम ज्याला दरमा वा सित्तैमा काम गर्न, शरीरका अङ्ग प्रत्यङ्ग निकाल्नका लागि बेचबिखनमा परिरहेका हुन्छन् । बालक तथा किशोरहरू भने अप्राकृतिक यौन क्रियाकलापमा संलग्न गराउन, घरेलु कामदारको रूपमा प्रयोग गर्न, सर्कसमा खेलाउन, माग्ने बनाउन, आपराधिक क्रियाकलापमा संलग्न गराउनका लागि बेचबिखनमा परिरहेका छन् । मानव तस्करी आन्तरिक तथा बाह्य दुवै भइरहेको छ ।

बालबालिकाहरू आन्तरिक रूपमा घरेलु कामकाजको लागि बढी ओसारपोसार भइरहेका छन् । उनीहरूलाई ज्याला नदिए हुने काममा बढी लगाउन पाइने हुनाले पनि जोखिम बढी रहेको छ । किशोरी तथा महिलाहरू मनोरञ्जन क्षेत्र (मसाज, डान्सबार, दोहरी, डिस्को), यौन श्रम शोषण, घरेलु काम, गैरकानुनी विवाह, वैदेशिक रोजगारका नाममा बेचबिखनमा परेका छन् ।

समग्र रूपमा हेर्दा धादिङ जिल्ला मानव बेचबिखनको जोखिमको अवस्थामा रहेको छ । राजधानीसँग जोडिएको भएपनि दियोमुनिको अध्याँरो भने जस्तो अवस्थामा रहेको छ ।

*(उषा वि.क नेपाल पत्रकार महासंघ धादिङको सदस्य, गै.स.स महासंघ धादिङको सह-सचिव एवं प्रयास नेपालका अध्यक्ष हुनुहुन्छ ।)*

# सचेत बनौं !

१. पहिलो सलाम हेर संस्थागतहरूलाई
दोस्रो सलाम उपस्थित सबैलाई
मानव बेचे हेर लोभैमा परेर
दलालहरूले अन्याय गरेर

२. बेचबिखनलाई हेर सकिन्छ छेक्नलाई
अघि बढौ बेचबिखन रोक्नलाई
मानब बेचे हेर लोभैमा परेर
दलालहरूले अन्याय गरेर

३. यौनजन्य हेर काममा लाइदिने
परिश्रम सबै खाइदिने
मानव बेचे हेर लोभैमा परेर
दलालहरूले अन्याय गरेर

४. मानव बेचे हेर हल्ली र खल्ली
विदेशमा भाको छन् कत्तिको बिचल्ली
मानव बेचे हेर लोभैमा पारेर
दलालहरूले अन्याय गरेर

५. सबै कुरा हेर बुझ्नलाई संस्था जाऊँ
सीपयुक्त भएर विदेश जाऊँ
मानव बेचे हेर लोभैमा परेर
दलालहरूले अन्याय गरेर

६. जागिर लाउँछु हेर भनेर लान्छ नि
अङ्ग झिकी बेचेर खान्छ नि
मानव बेचे हेर लोभैमा पारेर
दलालहरूले अन्याय गरेर

७. संस्थाहरूले हेर धेरैलाई जगाए
दलालहरूलाई दिऊँ कडा सजायँ
मानव बेचे हेर लोभैमा पारेर
दलालहरूले अन्याय गरेर

८. मानवहरूलाई हेर फकाएर लान्छ नि
श्रम जति लुटेर खान्छ नि,
मानव बेचे हेर लोभैमा पारेर
दलालहरूले अन्याय गरेर ।

९. पैसा जति हेर दलालले उडाउँछन्
अङ्ग भङ्ग पारेर फसाउँछन्,
मानव बेचे हेर लोभैमा पारेर
दलालहरूले अन्याय गरेर ।

१०. कतिलाई त हेर बिचल्ली पार्दिन्छन्
पैसा लुटी अकालमा मार्दिन्छन्
मानव बेचे हेर लोभैमा पारेर
दलालहरूले अन्याय गरेर

११. सबै मिली हेर बेचबिखन रोकैं है
काम नबुझी जानेलाई छेकौं है,
मानव बेचे हेर लोभैमा पारेर
दलालहरूले अन्याय गरेर

१२. छोरा छोरी हेर पढ्नलाई पठाउनु
बेचबिखनमा सचेत गराउनु,
मानव बेचे हेर लोभैमा पारेर
दलालहरूले अन्याय गरेर ।

*जुगल बालक्लब, सिन्धुपाल्चोक*

ऐन दस्तावेज

*फौजदारी कसूर सम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक*

# "मुलुकी अपराध (संहिता) ऐन, २०७४"

व्यवस्थापिका संसदले फौजदारी कसूर सम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न **मुलुकी अपराध (संहिता) ऐन, २०७४** पारित गरेको छ। उक्त ऐनमा मानव बेचबिखन, दासत्व तथा शोषणलाई सम्बोधन गरेका केहि प्रावधानहरूलाई मात्र जानकारीकालागि यहाँ प्रस्तुत गरिएको छ। सम्पूर्ण जानकारीकालागि सम्बन्धित निकायको वेभसाइट हेर्न सकिन्छ।

**मुलुकी अपराध (संहिता) ऐन, २०७४**

प्रमाणीकरण मिति २०७४।६।३०

**प्रस्तावना :** मुलुकमा कानून तथा व्यवस्था कायम गरी सर्वसाधारणको नैतिकता, शिष्टाचार, सदाचार, सुविधा, आर्थिक हित कायम राख्न, विभिन्न धार्मिक तथा साँस्कृतिक समुदायबिचको सुसम्बन्ध तथा शान्ति कायम गर्न, फौजदारी कसूर निवारण र नियन्त्रण गर्न र तत्सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गरी समयानुकूल फौजदारी कसूर सम्बन्धी संहिताको व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ।

**भाग - १**

**परिच्छेद -२**

**फौजदारी न्यायका सामान्य सिद्धान्त**

**३२. अपराध पीडितलाई मुद्दाको कारबाहीको जानकारी र क्षतिपूर्ति पाउने हक हुने :** (१) अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुनेछ।

(२) अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ।

**परिच्छेद- ५**

**सजाय र अन्तरिम क्षतिपूर्ति सम्बन्धी व्यवस्था**

**४८. अन्तरिम क्षतिपूर्तिको लागि आदेश दिन सक्ने :** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कसूर भएको कारणबाट त्यस्तो कसूरबाट पीडित व्यक्ति वा निजमा आश्रित व्यक्तिलाई तत्काल उपचार गराउनु पर्ने भएमा वा क्षतिपूर्ति वा कुनै प्रकारको राहत रकम दिनु परेमा त्यस्तो व्यक्तिलाई औषधोपचार गराउन वा अन्तरिम रुपमा क्षतिपूर्ति वा राहत रकम तिर्न अदालतले त्यस्तो कसूरको अभियोग लागेको व्यक्तिलाई आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम आदेश भएकोमा त्यस्तो अभियोग लागेको व्यक्तिले त्यस्तो क्षतिपूर्ति वा रकम पीडित वा निजमा आश्रित व्यक्तिलाई तुरुन्त उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको आदेश बमोजिम क्षतिपूर्ति वा रकम उपदफा (२) बमोजिम उपलब्ध गराउन नसकेमा पीडित वा निजका आश्रित व्यक्तिलाई फौजदारी कसूरमा सजाय निर्धारण र कार्यान्वयन सम्बन्धी प्रचलित कानून बमोजिम स्थापना भएको पीडित राहत कोषबाट क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउन अदालतले आदेश दिनेछ र त्यसरी उपलब्ध गराइएको रकम त्यस्तो अभियोग लागेको व्यक्तिबाट असुल उपर गरी त्यस्तो कोषमा शोधभर्ना गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम क्षतिपूर्ति वा राहत रकम तिरेको व्यक्तिले अदालतबाट फैसला हुँदा अभियोगबाट सफाई पाएमा त्यस्तो क्षतिपूर्ति वा राहत रकम पाउने व्यक्तिले त्यस्तो रकम त्यसरी सफाइ पाएको पैंतीस दिनभित्र निजलाई वा उपदफा (३) बमोजिमको पीडित राहत कोषमा फिर्ता गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको अवधिभित्र त्यस्तो व्यक्तिले त्यस्तो रकम फिर्ता नगरेमा अदालतले त्यसरी सफाइ पाएको साठी दिनभित्र त्यस्तो व्यक्तिको जुनसुकै जायजेथाबाट त्यस्तो रकम भराई दिनु पर्नेछ।

**भाग -२**

**फौजदारी कसूरहरु**

**परिच्छेद -५**

**सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता विरुद्धका कसूर**

**११९. वेश्यागमनको प्रचार गर्न नहुने :** (१) कसैले वेश्यागमनको लागि प्रचार, प्रसार गर्न हुँदैन ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**१२०. वेश्यावृति वा वेश्यागमनका लागि घर, जग्गा प्रयोग गर्न दिन नहुने :** (१) कसैले वेश्यावृत्ति वा वेश्यागमनको लागि जानीजानी आफ्नो घर, जग्गा, सवारी साधन उपलव्ध गराउन हुँदैन ।

**१२६. भिक्षा माग्न वा माग्न लगाउन नहुने :** (१) कसैले कुनै सार्वजनिक स्थानमा भिक्षा माग्न वा बालबालिकालाई गीत गाउने, नाच्ने, खेल्ने वा कुनै काम गर्ने वहानामा वा अन्य व्यक्तिलाई कुनै प्रकारको रकम वा ज्याला दिई भिक्षा माग्न वा भिक्षा माग्न दुरुत्साहन दिन हुँदैन ।

**परिच्छेद -१०**

**भेदभाव तथा अन्य अपमानजन्य व्यवहार सम्बन्धी कसूर**

**१६२. जवर्जस्ती काममा लगाउन नहुने :** (१) कसैले कसैलाई निजको इच्छा बिरुद्ध काममा लगाउन हुँदैन ।

तर सार्वजनिक कामको लागि कानून बमोजिम श्रममा लगाउन यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

**१६३. दास बनाउन नहुने :** (१) कसैले कुनै व्यक्तिलाई दास वा कमारा, कमारी बनाउन, त्यस्तो हैसियतमा राख्न, काममा लगाउन वा सो सरहको अन्य कुनै पनि व्यवहार गर्न वा गराउन हुँदैन ।

**१६४. बन्धक बनाउन वा बाँधा राख्न नहुने :** (१) कसैले कुनै व्यक्तिलाई कुनै पनि प्रकारको प्रतिफल बापत कमैया राख्न वा बन्धक बनाउन वा बाँधा राख्न वा बाँधाको हैसियतमा काममा लगाउन वा सो सरहको अन्य कुनै पनि प्रकारको व्यवहार गर्न वा गराउन हुँदैन ।

**परिच्छेद -११**

**विवाह सम्बन्धी कसूर**

**१७३. बाल विवाह गर्न नहुने :** (१) विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) विपरीत भएको विवाह स्वतः बदर हुनेछ ।

**१७५. वहुविवाह गर्न नहुने :** (१) विवाहित पुरुषले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को विवाह गर्नु हुँदैन ।

(२) कुनै पुरुष विवाहित हो भन्ने जानीजानी त्यस्तो पुरुषसँग कुनै महिलाले विवाह गर्नु हुँदैन ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि पति पत्नीले कानून बमोजिम अंशवण्डा गरी भिन्न भएमा पुरुष वा महिलाले पुनः विवाह गर्न सक्नेछ ।

**परिच्छेद - १७**

**अपहरण वा शरीर बन्धक सम्बन्धी कसूर**

**२११. अपहरण गर्न नहुने :** (१) कसैले कुनै व्यक्तिलाई अपहरण गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि कसैले देहायको कुनै काम गरेमा निजले अपहरण गरेको मानिनेछ :

(क) कुनै व्यक्तिलाई बल प्रयोग गरी वा सो प्रयोग गर्ने धम्की दिई, छलकपट गरी वा डरत्रासमा पारी, जोर जुलुम गरी, हातहतियार देखाई वा नदेखाई वा झुक्यानमा पारी वा नशालु पदार्थ वा मादक पदार्थ सेवन गराई वा कुनै व्यक्ति यात्रा गरी रहेको सवारी साधन कुनै किसिमले कब्जा वा नियन्त्रणमा लिई वा त्यस उपर कुनै किसिमले नियन्त्रण गरी निजलाई कुनै ठाउँमा लगेमा वा जान बाध्य गराएमा वा,

(ख) कुनै व्यक्तिलाई निजको मञ्जुरी विना वा बालबालिका वा शारीरिक अशक्तताको कारणले अरुको आश्रयमा बसेको वा मानसिक अस्वस्थताको कारणले होस ठेगानमा नरहेको व्यक्तिलाई निजको बाबु आमा वा संरक्षकको मञ्जुरी विना वा झुक्यानमा पारी जवर्जस्ती कुनै ठाउँमा लगेमा ।

**२१२. शरीर बन्धक लिन नहुने :** (१) कसैले कसैको शरीर बन्धक लिन हुँदैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि कसैले कुनै व्यक्तिलाई निजको मञ्जुरी विना वा बालबालिका र

होस ठेगान नभएको व्यक्ति भए निजको आमा बाबु वा संरक्षकको मञ्जुरी विना बल प्रयोग गरी वा सोको धम्की दिई, डर त्रास देखाई, जोर जुलुम गरी, हातहतियार देखाई वा नदेखाई छलकपट गरी, झुक्यानमा पारी, नशालु वा मादक पदार्थ सेवन गराई, यातायातको साधन वा रहे बसेको ठाउँ कब्जा गरी वा नियन्त्रणमा लिई थुनामा वा नियन्त्रणमा राखेमा शरीर बन्धक लिएको मानिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मानसिक रुपमा अस्वस्थ व्यक्तिलाई निजको बाबु, आमा वा संरक्षकको मञ्जुरी लिई असल नियतबाट सम्बन्धित व्यक्तिको हितको लागि उपचार गर्ने क्रममा वा अन्य कुनै प्रयोजनका लागि कसैको निगरानी वा नियन्त्रणमा राखिएकोमा शरीर बन्धक लिएको मानिने छैन ।

## परिच्छेद – १८
## करणी सम्बन्धी कसूर

**२१९. जवर्जस्ती करणी गर्न नहुने :** (१) कसैले जवर्जस्ती करणी गर्न हुँदैन ।

(२) कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएर भए पनि अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जवर्जस्ती करणी गरेको मानिनेछ ।

स्पष्टीकरण : यस परिच्छेदको प्रयोजनको लागि :

(क) करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी वा अपहरण गरी वा शरीर बन्धक लिई लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन,

(ख) होस ठेगानमा नरहेको अवस्थामा लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन,

(ग) गुदद्वार वा मुखमा लिङ्ग पसाएमा, गुदद्वार, मुख वा योनीमा लिङ्ग केही मात्र पसेको भएमा, लिङ्ग बाहेक अन्य कुनै वस्तु योनीमा प्रवेश गराएमा पनि जवर्जस्ती करणी गरेको मानिनेछ ।

**२२२. आफ्नो संरक्षण वा सुरक्षामा रहेको व्यक्तिसँग करणी गर्न नहुने :** (१) कसैले आफूले संरक्षण वा सुरक्षा दिएको वा आफ्नो हेरविचारमा रहेको कुनै व्यक्तिसँग करणी गर्न वा करणी गर्न अरुलाई सहयोग गर्न वा होस ठेगानमा नरहेको वा शारीरिक वा मानसिक रोग लागी उपचार वा पुनर्स्थापना गर्ने कुनै संस्थामा राखिएको कुनै व्यक्तिसँग त्यस्तो संस्थाका पदाधिकारी वा कर्मचारीले करणी गर्न हुँदैन ।

**२२३. कार्यालय वा पेशागत सेवा प्राप्त गर्ने व्यक्तिसँग करणी गर्न नहुने :** (१) सरकारी वा निजी कार्यालयमा कार्यरत वा कुनै पेशागत सेवा वा व्यावसायिक कामको लागि सम्पर्कमा आएको वा रहेको कुनै व्यक्तिसँग त्यस्तो कार्यालयमा काम गर्ने कर्मचारी वा त्यस्तो सेवा उपलब्ध गराउने व्यक्तिले कार्यालयको काम गर्दा वा त्यस्तो सेवा उपलब्ध गराउँदा वा गराउने स्थानमा करणी गर्न वा करणी गर्न अरुलाई सहयोग गर्न हुँदैन ।

**२२४. यौन दुर्व्यवहार गर्न नहुने :** (१) कसैले कसैलाई यौन दुर्व्यवहार गर्न वा गराउनु हुँदैन ।

(२) कसैले आफ्नो पति वा पत्नी बाहेक अन्य व्यक्तिलाई निजको मञ्जुरी विना करणीका आशयले समातेमा वा निजको संवेदनशील अङ्ग छोएमा वा छुन प्रयास गरेमा, निजको भित्री पोशाक खोलेमा वा खोल्ने प्रयास गरेमा, निजले लगाउने भित्री पोशाक लगाउन वा फुकाल्न कुनै किसिमले बाधा अवरोध गरेमा वा निजलाई अस्वाभाविक रुपमा कुनै एकान्त ठाउँमा लगेमा, यौन सम्बन्धी आफ्नो अङ्ग निजलाई छुन, समाउन लगाएमा, निजसँग अश्लिल वा अन्य त्यस्तै प्रकारको शब्द मौखिक, लिखित वा साङ्केतिक रुपमा वा विद्युतीय माध्यमबाट प्रयोग गरेमा, अश्लिल चित्र वा तस्वीर देखाएमा, यौनका आशयले जिस्क्याएमा वा हैरानी दिएमा वा निजसँग अस्वाभाविक, अवाञ्छित वा अमर्यादित व्यवहार गरेमा निजले यौन दुर्व्यवहार गरेको मानिनेछ ।

**२२५. बालयौन दुरुपयोग गर्न नहुने :** (१) कसैले बालयौन दुरुपयोग गर्न वा गराउन हुँदैन ।

(२) कसैले करणीका आशयले बालबालिकालाई अस्वाभाविक रुपमा एकान्तमा लगेमा, यौन सम्बन्धी निजको अङ्ग छोएमा वा समातेमा, यौन सम्बन्धी आफ्नो अङ्ग निजलाई छुन वा समाउन लगाएमा वा निजसँग अन्य कुनै किसिमको यौनजन्य अस्वाभाविक व्यवहार गरेमा बालयौन दुरुपयोग गरेको मानिनेछ ।

साभार : www.lawcommission.gov.np/documents/2017/10/मुलुकी.अपराध.संहिता.ऐन.pdf

# महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह नेपाल
# (एटविन)
# संक्षिप्त प्रगति प्रतिवेदन

**२०७३ मंसिर १ - २०७४ मंसिर १५ सम्म (१६ नोभेम्बर २०१६ - १५ नोभम्बर ३० २०१७ सम्म)**

| क्र.स. | मिति | क्रियाकलाप/ संस्थागत | स्थान |
|---|---|---|---|
| १. | २०७४ श्रावण २७ | **एटविन स्थापनाको २० वर्ष पुरा गरेको अवसरमा "मानव बेचबिखन विरुद्ध एटविन २० वर्ष" नामक अनुसन्धानमूलक पुंस्तक प्रकाशन र विमोचन कार्यक्रम**<br>महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह, नेपाल एटविन) ले आफ्नो स्थापनाकालको २० औं वर्ष पुगेको अवसरमा "मानव बेचबिखन विरुद्ध एटविनको २० वर्ष" पुस्तक लोकार्पण समारोह आयोजना गर्‍यो । पुस्तकमा मानव बेचबिखन विरुद्धको अभियानको अग्रज अभियन्ताहरूको अनुभव र धारणा, लेख-रचना, अन्तर्वार्ता र तथ्य-तथ्याङ्कहरूका साथै मानव बेचबिखन विरुद्धको अभियानलाई सिंहावलोकन गरिएको छ । एटविनका अध्यक्ष मिना विष्टको अध्यक्षताका साथै राष्ट्रिय मानव अधिकारका अध्यक्ष मा. अनुपराज शर्माको प्रमुख आतिथ्यमा सम्पन्न लोकार्पण समारोहमा वरिष्ठ मानव अधिकारकर्मी शुशिल प्याकुरेल, राष्ट्रिय मानव अधिकार आयोगका पूर्व आयुक्त गौरी प्रधान, राष्ट्रिय महिला आयोगका कार्यवाहक अध्यक्ष भगवती घिमिरे, राष्ट्रिय मानव अधिकार आयोगकी सदस्य मा. मोहना अन्सारी, पाटन उच्च अदालतका मा. न्यायधिश टेक नारायण कुवँर, महिला अधिकारकर्मी डा. रेणु अधिकारी राजभण्डारी, मानव अधिकारकर्मी सुबोध राज प्याकुरेल, मेलम्ची नगरपालिकाका उप-मेयर भगवती नेपाल, माइती नेपालका अध्यक्ष अनुराधा कोइराला, एबिसीका अध्यक्ष दुर्गा घिमिरे, गैसस महासंघका वरिष्ठ उपाध्यक्ष कृष्ण गौतम र निवर्तमान अध्यक्ष शर्मिला कार्की, डा. गोपाल कृष्ण सिवाकोटी, एटविनका पुर्व अध्यक्षहरू सन्ध्या श्रेष्ठ, इन्दिरा फुयाँल, देवी अधिकारी, सुनीता दनुवार, लक्ष्मी कार्की, विमला ज्ञवाली लगायत अन्य मानव तथा महिला अधिकारकर्मीहरू, संचारकर्मीहरू लगायत जम्मा १६५ जनाको सहभागिता थियो ।<br>प्रमुख अतिथि मा. अनुपराज शर्मा तथा अन्य अतिथिहरूबाट एटविनको २० वर्षे पुस्तक विमोचन गरिएको थियो । कार्यक्रममा शक्ति समूहको कलाकारहरूको टोलीले एक सांकेतिक नृत्य प्रस्तुत गरेका थिए । वरिष्ठ मानव अधिकारकर्मी गौरी प्रधानले लोकार्पण पुस्तकको विश्लेषण गर्नुभएको थियो ।<br>यसै अवसरमा मानव बेचबिखन विरुद्धको अभियानमा लामो समयदेखि निरन्तर लागिरहनु भएका ४ जना व्यक्तिहरू जसमा अभियन्ताका तर्फबाट भगवती नेपाल, प्रभावितको प्रतिनिधित्व गर्दै शक्ति समूहका संस्थापकद्वय सुनिता दनुवार र चरिमाया तामाङ र एटविनका कार्यकारी निर्देशक बेनु माया गुरुङलाई सम्मान गरियो ।<br>यस अभियानलाई विभिन्न कोणबाट सहयोग पुर्‍याउनु हुने व्यक्ति तथा संघसस्थाहरूलाई मायाको चिनो प्रदान गरिएको थियो । पूर्व अध्यक्षता गरी मानव बेचबिखन विरुद्धको अभियानमा योगदान गरेका सदस्य संस्थाहरू महिला पुनर्स्थापना केन्द्र, सिविन नेपाल, महिला आत्मनिर्भरता केन्द्र, इन्सेक, नारी सिप सिर्जना केन्द्र, ग्रामिण महिला सिर्जनसिल परिवार, शक्ति समुह, आरआरएन र सिविस लाई मायाको चिनो प्रदान गरिएको थियो ।<br>प्रमुख अतिथि राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष अनुपराज शर्मा तथा अतिथिहरू क्रमशः चरिमाया तामाङ, रेणु अधिकारी राजभण्डारी, सुवोधराज प्याकुरेल, टंक पन्त, शर्मिला कार्की, डा. गोपाल कृष्ण शिवाकोटी, दुर्गा घिमिरे, भगवती नेपाल, भगवती घिमिरे र टेक नारायण कुवँरले आफ्नो मन्तव्य राख्नु भएको थियो । | नयाँ बानेश्वर, काठमाडौं १६५ |
| २. | २०७४ श्रावण २७ | **एटविनको चौधौं साधारण सभा र सातौं अधिवेशन**<br>एटविनको चौधौं साधारण सभा र सातौं अधिवेशन अध्यक्ष मीना बिष्टको अध्यक्षतामा बसेको थियो । महासचिव रश्मिला शाक्यले कार्यक्रमिक तथा कोषाध्यक्ष सम्झा श्रेष्ठले आर्थिक प्रतिवेदन प्रस्तुति तथा अनुमोदन गर्नुभयो । आगामी कार्य-योजना/कार्यक्रम सदस्य उमा सुवेदीले प्रस्तुत तथा अनुमोदन गर्नु भयो । नारी संरक्षण केन्द्र, मकवानपुर, CAP नेपाल, शुभ अवसर ग्राम, ललितपुर र जनज्योति युवा समाज, सर्लाहीको सदस्यताको अनुमोदन र AWHRCको सदस्यता खारेज गर्ने निर्णय गरियो । वित्तीय तथा प्रशासन र कर्मचारी नियमावली संशोधनको प्रस्ताव सर्व-सम्मतिले पारित भयो । हिमराइट्सका अध्यक्ष श्री अन्जना शाक्यज्यूको नेतृत्वमा नयाँ कार्यसमिति गठन भई पुरानो कार्यसमितिलाई बिदाई गरियो । | नयाँ बानेश्वर, काठमाडौं |

| | | | |
|---|---|---|---|
| | **परियोजना तथा साझेदारको नाम : मानव बेचबिखन विरुद्धको वकालत, फ्री द स्लेभ्स** | | |
| ३. | २०७४ मंसिर ५ | **राष्ट्रिय महिला आयोगलाई ज्ञापनपत्र हस्तान्तरण**<br>एटविनले वकालत गर्दै आएका मानव बेचबिखन विरुद्धका विभिन्न मुद्दाहरू जस्तैः “संयुक्त राष्ट्रसंघको अन्तरदेशीय संगठित अपराध विरुद्धको महासन्धि र यसको मानव विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजायँ गर्ने आलेख (पार्लेमो प्रोटोकल) को अनुमोदन, “मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा नियमावली २०६५” मा सुधार, मनोरञ्जन क्षेत्रमा कार्यरत महिला तथा बालिकाहरूको समस्या पहिचान र समाधानका लागि अनुगमन, नयाँ मानव बेचबिखन विरुद्धको नीतिको निर्माण आदिलाई राखिएको थियो । उक्त ज्ञापनपत्र एटविन अध्यक्ष अन्जना शाक्यले आयोगका सचिव तुलसी राम सेढाईलाई हस्तान्तरण गर्नुभएको थियो । सचिव ज्यूले आगामी दिनहरूमा एटविनसँग मिलेर सहकार्य गर्न सक्ने मन्तव्य व्यक्त गर्नु भएको थियो । | भद्रकाली, काठमाडौं |
| ४ | २०७३ पूस | **मानव बेचबिखन विरुद्धको राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयन**<br>मानव बेचबिखन विरुद्धको राष्ट्रिय कार्य-योजनाको जिल्ला तहमा प्रभावकारी कार्यान्वयनका लागि मानव बेचबिखन विरुद्धको जिल्ला समिति लगायत सरोकारवालाहरूसँग जिल्ला स्तरीय कार्ययोजनाको पुनरावलोकन तथा योजना बैठकमा सहभागिता गरियो । बर्दियामा एटविन सदस्य संस्था शक्ति समूह तथा सिन्धुपाल्चोकमा ग्रामीण महिला सिर्जनशील परिवारको समन्वयमा बैठकहरू गरियो । सो अवसरमा एटविनले राष्ट्रिय कार्ययोजना सम्बन्धी प्रस्तुति गरेको थियो । | बर्दिया तथा सिन्धुपाल्चोक |
| ५ | २०७३ पूस ४ | **मानव बेचबिखन विरुद्धको राष्ट्रिय कार्ययोजनाको पुनरावलोकन विषयक कार्यक्रम**<br>मानव बेचबिखन विशेष गरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना २०६८, लागू भईसकेको अवस्था छ । यस योजनाको कार्यान्वयन गर्ने निकायका रुपमा विभिन्न सरकारी तथा गैर सरकारी निकायहरू तोकिएको अवस्थामा यसको प्रभावकारी कार्यान्वयनका लागि सबैको महत्वपूर्ण भूमिका र दायित्व रहेको छ । यस राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनको अवस्थामा छलफल गर्न “मानव बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना २०६८ः कार्यान्वयनको अवस्था र आगामी रणनीति” विषयक कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । कार्यक्रममा रत्नकाजी बज्राचार्यले प्रस्तुती गर्नु भएको थियो भने विभिन्न सरोकारवाला मन्त्रालय, निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैसस लगायत राष्ट्रिय मानव अधिकार अयोग तथा राष्ट्रिय महिला अयोगको उपस्थिती रहेको थियो । | नयाँ बानेश्वर, काठमाडौं |
| ६ | २०७३ पूस | एटविनको नेपाली ब्रोसर तथा मानव बेचबिखन विरुद्धको सचेतना सम्बन्धी लिफलेट प्रकाशन | काठमाडौं |
| ७ | २०७४ जेठ ३० | मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को सुधारका लागि परामर्श कार्यक्रम सम्पन्न । कार्यक्रममा अधिवक्ता इन्दु तुलाधरले संशोधनका मस्यौदा प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा ५३ जनाको सहभागिता रहेको थियो । | काठमाडौं |
| ८ | २०७४ असार २९ | मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को सुधारका लागि परामर्श कार्यक्रमबाट आएको सुझावलाई अन्तिम रुप दिन लाई विज्ञ समूहसँग बैठक गरियो। कार्यक्रममा १३ जनाको सहभागिता भऐ । | काठमाडौं |
| ९ | २०७४ श्रावण २० | मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लाई प्रभावित/पीडित मैत्री प्रावधान सहितको संशोधनका लागि दस्तावेज तयार र मानव बेचबिखन विरुद्धको यूएन प्रोटोकल (पालेर्मो) अनुमोदनका लागि महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा समाज कल्याण समितिका सभापति रञ्जु कुमारी झालाई ज्ञापनपत्र बुझाइयो । | सिंहदरबार, काठमाडौं |
| | **परियोजना तथा साझेदारको नाम : आन्तरिक बेचबिखन रोकथामका लागि वकालतलाई सशक्त बनाउने/जेनेभा ग्लोबल /द फ्रीडम फण्ड** | | |
| १० | २०७४ भाद्र ११ | **“मनोरञ्जन क्षेत्रमा कार्यरत महिला तथा बालबालिकाहरूलाई सेवा प्रदान गर्ने संघसंस्थाहरूका लागि मार्ग निर्देशिका” सम्बन्धी अभिमुखिकरण कार्यक्रम**<br>मनोरञ्जन क्षेत्रमा कार्यरत महिला तथा बालबालिकाहरूलाई सेवा प्रदान गर्ने संघसंस्थाहरूका लागि मार्ग निर्देशिका सम्बन्धी अभिमुखिकरण कार्यक्रमको आयोजना गरियो । विभिन्न गैरसरकारी संस्थाहरूले प्रदान गर्दै आएका सेवाहरूलाई थप प्रभावकारी बनाउन तथा एकरुपता ल्याउनका लागि एटविनले “मनोरञ्जन क्षेत्रमा कार्यरत महिला तथा बालबालिकालाई सेवा प्रदान गर्दै आएका संघसंस्थाहरूका लागि कार्यसम्पादन मार्ग निर्देशिका तयार गरि प्रकाशन गरेको हो । स्रोत व्यक्ति मुना बस्नेतले, निर्देशिका तयार पार्नु भएको थियो भने कार्यक्रममा सरकारी तथा संघसंस्थाहरूबाट गरी जम्मा ४७ जनाको सहभागिता थियो । | नयाँ बानेश्वर, काठमाडौं |

| | | | |
|---|---|---|---|
| ११ | २०७४ भाद्र २१ | **"व्यवसायिक बाल यौन शोषण तथा मनोरञ्जन क्षेत्रमा रहेको आन्तरिक बेचबिखनको समस्या तथा समाधानका उपायहरू" विषयक कार्यशाला गोष्ठी**<br>मनोरञ्जन क्षेत्रमा कार्यरत महिलाहरूको अवस्था, समस्या तथा चुनौतीका बारेमा एटविनले यस क्षेत्रमा कार्यरत महिला तथा किशोरीहरूसँग बन्द कार्यशाला गरेको थियो । उक्त कार्यशालाबाट आएका विषयवस्तुको प्रस्तुति सहित यस क्षेत्रलाई शोषण रहित र व्यवस्थित बनाउनका लागि सम्पूर्ण सरोकारवालाहरूको भूमिका महत्वपूर्ण रहेकोले सरोकारवालाहरू सँग "व्यवसायिक बाल यौन शोषण तथा मनोरञ्जन क्षेत्रमा रहेको आन्तरिक बेचबिखनको समस्या तथा समाधानका उपायहरू" विषयक कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । कार्यक्रममा विभिन्न सरकारी, निजी क्षेत्र, ट्रेड युनियन, संघ संस्था तथा अधिकारवालाहरू सहित ६३ जनाको सहभागिता रहेको थियो । | जमल, काठमाडौं |
| १२ | २०७४ कार्तिक २१- २४ | **अध्ययन भ्रमण, भारत**<br>मानव बेचबिखनको अवस्था तथा सरकारी तथा गैर सरकारी सरोकारवालासँगको समन्वय तथा सहकार्य वृद्धिको उद्देश्यले भारतको दिल्लीमा अध्ययन भ्रमण गरिएको थियो । उक्त भ्रमणको क्रममा नेपाली दूतावास, दिल्ली महिला आयोग, प्रयास, बटरफ्लाइज, क्रिया, चेतना, रेडलाईट एरिया र नेपाली प्रवासीहरूसँग अन्तरक्रिया गरियो । नेपाली दूतावास प्रतिनिधीले एउटा आपतकालीन आवासगृह तथा यस सम्बन्धी छुट्टै डेस्कको नितान्त आवश्यकता रहेको बताए भने दिल्ली महिला आयोग सेवा प्रवाहमुखी रहेको पाइयो । भ्रमण गरेको संस्थाहरूलाई पनि भारत सरकारबाटै मुख्य रुपमा आर्थिक सहयोग रहेको पाइयो । यसै प्रकार रेड लाईट एरियाको अवलोकन गर्दा बालिकाहरू पनि रहेको पाइयो र नेपालीहरूको संख्या पनि ठूलै रहेको जानकारी प्राप्त भएको थियो । भ्रमणमा एटविन कार्यसमिति तथा कर्मचारीहरूको सहभागिता रहेको थियो भने विश्वास नेपालसंगको संयुक्तरुपमा भ्रमण आयोजना गरिएको थियो । | नयाँ दिल्ली, भारत |
| १३ | २०७३ मंसिर १० | **मनोरञ्जन क्षेत्रमा कार्यरत महिला तथा बालबालिकाहरूलाई सेवा प्रदान गर्ने संघसंस्थाहरूका लागि मार्ग निर्देशिकाको प्रकाशन तथा जानकारी सम्बन्धी कार्यक्रम**<br>मनोरञ्जन क्षेत्रमा कार्यरत महिला तथा बालबालिकाहरूलाई सेवा प्रदान गर्ने संघसंस्थाहरूको सेवाहरूलाई थप प्रभावकारी बनाउन तथा एक रुपता ल्याउनका लागि एटविनले सरोकारवालाहरूसँगको परामर्शमा मार्ग निर्देशिका तयार गरेको छ। उक्त मार्ग निर्देशिका सम्बन्धी जानकारी गराउनका लागि कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा ५७ जनाको सहभागिता रहेको थियो । | नयाँ बानेश्वर, काठमाडौं |
| १४ | २०७३ मंसिर १३ | **मनोरञ्जन क्षेत्रको स्थलगत अनुगमन**<br>विश्वास नेपालको संयोजनमा एटविन र समाज कल्याण परिषद्का प्रतिनिधिहरू सहित ठमेलका मनोरञ्जन क्षेत्रमा कार्यरत महिलाहरूको अवस्था, समस्या तथा चुनौति के कस्ता छन् भन्ने बारे अनुगमन गरियो । अनुगमनमा एटविनका कार्यसमितिका सदस्यहरूको पनि सहभागिता रहेको थियो । | ठमेल, काठमाडौं |
| १५ | २०७३ मंसिर | **बालबालिकाको व्यवसायिक यौन शोषण विरुद्धको सचेतना पुस्तिका**<br>बालबालिकाहरूलाई व्यवसायिक रुपमा यौन कार्यमा लगाउने अपराधका विरुद्ध जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले यो जानकारी पुस्तिका प्रकाशन गरेको छ । यसबाट बालबालिकाहरूको व्यवसायिक यौन शोषण विरुद्धमा चासो राख्नेलाई सहयोगी हुने अपेक्षा गरिएको छ । | काठमाडौं |
| १६ | २०७३ मंसिर | **मनोरञ्जन क्षेत्रका कामदारहरू तथा विभिन्न सरोकारवालाहरूलाई लक्षित गरी तीन प्रकारको पोस्टरहरूको प्रकाशन** - १५,००० प्रति | |
| १७ | २०७३ फागुन १४-१८ | **"मानव बेचबिखन तथा बालबालिकाहरूको व्यवसायिक यौन शोषण सम्बन्धी अवधारणागत स्पष्टता तालिम"**<br>यो कार्यक्रममा एटविन सदस्य संस्थाहरूका ४७ जना प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । तालिममा मानव बेचबिखन सम्बन्धी अवधारणागत स्पष्टता, व्यवसायिक बाल यौन शोषण तथा यस सम्बन्धी कानुनी प्रावधान, मनो–सामाजिक विमर्श लगायतका विषय समावेश गरेको थियो । कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका पूर्व आयुक्त गौरी प्रधान, एटविनमा अध्यक्ष मिना बिष्ट, महिला तथा बालबालिका कार्यालयका महिला विकास अधिकृत अनिता अधिकारी, अधिवक्ता एवं नेपाल बार एशोसिएसनका केन्द्रिय सदस्य विष्णु माया भुसाल, पार्वती सुवेदी एवं बेनु माया गुरुङले व्यक्तिहरुको भूमिका निर्वाह गर्नु भएको थियो । | गोदावरी, ललितपुर |
| १८ | मंसिर १० २०७३ | **मनोरञ्जन क्षेत्रमा कार्यरत महिला तथा बालबालिकाहरूलाई सेवा प्रदान गर्ने संघसंस्थाहरूका लागि मार्ग निर्देशिकाको जानकारी सम्बन्धी कार्यक्रम ।**<br>उक्त सेवाहरूलाई थप प्रभावकारी बनाउन तथा एकरुपता ल्याउनका लागि एटविनले मार्ग-निर्देशिका तयार गरेको छ । कार्यक्रममा ५७ जनाको सहभागिता रहेको थियो । | नयाँ बानेश्वर, काठमाडौं |

| | | | |
|---|---|---|---|
| १९ | २०७३<br>कार्तिक १२ | **"मनोरञ्जन क्षेत्रमा कार्यरत महिला तथा बालबालिकाहरूलाई सेवा प्रदान गर्ने संघसंस्थाहरूका लागि मार्ग निर्देशिका", सम्बन्धी विज्ञ समूहको बैठकः**<br>बैठकमा मनोरञ्जन क्षेत्रमा कार्यरत महिला तथा बालबालिकालाई सेवा प्रदान गर्ने संघसंस्थाहरूका लागि मार्ग निर्देशिका सम्बन्धी छलफल गरियो । बैठकमा विभिन्न संघसंस्थाहरूका ११ जनाको सहभागिता रहेको थियो । | नयाँ बानेश्वर, काठमाडौं |
| २० | २०७३<br>चैत्र ८ | **मानव बेचबिखन विरुद्ध कार्यरत संस्था/निकायहरू बीच समन्वय बैठकः**<br>मानव बेचबिखन न्यूनीकरणका लागि यस विरुद्ध कार्यरत सरकारी गैर सरकारी संघ संस्था र निकायहरू बीच प्रभावकारी समन्वय आवश्यक छ भन्ने मनन् गर्दै उक्त उद्देश्यका साथ एटविनले विशेषगरि मनोरञ्जन क्षेत्रमा हुने बेचबिखन तथा शोषण विरुद्धमा केन्द्रित रही मानव बेचबिखन विरुद्ध कार्यरत संस्था/निकायहरू बीच समन्वय बैठक" विषयक कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रममा विश्वास नेपाल, महिलाका निम्ति महिला मंच र राष्ट्रिय मानव अधिकार आयोगले संचालन गरिरहेका कार्यक्रमहरूको प्रस्तुत गरेको थियो । कार्यक्रममा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, महिला तथा बालबालिका कार्यालय, राष्ट्रिय मानव अधिकार आयोगका प्रतिनिधित्व रहेको थियो । कार्यक्रममा ५६ जनाको सहभागिता रहेको थियो । | नयाँ बानेश्वर, काठमाडौं |
| २१ | २०७४<br>जेष्ठ ९ | **"मानव बेचबिखन तथा CSEC न्यूनीकरणका लागि स्थानीय तहको भूमिका" परामर्श बैठकः**<br>स्थानीय तहको पहिलो चरणको निर्वाचन सम्पन्न भई सकेको र मतगणनाको परिणामहरु आउँदै गरेको अवस्थामा राज्यको नयाँ संरचना अनुसार मानव बेचबिखन तथा बालबालिकाहरूको व्यवसायिक यौन शोषण (CSEC) को न्यूनीकरण स्थानीय तहको भूमिका महत्वपूर्ण रहेको छ । मानव बेचबिखन तथा बालबालिकाहरूको व्यवसायिक यौन शोषणको न्यूनीकरण स्थानीय स्तरबाट नै सम्बोधन आवश्यक रहेको सन्दर्भमा मानव बेचबिखन तथा बालबालिकाहरूको व्यवसायिक यौन शोषणको न्यूनीकरणका लागि स्थानीय तहले कसरी प्रभावकारी रुपमा भूमिका निर्वाह गर्न सक्दछ भन्ने विषयवस्तुमा विभिन्न सरोकारवालासँग "मानव बेचबिखन तथा CSEC न्यूनीकरणका लागि स्थानीय तहको भूमिका" विषयक परामर्श कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा सरोकालवाला निकायहरूको ४९ जना सहभागीहरुको सहभागिता रहेको थियो । | नयाँ बानेश्वर, काठमाडौं |
| २२ | २०७४<br>जेष्ठ<br>२१-२२ | **मनोरञ्जन/अनौपचारिक क्षेत्रमा कार्यरत महिला कामदारसंग कार्यशाला गोष्ठीः**<br>मनोरञ्जन/अनौपचारिक क्षेत्रमा कार्यरत महिला कामदारहरूको अवस्था र चुनौतीहरू के-कस्ता छन् भने बुझ्न र अवस्थाका विषयमा विभिन्न सरोकारवालाहरूलाई जानकारी गराउने र वकालत गर्ने उद्देश्यका साथ यस क्षेत्रमा कार्यरत महिला तथा किशोरीहरूका साथ बन्द सत्रको आयोजना गरेको हो । उक्त कार्यक्रम मा जम्मा ३९ जनाको सहभागिता रहेको थियो । कार्यक्रमको सहजीकरण मुना बस्नेतले गर्नु भएको थियो । | नगरकोट, भक्तपुर |
| २३ | २०७४<br>आषाढ १४ | **स्थानीय तहमा बाल अधिकार तथा श्रमिक अधिकार संरक्षण गोष्ठी र प्रतिवद्धता कार्यक्रम**<br>काठमाडौं उपत्यकाका विशेषत घरेलु श्रमिकहरू र मनोरञ्जन तथा सत्कार सेवाका श्रमिक महिलाहरू, अन्यत्र जिल्लाबाट आइपुगेका बालबालिका तथा श्रमिक बालबालिकाहरूले विविध समस्याहरू भोगिरहेका छन् । यी समस्याहरूलाई सम्बोधन गर्दै काठमाडौं उपत्यका र यहाँका नगर क्षेत्रको समृद्धि र विकासको गतिलाई समतामुलक बनाउदैं निरन्तरतातर्फ लैजान स्थानीय सरकारहरूको जिम्मेवारी पनि हो । यसै सन्दर्भमा स्थानीय तहमा रहेका बालबालिका तथा अनौपचारिक र शोषणमुलक अभ्यासमा परेका श्रमिकहरूको अधिकार संरक्षणका लागि स्थानीय तहले नितिगत र कार्यक्रमको सम्बोधनका साथै संरचनागत पनि गर्नु पर्ने उद्देश्यका साथ एटविन स्वतन्त्रता अभियान, डुकम, घरेलु श्रमिक मंच तथा विभिन्न अन्य १६ संस्थाहरूको सहकार्य र सह–आयोजनामा "स्थानीय तहमा बाल अधिकार तथा श्रमिक अधिकार संरक्षण गोष्ठी र प्रतिबद्धता कार्यक्रम" को आयोजना गरिएको थियो । सहित कार्यक्रममा २०९ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा केन्द्रिय बालकल्याण समितीका कार्यकारी निर्देशक तारक धिताल, एटविनका कार्यकारी निर्देशक बेनु माया गुरुङ र स्वतन्त्रता अभियान नेपालका कार्यालय प्रमुख ऋतु भट्टराईले प्रस्तुति गर्नु भएको थियो । | दरबारमार्ग काठमाडौं |
| २४ | २०७४<br>श्रावण १२ | **"मानव बेचबिखन तथा व्यवसायिक बाल यौन शोषण विरुद्ध संचारकर्मीहरूसँग संवाद"**<br>मानव बेचबिखनको न्यूनीकरणका लागि संचार माध्यमले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् र यस उद्देश्यका साथ शक्ति समूहको संयुक्त आयोजनामा मानव बेचबिखन विशेषगरि मनोरञ्जन क्षेत्रमा हुने बेचबिखन तथा शोषण विरुद्धमा केन्द्रित रही "मानव बेचबिखन तथा व्यवसायिक बाल यौन शोषण विरुद्ध संचारकर्मीहरूसँग संवाद" विषयक कार्यक्रमको आयोजना गरिएको थियो । विभिन्न संचार गृह र संघसंस्थाहरूबाट जम्मा ३२ जनाको सहभागिता रहेको थियो । कार्यक्रमको सहजीकरण संचारकर्मी विजय पौडेलले गर्नु भएको थियो । | नयाँ बानेश्वर, काठमाडौं |

| | | | |
|---|---|---|---|
| २५ | २०७३ मंसिर-२०७४ मंसिर १५ | **एटविन सूचना तथा स्रोत केन्द्र**<br>प्रयोगकर्ता - ४९ जना<br>विविध प्रकाशनहरू प्राप्त - २,४९६<br>विविध प्रकाशनहरू वितरण - २५,८६७ | काठमाडौं लगायत सदस्य संस्थाका जिल्लाहरू |
| | **परियोजना तथा साझेदारको नाम : भूकम्प प्रभावित समुदायको पुनर्लाभ तथा प्रतिरोध क्षमता प्रवर्द्धनका लागि सञ्चार तथा सामाजिक परिचालन/युनिसेफ नेपाल** | | |
| २६ | अगष्ट-सेप्टेम्बर, २०१७ | **सामुदायिक अन्तरक्रिया सत्र**<br>यस अवधिभर सामुदायिक आउटरिच कार्यकर्ताले विभिन्न सामुदायिक संघसंस्थाहरू जस्तैः आमा समूह, किशोर किशोरी समूह, युवा क्लबमा ३५५ वटा अन्तरक्रिया सत्रहरू सञ्चालन ९७ वटा सामुदायिक कार्ययोजना समेत निर्माण गरेका छन् । | ५वटै जिल्ला |
| २७ | २०७४ भाद्र २३ | **सरोकारवाला सरकारी निकायसँग समन्वय बैठक**<br>एटविनले मानव बेचबिखन विरुद्ध काम गर्ने सरकारी सरोकारवाला निकायहरूसँग समन्वय बैठक सम्पन्न गरेको छ । जसमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग, महिला आयोग, केन्द्रिय बाल कल्याण समिति तथा महिला विकास कार्यालय, पुनःनिर्माण प्राधिकरण लगायतको अन्य सदस्य संस्थाहरूका प्रतिनिधिहरू समेतका महत्वपुर्ण र सक्रिय सहभागिता थियो । बैठकमा परियोजना निकै सफतापुर्वक सञ्चालन भइरहेको र आगामी दिनमा स्थानीय तहका सरकारी संयन्त्रहरूसँगको समन्वय अझै बढाउदै लैजानुपर्ने र भएका कामहरूको प्रतिवेदन सम्बन्धित निकायमा बुझाउनुपर्ने सुझाव आएको थियो । | पाटन, ललितपुर<br>महिला : १७<br>पुरुष : ११<br>जम्मा : २८ |
| २८ | चैत्र १, २०७३-२०७४ असोज ३० र ३१ | **साझेदार संस्थाहरूसँगको समीक्षा बैठक (केन्द्रिय) - ३ वटा**<br>यस अवधिमा परियोजनाको ३ वटा समीक्षा बैठकहरू सम्पन्न भए जसमा ५ वटै परियोजना सञ्चालित जिल्लाहरूका ६ वटा संस्थाहरूका जिल्ला परियोजना अधिकृतहरू, लेखा अधिकृतहरू, सम्पर्क व्यक्तिहरू तथा अध्यक्षहरूको समेत सहभागितामा सम्पन्न भएको थियो । ५ वटा जिल्लाका जिल्ला परियोजना अधिकृतहरू तथा एटविनबाट परियोजना संयोजकले प्रस्तुति गरेका थिए । बैठकमा सम्पन्न भएका गतिविधिहरूको समीक्षा गरी आगामी ३ महिनाका लागि योजना समेत बनाइएको थियो । | काठमाडौं, काभ्रे |
| २९ | श्रावण देखि पुष, २०७४ | **मिडिया मिसन**<br>यस अवधिमा ५ वटा मिडिया मिसनहरू सम्पन्न भएको छ जसमा २ वटा काभ्रेमा, १ सिन्धुपाल्चोक र २ धादिङमा भएको थियो । जिल्लाका सञ्चारकर्मीहरूले परियोजनाको गतिविधिहरू अवलोकन गरी आ-आफ्नो प्रतिक्रिया दिएका थिए । जसमा यो परियोजनाले मानव बेचबिखन विरुद्ध समुदाय स्तरसम्म सचेतना फैलाउन सकेको र यस्ता सचेतनामूलक कार्यक्रमहरू जिल्लाका सबै ठाउँमा लैजानुपर्ने सुझाव दिएका थिए । मिसनमा ४२० जनाको सहभागिता रहेको थियो । | ५ वटा जिल्लामा |
| ३० | २०७४ बैशाख-पुस | **५ मिनेटको रेडियो प्याकेज**<br>अप्रिल महिना देखि ५ वटै जिल्लाहरूका सामुदायिक एफ एम रेडियोहरू मार्फत विभिन्न कार्यक्रम जस्तै लोक गीत, पिएसए, जिङ्गल, तथा नाटक मार्फत मानव बेचबिखन विरुद्ध तथा सुरक्षित स्थानागमनको बारेमा सचेतनामूलक कार्यक्रम प्रशारण भइरहेको छ । | सामुदायिक कचहरी नाटक प्रदर्शन |
| ३१ | २०७४ बैशाख देखि कार्तिक सम्म | मानव बेचबिखन विरुद्ध तथा सुरक्षित स्थानागमनको बारेमा प्रशिक्षित कलाकारहरूले समुदायका कचहरी नाटक प्रदर्शन गरेका छन् । हालसम्म ५ वटा जिल्लाहरूमा १५२ वटा कचहरी नाटक प्रदर्शन भइसकेको छ । २०,००० भन्दा बढी मानिसहरूले यो नाटक अवलोकन गरेका छन् भने सुरक्षित स्थानागमन र बेचबिखन विरुद्ध कसरी सचेत हुनुपर्दछ भन्ने सन्देश पाएका छन् । नाटकले मनोरञ्जन तथा सन्देश दुबै दिएकाले यो अत्यन्त उपयोगी भएको समुदायको प्रतिक्रिया छ । | |
| ३२ | श्रावण देखि मंसिर, २०७४ | **सामुदायिक मेला**<br>हालसम्म १२ वटा सामुदायिक मेलाहरु सम्पन्न भएको छ । सूचना तथा सञ्चार सामाग्रीको वितरण गरिनुका साथै कचहरी नाटक प्रदर्शनी, विभिन्न सास्कृतिक सन्देशमूलक कार्यक्रमहरूले मानव बेचबिखन तथा सुरक्षित स्थानागमनका बारेमा करिब १५,००० भन्दा बढी जनमानसमा सचेतना जगाएको छ । | |
| ३३ | १७ कार्तिक २०७४ | **परियोजना सल्लाहकार समितिको बैठक**<br>परियोजनाको प्रभावकारी कार्यान्वयनका लागि समय समयमा परियोजना सल्लाहकार समितीको बैठकहरू बस्ने गरिएको छ । विशेष गरी बैठकमा परियोजना अन्तर्गत सम्पन्न गतिविधिको जानकारी तथा आगामी योजनाका बारेमा अवगत गराई सल्लाह सुझाबहरू लिने गरिन्छ । सल्लाहकार समितीको अहिले सम्म ४ पटक बैठकहरू सम्पन्न भएको छ । | काठमाडौं |

| | | | |
|---|---|---|---|
| ३४ | १५ र १६ मंसिर २०७३ | **प्रशिक्षकका लागि प्रशिक्षण तालिम :** समुदायमा आधारित संघसंस्थाहरूको समूहसँगको छलफलको सहजीकरणका लागि सामुदायिक कार्यकर्ताको लागि २ दिने आवासीय तालिम सम्पन्न भयो । जसमा जिल्लाका परियोजना संयोजक सहित सामुदायिक कार्यकर्ताहरूको सहभागिता थियो । प्रशिक्षणको सहजीकरण प्रशिक्षण निर्देशिका बनाई भोजराज तिमल्सिना र गीता अर्यालले गर्नु भएको थियो । कार्यक्रममा ३९ जनाको सहभागीता थियो । | गोदावरी, ललितपुर |
| ३५ | २१, २२ र २८, २९ पुष २०७३ | **सञ्चारकर्मीलाई अभिमुखिकरण :** मानव बेचबिखन न्युनिकरण तथा सुरक्षित स्थानागमनका लागि ६ वटा जिल्लाका सञ्चारकर्मीहरूलाई २ दिने आवासीय अभिमुखिकरण सम्पन्न भयो जसमा जनवरीको ५ र ६ मा नगरकोटमा आयोजना गरियो जसमा सिन्धुपाल्चोक, दोलखा र काठमाडौंका सहभागीहरू थिए भने १२ र १३ जनवरीमा काठमाडौमा भएको कार्यक्रममा मकवानपुर, धादिङ्ग, काभ्रे र काठमाडौंका सञ्चारकर्मीहरूको सहभागिता थियो । कार्यक्रममा ८५ जनाको सहभागीता थियो । | काठमाडौं तथा भक्तपुर |
| ३६ | २७ मंसिर र ७ माघ २०७३ | **डेलिगेसन भिजिट :** मानव बेचबिखन विरुद्धको अभियानलाई अझ शसक्त तथा प्रभावकारी ढगंबाट अगाडि बढाउन महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिवद्वयलाई भेटी ज्ञापन पत्र पेश गरेको छ । जसमा मानव बेचबिखन न्युनीकरणका लागि आवश्यक नीति निर्माण तथा परिमार्जन गर्नका लागि समेत अनुरोध गरिएको थियो । कार्यक्रममा १३ जनाको सहभागीता रहेको थियो । | सिंहदरबार, काठमाडौं |
| ३७ | कार्तिक २०७३ सम्म | **जिल्ला स्तरीय छलफल तथा अभिमुखिकरण कार्यक्रम :** काभ्रे, सिन्धुपाल्चोक, दोलखा, धादिङ्ग र मकवानपुर जिल्लामा परियोजनाको बारेमा सम्बन्धित जिल्ला स्तरीय सरोकारवालाहरूलाई परियोजनाको बारेमा जानकारी गराइयो । जसमा प्रमुख जिल्ला अधिकारी, जिल्ला शिक्षा अधिकारी, स्थानीय विकास अधिकारी लगायत ८५ सरोकारवालाको सहभागिता रहेको थियो । | ५ वटै जिल्ला |
| ३८ | मंसिर २०७३ - बैशाख २०७४ | **शिक्षकसँगको अन्तरक्रिया कार्यक्रम :** कार्यान्वयन जिल्लाका गाविसमा शिक्षक, विद्यालय व्यवस्थापन समितीका सदस्यहरूसँग भूकम्प पछि विद्यालयमा विद्यार्थीको अवस्था, त्यसले पारेका असर तथा मानव बेचबिखन तथा असुरक्षित स्थानागमनको बारेमा छलफल तथा अन्तरक्रिया कार्यक्रम पाँच वटा जिल्लाका ५२ वटै गाविसमा सम्पन्न भएको छ । कार्यक्रममा १०२४ जनाको सहभागीता रहेको थियो । | |
| ३९ | माघ देखि फागुण, २०७३ | **कचहरी नाटक सम्बन्धी प्रशिक्षणः**<br>परियोजना कार्यान्वयन अन्तर्गतका ५ वटा जिल्लाहरू काभ्रे, सिन्धुपाल्चोक, दोलखा, मकवानपुर र धादिङ्ग) मा ६ दिने कचहरी नाटकको प्रशिक्षण सम्पन्न भयो । प्रशिक्षण कार्यक्रममा एटविनका अध्यक्ष, कार्यकारी निर्देशक, परियोजना संयोजक, अनुगमन तथा मुल्याकंन अधिकृत तथा दोलखामा एटविनका सस्थाका सल्लाहकार भगवती नेपाल सहभागी हुनु भएको थियो साथै प्रत्येक जिल्लामा विपद, मानव बेचबिखन, मानव ओसारपसार, सुरक्षित स्थानागमनका बारेमा एटविनले सहजीकरण गरेको थियो । कार्यक्रममा १९० जनाको सहभागीता रहेको थियो । | |
| ४० | मंसिर २०७३- भदौ २०७४ | **जिल्ला स्तरीय प्रथम, दोश्रो तथा तस्रो समीक्षा बैठक तथा सामुदायिक पृष्ठपोषण प्रशिक्षण तालिम :**<br>प्रथम समीक्षा बैठकमा युवा परिचालकले समुदायमा गरेका क्रियाकलापको बारेमा जानकारी दिने, अनुभव, सिकाईहरू, र सामना गरेका चुनौतीहरूका बारेमा छलफल साथै आगामी गतिविधिहरू के के छन् तथा उक्त गतिविधिहरू कसरी प्रभावकारी रुपमा सञ्चालन गर्न युवा परिचालकको प्रभावकारी भूमिका के के हुन सक्छन् भन्ने विषय समेत समेटेर प्रथम बैठक सम्पन्न भएको थियो ।<br>दोश्रो बैठकमा ३ दिने सामुदायिक पृष्ठपोषण प्रशिक्षण तालिम पनि सम्पन्न भएको छ । समीक्षा बैठकमा युवा परिचालक, सामुदायिक आउटरिच कर्ता, जिल्ला परियोजना अधिकृत, कार्यान्वयन संस्थाका सम्पर्क तथा प्रमुख व्यक्ति लगायत एटविन र युनिसेफको पनि सहभागिता थियो ।<br>तेस्रो बैठकमा युवा परिचालकले समुदायमा गरेका कियाकलाप तथा त्यसको प्रभाव बारेमा छलफल भयो साथै समुदायमा काम गर्दाको महत्वपूर्ण सिकाई, अनुभव र सामना गरेका चुनौतीहरूका बारेमा छलफल गरेको थियो । युवा परिचालकहरूले यस परियोजनामा संलग्न भए पश्चात् आफुहरूमा निकै आत्मविश्वास बढेको र समाजमा घुलमिल भई आफ्नो पहिचान बनाउन सफल भएको बताए । समीक्षा बैठकसँगै सामुदायिक पृष्ठपोषण सर्भेक्षणको तथ्याङ्क संकलनको पुनर्ताजगी प्रशिक्षण पनि सम्पन्न भएको छ । | |
| ४१ | २७ फाल्गुण, २०७३ | **सरोकारवाला सरकारी निकायसँग समन्वय बैठक :** एटविनले मानव बेचबिखन विरुद्ध काम गर्ने सरकारी सरोकारवाला निकायसँग समन्वय बैठक सम्पन्न गरेको छ । जसमा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग, महिला आयोग, केन्द्रिय बाल कल्याण समिति तथा महिला विकास अधिकृत लगायतको २० जनाको सक्रिय सहभागिता थियो । | लाजिम्पाट, काठमाडौ |

| | | | |
|---|---|---|---|
| ४२ | १५ र १६ मंसिर २०७३ | **प्रशिक्षकका लागि प्रशिक्षण तालिम :** समुदायमा आधारित संघसंस्थाहरूको समूहहरूसँगको छलफलको सहजीकरणका लागि सामुदायिक कार्यकर्ताको लागि २ दिने आवासीय तालिम सम्पन्न भयो । जसमा जिल्लाका परियोजना संयोजक सहित सामुदायिक कार्यकर्ताहरूको सहभागिता थियो । प्रशिक्षणको सहजीकरण प्रशिक्षण निर्देशिका बनाई भोजराज तिमल्सिना र गीता अर्यालले गर्नुभएको थियो । कार्यक्रममा ३९ जनाको सहभागीता रहेको थियो । | गोदावरी, ललितपुर |
| ४३ | २०७३ र २०७४ | **सूचना तथा संचार समाग्री निर्माण तथा वितरणः**<br>युनिसेफ र एटविनको सहकार्यमा वकालत र सचेतना वृद्धि गर्ने कार्यक्रममा प्रयोग गर्नका लागि IEC (Information, Education and Communication) सामाग्रीहरू जस्तैः पोष्टर र लिफ्लेटहरू युनिसेफद्वारा प्रकाशन । | ५ वटै जिल्ला र काठमाडौं |
| ४४ | २०७३ र २०७४ | **वृत्तचित्र निर्माण तथा दस्तावेजीकरण :**<br>यस परियोजना अन्तर्गत भएका मुख्य गतिविधिहरू समेटी विशेष गरी वकालत र परियोजना सम्वन्धी जानकारी दिने उद्देश्यले अडियो भिडियो डकुमेन्ट्रीको निर्माण भएको छ । | काठमाडौं |
| | **परियोजना तथा साझेदारको नाम : ग्लोबल फन्ड फर वुमन (GFW)** | | |
| ४५ | २०७३ मंसिर | एटविनको नियमित प्रकाशन ओसारपसार अङ्क १५ को प्रकाशन - १००० प्रति | काठमाडौं |
| | **सह–आयोजक** | | |
| १ | २०१७ र २०१६ | **लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानमा स्टल तथा अन्य विभिन्न कार्यक्रमहरू**<br>संयोजक - बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>महिला विरुद्ध हुने सबै खाले हिसां अन्त्यका लागि १६ दिने अभियान तथा अन्तराष्ट्रिय मानव अधिकार दिवसको अवसरमा स्टल तथा विभिन्न कार्यक्रममा सहभागिता । | काठमाडौं |
| २ | २०१७ र २०१६ | **आठौं र नवौ मानव अधिकार राष्ट्रिय महाभेला**<br>संयोजक - संकल्प तथा युथ एडवोकेसी नेपाल<br>IEC सामाग्रीहरूको स्टल प्रदर्शनी तथा वितरण । घोषणा समिति तथा प्रतिवेदन समितिको सदस्य । ऱ्यालीमा सहभागिता । | काठमाडौं |
| ३ | २०७४ भदौ २० | **एघारौं मानव बेचबिखन विरुद्धको राष्ट्रिय दिवस**<br>संयुक्त आयोजक- सम्बन्धित संघ संस्था, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>मानव बेचबिखन तथा ओसारपसार विरुद्धको दसौं राष्ट्रिय दिवस २०७२ को मूल आयोजक समिति साथै विभिन्न समितिहरूमा सदस्य (पुरस्कार तथा सम्मान व्यवस्थापन उप–समिति) । उक्त दिवसका अवसरमा सम्मानका लागि एटविनले सिफारिश गरेको एटविन कार्य समिति सदस्य तथा शक्ति मिलन समाजका कार्यकारी निर्देशक गोमा राई सम्मानित । एटविनले कार्यक्रममा IEC सामाग्रीहरूको स्टल पनि राखेको थियो । | काठमाडौं |
| ४ | २०७३ माघ २८ | **"स्वदेश फिर्ती सूचना व्यवस्थापन विधि (RIMS)" बिषयक एक दिने कार्यशाला**<br>शक्ति समूह तथा एटविनको सह-आयोजनामा एटविन सदस्य संस्थाहरूका लागि "स्वदेश फिर्ती सूचना व्यवस्थापन विधि (RIMS)" बिषयक एक दिने कार्यशालाको आयोजना गरियो । कार्यक्रमको आयोजना एटविनका अध्यक्ष मिना बिष्ट तथा सह–अध्यक्षता बालकुमारी रानाले गर्नु भएको थियो । कार्यक्रममा मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित व्यक्तिहरूको उद्धार तथा स्वदेश फिर्ती सम्बन्धी कार्यविधि नियमावलीको" मस्यौदाको प्रस्तुती परामर्शकर्ता रत्नकाजी बज्राचार्यले गर्नु भएको थियो भने एटविनका कार्यकारी निर्देशक बेनु माया गुरुङले सहजीकरण गर्नु भएको थियो । | काठमाडौं |
| ५ | २०७३ चैत्र २२ | स्थानीय निर्वाचनमा महिलाको सहभागिता विषयक कार्यक्रम तथा राष्ट्रिय निर्वाचन आयोगका अध्यक्ष तथा आयुक्तसंग भेटघाट – साझा अभियान | |
| ६ | २०७४ बैशाख | स्थानीय निर्वाचनको लैङ्गिक मैत्री दृष्टिकोणले राष्ट्रिय महिला आयोगसँग तथा बाल मैत्री दृष्टिकोणले केन्द्रिय बाल कल्याण समितिसँगको सहकार्यमा अनुगमन | |

# महिला पुनर्स्थापना केन्द्र (ओरेक), काठमाडौं

**सदस्य संस्थाको नाम :** महिला पुर्नस्थापना केन्द्र(ओरेक)

**एटविनमा आबद्ध भएको वर्ष/मिति :** १९९७

**दर्ता भएको जिल्ला र वर्ष :** काठमाडौं, २०४७ चैत्र १९

**कार्यक्षेत्र जिल्लाहरु :** काठमाडौं, भक्तपुर, ललितपुर, कैलाली, मोरङ्ग, उदयपुर, सल्यान, दाङ्ग, धनुषा, सिरहा, झापा, सुनसरी, उदयपुर, काभ्रे

**सम्पर्क नं :** ०१–५१८६३७४

**ईमेल :** ics@worecnepal.org

**वेभसाइट :** www.worecnepal.org

**संस्थागत परिचय**

महिला पुर्नस्थापना केन्द्र(ओरेक) नेपाल महिला अधिकार प्रति समर्पित एबम सामाजिक न्यायका निम्ति संर्घषरत एक राष्ट्रिय गैर सरकारी संस्था हो । २०४७ चैत्र १९ मा स्थापित यो संस्थाले आफ्नो स्थापनाकालदेखी नै सामाजिक न्याय र महिला अधिकार स्थापनाको लागी अभियान संचालन गर्दै आएको छ। ओरेकले महिला हिंसा बिरुद्धको अधियान र आर्थिक सामाजिक तथा सांस्कृतीक अधिकारको अभियानलाई अगाडी बढाएको छ।

**संस्थाको परिकल्पना**

सामाजिक न्यायमा आधारित महिला अधिकार सुनिश्चितता सहितको समाज ओरेक नेपालको परि कल्पना हो ।

**संस्थाको परिलक्ष्य**

ओरेक नेपाल मानव अधिकारको संबर्द्धन र सामाजिक न्यायमा आधारित दिगो सामुदायिक विकासका लागि अभियानरत रहनेछ ।

**संस्थाको लक्ष्य**

महिला सशक्तीकरणको माध्यमबाट आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलाई सुनिश्चित गर्दै महिलामाथि गरिने हिंसाको न्यूनीकरण गर्नु ओरेक नेपालको लक्ष्य हुनेछ ।

**संस्थाका रणनीतिक उद्देश्यहरु**

- महिलाहरूलाई आफ्नो अधिकार प्राप्तिको लागि तथा आफू विरुद्ध हुने हिंसाको अन्त्यको लागि सङ्गठित तथा आफैं स्वतःर्स्फुत रुपमा परिचालन हुने वातावरण तयार गर्ने ।
- महिला अधिकार प्राप्तिका लागि महिला अधिकार कर्मी तथा अधिकारवाला समूहको क्षमता अभिवृद्धिमा सहजीकरण गर्ने ।
- महिला अधिकार तथा सामाजिक न्यायका लागि वकालत तथा अभियानहरू सञ्चालन गर्ने ।
- पितृसत्तात्मक मूल्य, मान्यतामा आधारित संस्कृतिलाई लैङ्गिक समानतामा आधारित संस्कृतिमा परिवर्तन गर्नका लागि आम सचेतीकरण गर्ने ।
- समान उद्देश्य भएका स्थानीयदेखि अन्तर्राष्ट्रिय स्तरसम्मका संस्थाहरू तथा जनसङ्गठनहरूसँग सहकार्य गर्ने ।

**प्रमुख सवाल तथा कार्यकमहरु : अभियानहरु**

(क) महिला हिंसा विरुद्धको अभियान
(ख) दिगो शान्तिका लागी सहज अभियान
(ग) आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार अभियान

**संस्थाले प्राप्त गरेको पुरस्कार वा सम्मान**

- महिला पुर्नस्थापना केन्द्र(ओरेक)लाई महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले मानव बेचबिखन तथा ओसारपसार विरुद्धको अभियानमा उल्लेखनीय काम गरेकोमा मिती २०६६।०५।२० गते कदरपत्र प्रदान गरेको छ ।

**संस्थाले गरेको कुनै ३ मुख्य उपलब्धि :**

१. लगातारको धर्ना, त्यालीको असरले घरेलु हिंसा तथा कसुर सजाय सम्वन्धी ऐन ल्याउन सफल
२. बलात्कारको सम्वन्धमा ३५ दिन बाट ६ महिना हदम्याद बढाउन सफल

# महिला आत्म-निर्भरता केन्द्र, सिन्धुपाल्चोक

**सदस्य संस्थाको नाम :** महिला आत्म-निर्भरता केन्द्र मेलम्ची, सिन्धुपाल्चोक
**एटविनमा आवद्ध भएको वर्ष/मिति :** २०५४ (१९९७)
**दर्ता भएको जिल्ला र वर्ष :** सिन्धुपाल्चोक जिल्ला, २०४८/०४९,
**कार्यक्षेत्र :** सिन्धुपाल्चोक
**सम्पर्क नं :** ०११-४०१०४८, ०११-४०१०४९
**ईमेल :** mank.sindhu@gmail.com
**वेभसाइट :** www.mank.org.np

**परिचय,**

महिला आत्म-निर्भरता केन्द्र मेलम्ची २०४७ सालमा सिन्धुपाल्चोक जिल्लाका सचेत र सक्रिय महिलाहरूको एक जमातद्वारा महिलाहरू माथि भइरहेको हिंसा, अन्याय, अत्याचार विरुद्ध लड्ने र मानव अधिकारको प्रत्याभूतिका साथै राज्यको निर्णायक तहमा महिलाहरूको पहुँच पुऱ्याउने मूल ध्येयका साथ स्थापना गरिएको गैर-सरकारी संस्था हो । सुरुवातमा यस संस्थाको नाम सिन्धुपाल्चोक महिला विकास समिति रहेतापनि वि.स. २०४८/४९ मा संघ संस्था दर्ता ऐन २०३४ अनुरुप जिल्ला प्रशासन कार्यलय चौतारामा महिला आत्म निर्भरता केन्द्र मेलम्चीका नामले दर्ता भएको हो ।

महिला आत्म-निर्भरता केन्द्र मेलम्ची महिलाहरूकै सक्रियता र सहभागितामा स्थापना भएकोले हालसम्म विधान अनुरुप महिलाहरू मात्र यसको साधारण सदस्य र कार्य समितिका पदाधिकारी रहने व्यवस्था रहेको छ । हाल यसमा ९० जना महिला साधारण सदस्यहरू रहेका छन भने ९ जना महिलाहरूको कार्य समिति छ । यसको कार्यक्षेत्र सिन्धुपाल्चोक जिल्लाभरि भएता पनि केन्द्रीय कार्यालय मेलम्चीमा रहेको छ । संस्थाको आधा रोपनी जग्गा सहित आफ्नै २ तले भवन निर्माण भई कार्यालय सञ्चालन रहेकोमा २०७२ साल बैशाख १२ गते नेपालमा आएको विकाशकारी भूकम्पको कारण सो भवन पूर्ण रुपमा क्षति भएको कारण हाल संस्थाले कार्यालय घर भाडामा लिएर सञ्चालन गर्दै आइरहेको छ ।

**ध्येय**

लक्षित वर्गको शिक्षामा समान तथा न्यायपूर्ण पहुँच, अधिकार प्राप्ति, हिंसामा कमी, आर्थिक अवस्थामा सुधार ल्याउन उनीहरूलाई अर्थपूर्ण सहभागितामा वृद्धि गर्न सघाउने, संगठित, सुशासन, अधिकार प्रति सचेत, समावेशीकरण तथा नेतृत्व क्षमता अभिवृद्धी गर्न महिला आत्म निर्भरता केन्द्रको सहयोगी भूमिका हुनेछ ।

**लक्ष्य**

विद्यमान विभेदपूर्ण सामाजिक संरचनामा रहेका भेदभावहरूको अन्त्य गर्दै मानव अधिकारमा आधारित न्यायपूर्ण र समतामूलक समाजको निर्माण गर्नु नै महिला आत्मनिर्भरता केन्द्रको प्रमुख लक्ष्य हो ।

**उद्देश्य**

- महिला तथा बालबालिकाहरू माथि हुने भेदभाव, हिंसा, दुर्व्यवहार, अन्याय, अत्याचार, मानव बेचबिखन तथा ओसारपसार र शोषण विरुद्ध सचेतना, सशक्तिकरण र अनुसन्धान तथा वकालत गर्ने ।
- महिला र बालबालिकाहरूको अधिकार स्थापना तथा रक्षाको लागि अनुसन्धान र वकालत गर्ने ।
- नीति निर्माण तह, शिक्षा र स्वास्थ्यको क्षेत्रमा महिला तथा बालबालिकाहरूको पहुँचमा वृद्धि गर्न पहल गर्ने ।
- पैतृक सम्पत्तिमा महिलाहरूको समान अधिकारको प्राप्ति एवं रक्षाका निमित्त पहल गर्ने ।
- संस्थाको लक्ष्य प्राप्तिका लागि संस्थागत विकास र क्षमता अभिवृद्धि गर्ने ।

**३. संस्थाको कार्य क्षेत्र विवरण**

हाल संस्थाले सिन्धुपालचोकमा ५० गाविसहरूमा प्रत्यक्ष रुपले विभिन्न कार्यक्रमहरू संञ्चालन गर्दै आइरहेको छ ।

## भुकम्प प्रभावित समुदायको पुर्नलाभका बारेमा समिक्षा

धुलिखेल महिला अधिकार शान्ति र शुसारनको लागि ... नेपालको आयोजनामा भुकम्प प्रभावित समुदायको पुर्नलाभ र प्रतिरोध क्षमता प्रवर्द्धन ... अर्न्तगत सञ्चालित परियोजनाको समिक्षा गरि... आर्थिक वर्षको लागी परियो...

## मानव बेचबिखनविरुद्ध संगठित हुन जोड

नेपाल समाचारपत्र

काठमाडौं

मानव बेचबिखन तथा ओसारपसार गम्भीर अपराध भएकाले त्यसलाई न्यूनीकरण गर्न देशभरका महिला अधिकार, मानव अधिकार र बाल अधि...

सरोकारवालासँग अन्तर्क्रिया गरी सचेतना फैलाउनुपर्ने बताउँदै त्यस्ता घटनामा संलग्नलाई कडा कारबाही गर्नुपर्नेमा जोड दिनुभयो।

नेपाल पत्रकार महासंघका उपाध्यक्ष अनिता बिन्दुले सो विषय निकै संवेदनशील ...

धम्की आएको जान... यस्ता समाचारको ख... सञ्चारकर्मीलाई सरव... प्रदान गर्नुपर्ने माग ग... शक्ति ...

## बेचविखन विरुद्ध 'नाटक' मा बालबालिका

समाचारपत्र

काभ्रे

...पछि विभिन्न बेचबिखन पर्न सक्ने ...कलाई सचेत रहन

छन्। उमेर नपुगेका बालबालिका पनि उमेर बढाउँदै दलालको माध्यमबाट विदेशिएका छन्। शहरमा यौन तथा घरेलु श्रममा लागेका बालबालिका विदेशमा पनि कठोर श्रममा लागिरहेका छन्। मानव बेचबिखन तथा ओसारपसार ...

छोरी' नामक नाटक प्रदर्शन गरेका थिए। भूकम्पबाट घर भ... बाबुआमाले साहुको ऋण तिर्न... घर निर्माणका लागि गाउँमा आ... दलालमार्फत् छोरीलाई शहर प... लाग्दा छोरीले विद्यालयको ... बोलाउँदै ...

## 'कचहरी'मा बालबालिका

...न/भुकम्पले घर ...र्माणका लागि सरकारले ...र्याप्त छैन। पहिलाको ...व्यवस्थापनमा खर्च ...नु अघि लिएको ऋण ...

काभ्रेपलाञ्चोक जिल्लाका १० गाविसमा ... देखाउन बालबालिकाहरुलाई ६ दिने तालिम गरिएको छ।

जागरण नेपालको कार्य... एटविनको सहकार्य र युनिसेफको सह...

### कचहरी..........

प्रभावित क्षेत्रका बालबालिकाहरुलाई फकाउँदै थोरै रकम लिएर श्रममा लगाउने गरेको बयान दिएका थिए। बुद्धिमानी छोरीले आफु गाउँमै बस्ने र त्यस्ता अपरिचित तथा चिनिएकै व्यक्तिबाट समेत बालबालिकाहरु बेचबिखनमा पर्ने तथा महिलाहरु समेत पर्न सक्ने भन्दै सजग रहन अभिभावकहरुलाई अनुरोध गरिएको थियो। तालिम समापनमा जागरण ... संस्थापक ...

## शिक्षक तथा अभिभावकसँग अर्न्तक्रिया कार्यक्रम सम्पन्न

... /युनिसेफको आर्थिक सहयोग र महिला तथा बालबालिका बेचबिखन विरुद्ध ... महिला अधिकार शान्ति र सुशासनको लागि ... अभिभावकहरुसँग कोइ...

...नाल गणेशस्थान ... (हाल पाँचखाल... ,१५) मा भुकम्प... र प्रतिरोध क्षमत...

## Protect children's rights: KMC mayor

**Himalayan News Service**

*Kathmandu, June 28*

Kathmandu Metropolitan City Ma... Sundar Shakya has underscored th... take concrete measures to protect ... of children

## बेचविखन विरुद्ध 'नाटक' मा बालबालिका

छन्। उमेर नपुगेका बालबालिका पनि उमेर बढाउँदै दलालको ...

छोरी' नामक नाटक प्रदर्शन... गरेका थिए। भूकम्पबाट घर भ... ...आमाले साहुको ऋण तिर्न ...

प्रभातफेरी साप्ताहिक

.२०७४ कार्तिक ८ गते बुधबार

## क्षमता प्रवर्द्धनका लागि सञ्चार तथा सामाजिक परिचालन कार्यक्रम

धुलिखेल/महिला अधिकार शान्ति र शुसासन जागरण नेपाल द्वारा काभ्रे जिल्लामा युनिसेफको आर्थिक सहयोग तथा एटविनसँगको सहकार्यमा 'भूकम्प प्रभावित

गरिएको सामुदायिक सत्र कार्यक्रममा १३८४ जनाको सहभागिता रहेको छ । सञ्चालित सत्र कार्यक्रममा कार्यरत ३० जना युवा स्वयंम सेवकले उद्घाटन, तथा

सम्बन्धि कानुनी व्यवस्था र स्थानिय संयन्त्रहरु, सामुदायिक युवा अभियान, कार्ययोजना निमार्ण सहित विषय बस्तु समाविष्ट गरि सत्र सञ्चालन कार्य गर्ने

तथा कसरी सुरक्षित जाने अथवा ठगीमा पर्... सम्भावनाबाट कसरी बच्न सकिन्छ भन्... जानकारी सम्म पनि थिएन । यस प्रकारक... सत्रबाट बैदेशिक रोजगारीमा जाने क्रमम...

शुक्रबार १३ साउन २०७४ FRIDAY, JULY 28, 2017

annapurnapost.com

# मानव बेचबिखनविरुद्ध संघर्ष

अलाइना बी. टेपलेट्ज

'सरकारको पहिलो दायित्व आफ्ना नागरिकको संरक्षण गर्न हो।' कोफ्स म्यान जोन

# नाका कटाइँदै बालबालिका

हरिहरसिंह राठौर

धादिङकी सीतामाया छोरीका साथमा रक्सौलस्थित अनाथाश्रममा।

# सुनसरीका सयौं बालबालिका बेचिएको खुलासा

# भूकम्पमा फरार १११ कैदी अझै सम्पर्कबाहिर

# मानव तस्करी पाँच वर्षयताकै उच्च

# कम्बोडियामा महिलाको दूध निर्यातमा प्रतिबन्ध

निकाय युनिसेफले 'यस्तो अभ्यास नाफा र व्यापारिक उद्देश्यका लागि गरिब महिलाको शोषण भएको' बताएपछि सरकारले प्रतिबन्ध लगाएको हो।

# पहिला भारत, अहिले अमेरिकासम्म

# सडक बालबालिकाको भारत तस्करी

# महिला तस्करीमा नयाँ रुट

# मृगौला तस्करीको जालो

## घुम्न जाने बहानामा मृगौला चोरी

नेपाल समाचारपत्र

# वैदेशिक रोजगारीभित्रको मानव बेचबिखन

# हराएकामध्ये एकतिहाइ बालबालिका मात्र फेला पर्छन्

# मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाको समस्या उस्तै

सीता शर्मा

काठमाडौं, पुस १० गते।

# प्रलोभनमा विदेशिने १ सय ९ चेलीको उद्धार

सीताराम चौधरी, कृष्णनगर, कपिलवस्तु

# एटविन गतिविधिका झलकहरू



स्थानीय तहका प्रतिनिधिहरूसँग “बाल संरक्षण तथा श्रमिक अधिकार संरक्षण” सम्बन्धि कार्यक्रम



५ वटा जिल्लाका “सामुदायिक कार्यकर्ताहरूका लागि बैठक सञ्चालन निर्देशिका” विषयक तालिम



“राज्यको पुर्नसंरचना र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन संसोधन” विषयक परामर्श गोष्ठी



मानव बेचबिखन विरुद्धको एघारौं राष्ट्रिय दिवसमा IEC सामग्रीको स्टल, २०७४



“मानव बेचबिखन तथा CSEC न्यूनीकरणका लागि स्थानीय तहको भुमिका” विषयक परामर्श कार्यक्रम



मानव बेचबिखन तथा सुरक्षित स्थानागमन विषयक चेतनामूलक कचहरी नाटक, काभ्रे



मनोरञ्जन क्षेत्रमा कार्यरत संस्थाहरूका लागि कार्यसम्पादन मार्गनिर्देशिका विषयक अभिमुखीकरण



मानव बेचबिखन तथा सुरक्षित स्थानागमन परियोजनाका कार्यान्वयन संस्थाहरूसँग समिक्षा बैठक

# एटविन सूचना तथा स्रोत केन्द्र

**यस स्रोत केन्द्रबाट प्राप्त गर्न सकने सूचनाका विषयवस्तुहरु निम्न रहेका छन् :**

| मानव बेचबिखन | मानव अधिकार | महिला अधिकार | बाल अधिकार |
|---|---|---|---|



**मानव बेचबिखन, मानव अधिकार, महिला अधिकार,
बाल अधिकार तथा महिला विरुद्दको हिंसा विषयक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन एवं दस्तावेजहरू,
अनुसन्धान, प्रतिवेदन, जर्नल, बुलेटिन, ब्रोसर, पोस्टर, पम्पलेट, लिफलेट, पत्रिकाका समाचार संग्रह,
सदस्य संस्थाहरुका प्रकाशनहरू तथा अन्य सम्बन्धित IEC
सामाग्रीहरू उपलब्ध छन् ।**

---

## सूचना तथा स्रोत केन्द्र खुल्ने समय:

दिन : हरेक हप्ता सोमबार देखि शुक्रबार

समय : बिहान १० देखि ५ बजेसम्म

*एटविन सूचना तथा स्रोत केन्द्र प्रयोगका लागि सर्वसाधारणलाई हार्दिक अनुरोध गर्दछौं ।*